# मोदिआइन उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**नवराज भण्डारी**
भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही

**२०६९**

# मोदिआइन उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह

द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

नवराज भण्डारी

भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही

त्रि.वि. रजिस्ट्रेसन नं ६-२-५०-१२९२—२००५, शैक्षिक सत्र २०६६-२०६८, रोल नं ५२००१७


२०६९

**शोधनिर्देशक**
**डा. कपिलदेव लामिछाने**
**सहप्राध्यापक**

**त्रिभुवन विश्वविद्यालय**

# भैरहवा बहुमुखी क्याम्पस

## सिद्धार्थनगर, रूपन्देही

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस स्नातकोत्तर तह नेपाली विभाग दोस्रो वर्षका छात्र श्री नवराज भण्डारीले "मोदिआइन उपन्यासको कृतिपरक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही परिश्रमपूर्वक तयार पार्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली विभाग मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०४/१७

..................
**डा. कपिलदेव लामिछाने**
**सहप्राध्यापक**
शोधनिर्देशक
नेपाली विभाग,
भैरहवा बहुमुखी क्याम्पस,
भैरहवा, रूपन्देही

# कृतज्ञताज्ञापन

नेपाली उपन्यासका विकासमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उल्लेख्य योगदान छ । कोइरालाका उपन्यासमध्ये **मोदिआइन** पनि एक हो । प्रस्तुत शोधकार्य यही उपन्यासको अध्ययनमा केन्द्रित छ । यस्तो उपन्यासको अध्ययन गर्न पाउँदा म उत्साहित छु ।

"मोदिआइन उपन्यासको कृतिपरक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मैले मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारेको हुँ । यस शोधपत्र अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने नेपाली विभागप्रति म कृतज्ञ छु । यो शोधपत्र तयार गर्ने क्रममा अति व्यस्त हुँदा-हुँदै पनि आफ्नो अमूल्य समय उपलब्ध गराई मलाई कदम-कदममा झन्झट नमानी हौसला प्रदान गर्दै प्राज्ञिक निर्देशन गर्नुहुने शोधनिर्देशक नेपाली विभागका प्रमुख आदरणीय गुरु सहप्राध्यापक डा. कपिलदेव लामिछानेज्यूमा हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

यसै गरी यो शोधकार्य सम्पन्न गर्ने क्रममा मलाई बौद्धिक सहयोग गर्नुहुने आदरणीय गुरुहरू सहप्राध्यापक डा. घनश्याम न्यौपानेज्यू, सहप्राध्यापक डा. दामोदर ढकालज्यू, सहप्राध्यापक श्री डिल्लीराज भट्टराईज्यू, उपप्राध्यापक श्री त्रिभुवन बरईज्यू, शिक्षण सहायक श्री कृष्णप्रसाद बस्यालज्यू र शिक्षण सहायक श्री कविता रिजालज्यूप्रति पनि म हृदयदेखि नै आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सुरुदेखि नै आवश्यक सामग्रीहरूको उपलब्धता अनि सल्लाह-सुझाव प्रदान गर्नुहुने श्री छविप्रसाद पौडेलज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो शोधपत्रलाई शुद्धसँग टङ्कन गरी सहयोग गर्नुहुने भान्जा श्री कमलप्रसाद पाण्डेय र बहिनी श्री समिता लामिछानेलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आफ्नो कार्यव्यस्तताका अतिरिक्त घरायसी झमेलालाई एक्लै काँधमा बोकी मलाई उच्च हौसला दिने मेरी जीवन सँगिनी श्री पार्वती भण्डारीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रलाई यथोचित मूल्याङ्कनका लागि भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष हार्दिक अनुरोधका साथ प्रस्तुत गर्दछु ।

नवराज भण्डारी

मिति : २०६९।४।१४

भैरहवा बहुमुखी क्याम्पस,

सिद्धार्थनगर, रूपन्देही

# विषयसूची


| | | |
|---|---|---|
| स्वीकृतिपत्र | | |
| शोधनिर्देशकको सिफारिस | | |
| कृतज्ञता-ज्ञापन | | क-ख |
| विषयसूची | | ग-ङ |
| सङ्क्षेपीकृत शब्दसूची | | च |
| **परिच्छेद एक : शोधको परिचय** | | **१-७** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ६ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ | सामग्री सङ्कलनविधि | ६ |
| १.१० | शोधविधि र सैद्धान्तिक आधार | ६ |
| १.११ | शोधपत्रको रूपरेखा | ७ |
| **परिच्छेद दुई : उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा** | | **८-३१** |
| २.१ | विषयप्रवेश | ८ |
| २.२ | विश्वेश्वरप्रसाद कोइरालाको सङ्क्षिप्त जीवनवृत्त | ८ |
| २.३ | विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्वको सङ्क्षिप्त अभिरेखाङ्कन | १० |
| २.४ | साहित्यकार कोइरालाको कृतित्वको अभिरेखाङ्कन | १३ |
| २.५ | उपन्यासकार कोइरालाको औपन्यासिक यात्रा | १७ |
| २.५.१ | **तीन घुम्ती** (२०२५) | २२ |
| २.५.२ | **नरेन्द्रदाइ** (२०२६) | २३ |
| २.५.३ | **सुम्निमा** (२०२७) | २५ |

२.५.४ **मोदिआइन** (२०३६) २६
२.५.५ **हिटलर र यहूदी** (२०४०) २७
२.५.६ **बाबु, आमा र छोरा** (२०४५) २८
२.६ निष्कर्ष ३१

**परिच्छेद तीन : उपन्यासको सैद्धान्तिक अध्ययन** **३२-४४**
३.१ विषयप्रवेश ३२
३.२ 'उपन्यास' शब्दको अर्थ र व्युत्पत्ति ३२
३.२.१ पूर्वीय साहित्यमा उपन्यासको व्युत्पत्ति ३३
३.२.२ पश्चिमी साहित्यमा नोभेल शब्दको व्युत्पति ३४
३.३ उपन्यासको परिभाषा ३५
३.४ उपन्यासका प्रमुख तत्त्वहरू ३६
३.४.१ कथावस्तु ३७
३.४.२ पात्र ३८
३.४.३ कथोपकथन ३९
३.४.४ परिवेश ३९
३.४.५ द्वन्द्व ४०
३.४.६ भाषा-शैली ४१
३.४.७ उद्देश्य ४२
३.५ उपन्यासको वर्गीकरण ४२
३.५.१ विषयगत आधारमा उपन्यासको वर्गीकरण ४३
३.५.२ शैलीका आधारमा उपन्यासको वर्गीकरण ४३
३.५.३ प्रवृत्तिगत आधारमा उपन्यासको वर्गीकरण ४३
३.६ निष्कर्ष ४४

**परिच्छेद चार : उपन्यास तत्त्वका आधारमा मोदिआइन उपन्यासको अध्ययन** **४५-६२**
४.१ विषयप्रवेश ४५
४.२ मोदिआइन उपन्यासको शीर्षक विधान ४५
४.३ मोदिआइन उपन्यासको कथावस्तु ४६
४.४ मोदिआइन उपन्यासमा पात्र ४८
४.५ मोदिआइन उपन्यासमा कथोपकथन ५१

| | | |
|---|---|---|
| ४.६ | मोदिआइन उपन्यासको परिवेश | ५३ |
| ४.७ | मोदिआइन उपन्यासमा द्वन्द्वविधान | ५४ |
| ४.८ | मोदिआइन उपन्यासको भाषा-शैली | ५६ |
| ४.९ | मोदिआइन उपन्यासको उद्देश्य | ५८ |
| ४.१० | मोदिआइन उपन्यासको दृष्टिविन्दु | ६१ |
| ४.११ | निष्कर्ष | ६१ |
| **परिच्छेद पाँच : मोदिआइन उपन्यासमा परिलक्षियत युगीन सन्दर्भ** | | **६३-७०** |
| ५.१ | विषयप्रवेश | ६३ |
| ५.२ | मोदिआइन उपन्यासको युगीन सन्दर्भ र औचित्य | ६३ |
| ५.३ | निष्कर्ष | ७० |
| **परिच्छेद छ : शोधनिष्कर्ष** | | **७१-७७** |
| ६.१ | विषयप्रवेश | ७१ |
| ६.२ | सारसङ्क्षेप | ७१ |
| ६.३ | शोधनिष्कर्ष | ७२ |
| ६.४ | सम्भावित शोधशीर्षकहरू | ७७ |
| **सन्दर्भसूची** | | **७८-८०** |

## सङ्क्षिप्तीकृत शब्दसूची

| | |
|---|---|
| अनु. | अनुवाद/अनुवादक |
| अप्र. | अप्रकाशित |
| इ | इस्वी |
| एम.ए. | मास्टर अफ आर्टस् |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| डा. | डाक्टर |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| वी.पी. कोइराला | विश्वेश्वरप्रसाद कोइराला |
| वि.सं. | विक्रम सम्वत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "मोदिआइन उपन्यासको कृतिपरक अध्ययन" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) चर्चित साहित्यकार तथा कुशल राजनीतिज्ञ हुन् । साहित्यतर्फ उनले सुरुमा हिन्दी भाषामा कथा लेखेको पाइन्छ र त्यो कथा वि.सं.१९८७ सालको **हंस** पत्रिकामा छापिएको छ । नेपाली भाषामा भने वि.सं.१९९२ सालको **शारदा** पत्रिकामा 'चन्द्रवदन' कथा प्रकाशित भएपछि नै साहित्यमा उनको प्रवेश भएको हो । उनले नेपाली कथाका क्षेत्रमा मनोविज्ञानलाई प्रवेश गराएर साहित्यमा नयाँ मोड दिएका छन् । बहुमुखी प्रतिभाका धनी कोइराला आधुनिक नेपाली कथा र उपन्यास विधाका एक विशिष्ट प्रतिभा हुन् । उनका दुई कथासङ्ग्रह तथा छवटा उपन्यासहरू प्रकाशित छन् । उनका कथा तथा उपन्यासमा मनोविज्ञान र दर्शनलाई कलात्मकताका साथ प्रस्तुत गरिएको छ । कोइरालाको **मोदिआइन** उपन्यास आकारका हिसाबले सानो भए पनि विषयवस्तुको प्रस्तुतिका हिसाबले भने महत्त्वपूर्ण मानिन्छ । गहिरो विषयवस्तुको प्रस्तुति रहेको यस उपन्यासमा गीतादर्शनको सचेत चर्चा गरिएको पाइन्छ । यसबाट के कुरा भन्न सकिन्छ भने **मोदिआइन** उपन्यास एक विशिष्ट र चर्चित रचना हो । यस उपन्यासमा संरचनात्मक विशिष्टता र वैचारिक-दार्शनिक विशिष्टताको उपस्थिति रहेको पाइन्छ । कोइरालाले मोदिआइन उपन्यासको माध्यमबाट समाजमा रहेका विकृति र विस·तिप्रति तीव्ररूपमा असन्तुष्टि प्रकट गरेका छन् । कोइरालाको सबैभन्दा थोरै पृष्ठको उपन्यासका रूपमा आएको **मोदिआइन** उपन्यास विचार र दर्शनले भने सबैभन्दा गम्भीर रहेको छ । कोइरालाका युद्धविरोधी अवधारणा, अस्तित्ववादी चिन्तनप्रतिको आस्था, मानवतावादी भावना र यौन मनोवैज्ञानिक भावचेतनाको सार्थकता बोकेको प्रस्तुत उपन्यास नेपाली उपन्यास

परम्पराको महत्त्वपूर्ण प्राप्ति हो । यति महत्त्वपूर्ण कृतिका बारेमा शोधखोज र अध्ययन भने कम भएको देखिन्छ ।

### १.४ समस्याकथन

प्रस्तुत शोधको मूल समस्या विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासको कृतिपरक अध्ययन हो । यसै मूल समस्याका केन्द्रमा निम्नलिखित प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा केकस्तो छ ?

(ख) उपन्यासका संरचक तत्त्वका आधारमा **मोदिआइन** उपन्यास केकस्तो छ ?

(ग) **मोदिआइन** उपन्यासमा युगीन सन्दर्भ केकस्तो छ ?

### १.५ शोधको उद्देश्य

प्रस्तुत शोध विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित रहेको छ। समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै यस शोधको मूल उद्देश्य रहेको छ । तसर्थ प्रस्तुत शोध निम्नलिखित उद्देश्य प्राप्तितर्फ केन्द्रित रहेको छ :

(क) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्राको लेखाजोखा गर्नु,

(ख) उपन्यासका संरचक तत्त्वका आधारमा **मोदिआइन** उपन्यासको विश्लेषण गर्नु,

(ग) **मोदिआइन** उपन्यासमा परिलक्षियत युगीन सन्दर्भको पहिचान गर्नु,

### १.६ पूर्वकार्यको समीक्षा

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले आधुनिक नेपाली उपन्यासको विकासमा २०२५ सालदेखि उनको जीवन पर्यन्त नै नया" औपन्यासिक मूल्य र मान्यता प्रदान गर्दै आएको कुरो स्मरणीय छ । उनको विशिष्ट औपन्यासिक योगदानको कदर गर्दै विभिन्न समालोचक तथा शोधार्थीहरूले उनका उपन्यासहरूमाथि विभिन्न दृष्टिकोणबाट अध्ययन अनुसन्धान गरी विभिन्न पुस्तक, शोधकृति तथा पत्रपत्रिकाका माध्यमबाट विभिन्न विचार तर्क र निर्क्योलहरू पेस गरेका छन् । यहाँ तिनै पूर्वकार्यहरूको विवरणको संक्षिप्त सारलाई तल प्रस्तुत गरेर हेर्न सकिन्छ :

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०२५) नामक कृतिमा 'नेपाली उपन्यास' शीर्षक अन्तर्गत समालोचना गर्ने क्रममा कोइरालाले **मोदिआइन** उपन्यासमा गीतादर्शनको

निरर्थकतालाई औँल्याउँदै महाभारतको युद्धलाई नै अर्थहीन ठहराएको मत प्रस्तुत गरेका छन् ।

इन्द्रबहादुर राईले **नेपाली उपन्यासका आधारहरू** (२०३१) पुस्तकमा कोइरालाका औपन्यासिक कृतिहरू फ्रायडका मनोविश्लेषणवादी प्रवृत्तिमा आधारित रही जीवनको अस्तित्वको खोजमा केन्द्रित रह"दै उनका उपन्यासहरू अस्तित्ववादी चिन्तनमा आधारित रहेको बताएका छन् ।

कुलप्रसाद कोइरालाको "विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकारिताको मूल्याङ्कन र विश्लेषण" शीर्षकको त्रि.वि., नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (२०३७) मा कोइरालाका **तीन घुम्ती, नरेन्द्र दाइ, सुम्निमा र मोदिआइन** माथिको अध्ययन प्रस्तुत गर्दै **मोदिआइन** गीतादर्शनको नकारात्मक प्रवृत्तिलाई उपन्यासकार कोइरालाले आलोचना गरेर नारी वैधव्यताको कारण नै तत्कालीन महाभारत युद्धलाई मानेको बताएका छन् ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०३९) पुस्तकमा विश्वेश्वरप्रसाद कोइरालाका कृतिहरूमा नारीका सूक्ष्म मनोविश्लेषण, दुई भिन्न संस्कृतिहरूको विवेचना, युद्धविरोधी प्रतीकात्मक चेतना तथा चेतनाको भल बग्ने खालका नारी निर्णयहरू लगायत थुप्रै कुराहरू समावेश भएको र त्यस्ता कृतिहरूले नेपाली साहित्यलाई निकै समृद्ध पारेको कुरा उल्लेख गरेका छन् ।

प्रतापचन्द्र प्रधानले **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि** (२०४०) ग्रन्थमा विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकारिता अस्तित्ववादोन्मुख विस·तिमूलक प्रयोगवादी धाराको सफल प्रयोक्ता मानेका छन् । यस क्रममा **मोदिआइन** उपन्यासको पनि सामान्य चर्चा गरेका छन् ।

कृष्ण धरावासीले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** (२०४८) पुस्तकमा **मोदिआइन** उपन्यासबाट कोइरालाको समग्र जीवनी पढ्न सकिने कुरा उल्लेख गरेका छन् ।

विष्णुकुमारी शर्माले **नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य** (सन् १९९२) पुस्तकमा गीतादर्शनलाई प्रतिपाद्य विषय बनाइएको प्रस्तुत **मोदिआइन** उपन्यास लेख्नुको उद्देश्य अस्तित्ववादी दर्शनलाई व्यक्त गर्नु भएकाले यसको बनोटमा भन्दा विचारधारा प्रतिवादनमा उपन्यासकार अग्रसर भएको टिप्पणी गरेकी छन् ।

शारदा शर्माले "उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारी पात्र तथा तिनका दृष्टिकोण र आकाङ्क्षा" त्रि.वि., नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (२०४९) शीर्षकको शोधपत्रमा यस उपन्यासको मुख्य विषय दोस्रो विश्वयुद्धले छाडेको बर्बर

प्रभावको वर्णन हो भन्दै कोइरालाका प्रत्येक उपन्यासका मूल नारी पात्रहरू आआफ्नै दर्शन धारणा र मान्यतामा पूर्णतया स्पष्ट र परिपक्व त छ"दै छन् । यसका साथ एउटा विशिष्ट वैचारिकताको आग्रह राख्ने आफ्नो युगका विशिष्ट नारीहरूका प्रतिनिधि पात्रहरू रहेको स्पष्ट पारेकी छन् ।

शान्तिप्रियले ‘स्व.कोइरालाको कृतिहरूमाथि छोटो विवेचना’ (**मिर्मिरे**, वर्ष २३, अङ्क ६, पूर्णाङ्क १११, २०५१, मंसिर, पृ. ६७-७२) शीर्षकको लेखमा युद्धको परित्याग र शान्तिको स्थापना **मोदिआइन**को सन्देश हो भन्दै आत्मातत्त्वको विवेचना, युद्धविभीषिकाको परित्याग, शान्तिसन्देश यसको विशेषता रहेको गीता-दर्शनको सूक्ष्म संकेत र व्याख्या भएको, एक अर्थमा यो उपन्यास युद्धका दृष्टिकोणले शान्तिका पक्षमा लेखिएको चर्को घोषणा हो भन्ने कुरा उल्लेख गरेका छन् ।

हरिप्रसाद शर्माले ‘साहित्यकार विश्वेरप्रसाद कोइराला : अराजक कि राजक ?’ (**मधुपर्क,** वर्ष २७, अङ्क ११, पूर्णाङ्क ३१०, २०५१, चैत, पृ. २३-२७) शीर्षकको लेखमा **मोदिआइन** उपन्यास गीता-दर्शनमा आधारित भएको, चिन्तनलाई धर्म निरपेक्ष र जीवन-सापेक्ष रूपमा अभिव्यक्त गरिएको, मानिसले आफूलाई आफ्नै हैसियतमा राख्नु पर्ने र उसले ठूलो बन्ने महत्त्वाकाङ्क्षा छाडेर असल बन्न सिक्नु पर्ने भन्ने कुराको औपन्यासिक सन्देश यो कृतिले प्रस्तुत गरेको बताएका छन् ।

हरिप्रसाद शर्मा (पराजुली) ले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानव नियति र अस्तित्वको द्वन्द्व** (२०५१) पुस्तकमा यात्रावृतान्तका रूपमा प्रस्तुत गरिएको यस उपन्यासको कलापूर्ण प्रस्तुतिमा धार्मिक सांस्कृतिक द्वन्द्वको उपस्थापन गर्न र मानव नियतिको सेरोफेरोमा मानवीय सहानुभूति प्रकट गरी मानिसलाई असल बन्ने अभिप्रेरणा प्रदान गर्न यो उपन्यास सिर्जना गरिएको निष्कर्ष निकालेका छन् ।

जीवनचन्द्र कोइलाले **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा** (२०५३) ग्रन्थमा उपन्यासकार कोइरालालाई मानवतावादी विचारयुक्त लेखकका रूपमा औँल्याउँदै मानवमाथि कुनै विधिको विडम्बनाका नाममा शोषण छ भने विद्रोह गर्न अराजक बन्न र आफ्नो अस्तित्व स्थापित गर्न कोइरालाले **मोदिआइन** उपन्यासमा प्रेरित गरेको कुरा उल्लेख गरेका छन् ।

अभि सुवेदीले **नेपाली लिटरेचर : ब्याक ग्राउण्ड एन्ड हिस्ट्री’** (२०५३) पुस्तकमा उपन्यासकार कोइरालाको औपन्यासिक आगमनबाटै वास्तवमा जीवनप्रतिको यथार्थ दृष्टिकोणहरू प्रस्तुत गर्दै उनका उपन्यासहरूमा यौन चेतनालाई नै मूल मानिएको पाइए तापनि **मोदिआइन** उपन्यासमा यौनभन्दा पर जीवन अरू केही थोक पनि हो भन्ने यथार्थलाई स्पष्ट पारेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) पुस्तकमा यस उपन्यासले धार्मिक विसङ्गतिले जन्माएको नरहत्या माथिको आक्रोशलाई प्रकट गरेको छ भन्दै धर्मका नाममा लुकेर बसेका अन्धआतङ्कको घेराभित्रका विकृतिलाई उद्घाटन गर्ने क्रममा प्रस्तुत उपन्यास जीवन्त बनेको प्रस·लाई उल्लेख गरेका छन् ।

भूपति ढकालले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचारपक्ष** (२०५६) शीर्षकको शोधग्रन्थमा प्रस्तुत उपन्यासलाई कोइरालाले हरेक विचारको स·मस्थल बनाए तापनि उनका सबै विचारहरू मानव अस्तित्व रक्षाका लागि मानवतावादी विचारमा एकीभूत भएका तथ्यहरू उल्लेख गर्दै उनका विचारमा यस उपन्यासको विचार प्रस्तुतिको स्रोत र माध्यम वैविध्यपूर्ण भए पनि तिनको लक्षित पक्ष भने मानवतावादनै रहेको कुरा उल्लेख गरेका छन् ।

कृष्णप्रसाद दाहालले "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान" त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत शीर्षकको विधावारिधि शोधग्रन्थ (२०५७) मा उपन्यासकार कोइरालाले **मोदिआइन**मा मानवतावादी विचारलाई छ्याल्यब्याल्ल पारेको बताएका छन् । यहाँ दाहालले कोइरालाले गीतादर्शनप्रतिको असहमतिलाई मानवतावादी विचारद्वारा जाहेर गरेको उल्लेख गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५८) पुस्तकमा प्रस्तुत **मोदिआइन** उपन्यासलाई संसारमा आजसम्म चलेका देव र दानवका अहम्युक्त लडाइँहरू र शोषणका प्रवृत्तिमा नै आधारित रहेको मिथकीय उपन्यास भनी टिप्पणी गरेका छन् ।

ज्ञानु पाण्डेले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** (२०६२) नामक पुस्तकमा युद्धको विरोधमा आवाज उठाउ"दै मानवताको पक्षमा वकालत गरिएको प्रस्तुत **मोदिआइन** उपन्यासमा कोइरालाको अस्तित्ववादी चिन्तनलाई आफ्नो तर्कको मूल आधार बनाएको टिप्पणी गरेकी छन् ।

यसरी हेर्दा प्रस्तुत **मोदिआइन** उपन्यासको केही अध्ययन भएको देखिन्छ । उपर्युक्त अध्ययनहरू सैद्धान्तिक चर्चा गर्ने तथा ऐतिहासिक रूपरेखा दिने क्रममा भएका देखिन्छन् । **मोदिआइन** उपन्यासका बारेमा भएका अध्ययन सामान्य रूपमा मात्र भएको तर कृतिको समग्र पक्षको अध्ययन भएको पाइँदैन ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यका एक अमर व्यक्तित्व हुन् । उनको **मोदिआइन** उपन्यास नेपाली उपन्यास विधाको एक विशिष्ट कृति हो । नवीन विषय, चिन्तन शिल्पका दृष्टिले यो स्तरीय उपन्यास हो । औपन्यासिक परम्परामा यसको आफ्नै मूल्य र महिमा रहेको छ । यस उपन्यासको गहन विस्तृत र समष्टिमा कृतिपरक अध्ययन नभइसकेकाले कृतिपरक अध्ययन औचित्य देखिन्छ । **मोदिआइन** उपन्यासमा केकस्ता औपन्यासिक विशेषताहरू रहेका छन् भन्ने बारेमा विभिन्न विद्वानहरूद्वारा आआफ्ना धारणाहरू प्रकट गरिए तापनि यस कृतिमा यसअघि अध्ययन भएको देखिदैन । ती सम्पूर्ण विद्वान्हरूको धारणालाई समेट्दै **मोदिआइन** उपन्यासको समग्र अध्ययन गर्नुपर्ने आवश्यकताले पनि यस शोधकार्यको महत्त्व प्रस्ट हुन्छ । यसका साथै यसबाट ज्ञानक्षेत्रको विस्तार भई **मोदिआइन** उपन्यासका बारेमा जान्न चाहने जिज्ञासु पाठक तथा शोधखोजस“ग सम्बद्ध विद्यार्थीका लागि पनि प्रस्तुत शोधपत्र उपयोगी ठहरिनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

विश्वेश्वरप्रसाद कोइरालाले कविता, कथा, उपन्यास जस्ता साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनका प्रकाशित छवटा उपन्यासहरूमध्ये **मोदिआइन** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा प्रस्तुत शोधकार्य सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि आवश्यक सामग्रीहरू मुख्यतया द्वितीय स्रोत अर्थात पुस्तकालयीय विधि अवलम्बन गरी सङ्कलन गरिएको छ । आवश्यकता अनुसार विषय विशेषज्ञ बाट पनि आवश्यक सामग्रीको सङ्कलन गरिएकोछ ।

## १.१० शोधविधि र सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि विश्लेषणात्मक शोधविधि अवलम्बन गरिएको छ । विवेच्य उपन्यासलाई उपन्यासका संरचनात्मक घटकका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

परिच्छेद तीन : उपन्यासको सैद्धान्तिक अध्ययन

परिच्छेद चार : उपन्यास तत्त्वका आधारमा **मोदिआइन** उपन्यासको अध्ययन

परिच्छेद पा“च : **मोदिआइन** उपन्यासमा परिलक्ष्यित युगीन सन्दर्भ

परिच्छेद छ : शोधनिष्कर्ष

सन्दर्भसूची

यी परिच्छेद-शीर्षकलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभक्त गरी प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

## २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाको सङ्क्षिप्त जीवनवृत्त, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अभिरेखाङ्कन प्रस्तुत गर्दै उपन्यासकार कोइरालाको औपन्यासिक यात्राको अध्ययन गरिएको छ ।

## २.२ विश्वेश्वरप्रसाद कोइरालाको सङ्क्षिप्त जीवनवृत्त

१९७१ साल भाद्र २४ गते बनारसमा जन्मेका विश्वेश्वरप्रसाद कोइराला पिता कृष्णप्रसाद कोइरालाका दुईवटी श्रीमतीमध्ये कान्छी दिव्यकुमारीका ज्येष्ठ सुपुत्र हुन् । उनको नक्षत्र गण अनुसारको न्वारनको नाम चूडामणि हो । काशीमा जन्मेको हुँदा आराध्यदेव महादेवको प्रसादस्वरूप मानी ज्येष्ठ पिताजी कालीदासले विश्वेश्वरप्रसाद भनी उनको नाम राखेको पाइन्छ (कोइराला, २०५०:७०) । समाज सुधारको लागि सुझाव दिएको अभियोगमा समाजसेवी कृष्णप्रसाद कोइरालालाई राणा प्रधानमन्त्री चन्द्रशमशेरले देशनिकाला गरिदिएपछि आफ्ना पितासँगै चार वर्षको उमेरमा विश्वेश्वरप्रसाद कोइराला पनि भारतको बनारसमा निर्वासित जीवन बिताउन विवश हुनुपऱ्यो । उनको लेखपढ त्यहीँ भयो । हरिश्चन्द्र विद्यालयबाट माध्यमिक तहको शिक्षा उत्तीर्ण गरे र साथै कलकत्ता विश्वविद्यालयबाट सन् १९३७ मा अर्थशास्त्र विषयमा एम.ए. र बी एल.सम्मको शिक्षा प्राप्त गरेका हुन् ।

विश्वेश्वरप्रसाद कोइरालाका पिताले दुईवटी श्रीमती भित्र्याएका थिए र जेठीपट्टी भू.पू. प्रधानमन्त्री तथा प्रसिद्ध कथाकार मातृकाप्रसाद कोइराला हुन् भने कान्छी पट्टीका जेठो छोरा विश्वेश्वरप्रसाद कोइराला लगाएत उनका अन्य भाइहरूमा केशवप्रसाद कोइराला तारिणीप्रसाद कोइराला र गिरिजाप्रसाद कोइराला हुन् । विश्वेश्वरप्रसाद कोइरालाको विवाह सन् १९३६ मा कमलप्रसाद दाहालकी छोरी सुशीला दाहालसँग भएको थियो । उनका तीन छोरा प्रकाश कोइराला, श्रीहर्ष कोइराला, शशाङ्क कोइराला तथा छोरी चेतना कोइराला हुन् । पिताका राजनैतिक व्यक्तित्वका कारण प्रवासिन वाध्य भएको तथा राणाहरूका घात-प्रतिघातका कारणले सङ्कटमा गुज्रेको पाइन्छ (कोइराला, २०५०:७०)।

बाल्यकालदेखि नै साहित्यिक गतिविधिप्रति अभिरुचि राख्ने कोइरालाले प्राच्य-प्रतिच्य भक्तिकालीन-रीतिकालीन कविता-कथाका साथै आधुनिक समाजिक-मनोवैज्ञानिक

साहित्यप्रति पनि उनको झुकाउ थियो । कथामा उनको ठुलो रुचि थियो कोइरालाको स्वाभाविक साहित्यिक प्रतिभा र प्राप्त व्युत्पत्तिले अभ्यासका माध्यमबाट गाढा गर्ने कलामा अभिव्यक्त हुने बाटो खोजिरहेको थियो । अन्तःपुरका आरम्भ कथाले कार्य-कारणभावको काम गऱ्यो । सुमित्रानन्दन पन्त, प्रसाद र शान्तिप्रिय द्विवेदीका छायावादी-भावप्रधान कविताहरूको आंशिक प्रेरणा अवलम्बन गर्दै राय कृष्णदासको अन्तःपुरका आरम्भ कथाको मूल प्रेरणा र प्रभावमा कथाकार कोइरालाले हिन्दी नाम ‘वहाँ’ दिएर प्रथम लघुकथा (१९८७) लेखे । यो कथा हिन्दी भाषामा लेखिएको छ र यसलाई कोइरालको कथालेखन अथवा साहित्य-साधनाकै पहिलो रचना मानिएको छ (शर्मा,२०५४:१९) ।

हिन्दी भाषाको ‘वहाँ’ शीर्षकको कथा लिएर साहित्यमा प्रवेश गरेका विश्वेश्वरप्रसाद कोइरालाले १९९२ सालमा ‘चन्द्रवदन’ कथा **शारदा** पत्रिकामा प्रकाशन गरी नेपाली साहित्यमा पदार्पण गरेका हुन् । साहित्यमा बहुमुखी प्रतिभाका धनी कोइरालाले **दोषी चस्मा** (२००६), र **श्वेतभैरवी** (२०३९) दुई कथासङ्ग्रह तथा **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहूदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) गरी छवटा उपन्यासहरू प्रकाशित छन् । उनका **आफ्नो कथा** (२०४०), **जेलजर्नल** (२०४५) र **आत्मवृत्तान्त** (२०५५) जस्ता आत्मकथाहरू पनि प्रकाशित छन् ।

राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी हुँ भन्ने कोइरालाले नेपाली साहित्यमा मनोवैज्ञानिकता भित्र्याउने प्रथम कथाकार हुन् । कथाकार मात्र नभएर सिङ्गै सहित्यमा मनोविज्ञानको प्रयोग गर्ने प्रथम सहित्यकार हुन् । कोइरालाको प्रथम कथा ‘चन्द्रवदन’ नै मनोवैज्ञानिक छ । नेपाली साहित्यमा यौन मनो विज्ञानलाई घृणा वा हेय दृष्टिले हेरिने अवस्थामा आफ्ना रचनामा फ्रायडवादी यौनमनोविज्ञानलाई प्रवेश गराएर नेपाली सहित्यमा नवीन शैलीको सुरुवात गर्ने सहित्यकार पनि हुन् । यौनमनोविज्ञान भित्र्याउने प्रथम आधुनिक कथाकार तथा उपन्यासकारका रूपमा देखा परेर यथार्थतर्फ डोऱ्याउने एक कुशल सहित्यकार हुन् । यौनमनोविज्ञान, यथार्थता, सामाजिकता, प्रकृतिप्रेम आदि नै कोइरालाका साहित्यिक विशेषता हुन् । यसका अलवा उनका उपन्यासमा नियति, मानवतावाद, अस्तित्ववाद, मिथकीय आदि विशेषता पाउन सकिन्छ ।

कोइरालाका मुख्यतया साहित्यिक र राजनैतिक गरी दुई व्यक्तित्व प्रखर रूपमा देख्न सकिन्छ । कोइरालाको अध्ययन नै कानुनमा हुनाले त्यहाँ तर्कवितर्क र न्यायका कुरा उठ्ने हुनाले त्यही वातावरणबाट उनको राजनैतिक व्यक्तित्व बलियो हुन पुग्यो । एक कुशल राजनीतिज्ञ र प्रशासक हुन पुगे । राजनीतिज्ञ कोइराला राजनीतिमा राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणीको रूपमा सुपरिचित छन् । साहित्यमा कोइरालालाई साहित्यमा स्थापित गराउने व्यक्तित्व भएर रहेका छन् । विशेषतः कथाभित्र मनोवैज्ञानिक, यौनमनोवैज्ञानिक, यथार्थवादी, सामाजिक विषयलाई महत्त्व दिने कोइराला मनौवैज्ञानिक,

दार्शनिक, मानवतावादी, अस्तित्ववादी, नियतिवादी उपन्यासकारका रूपमा उपन्यासमा चर्चित छन् ।

नेपाली सहित्य र राजनीतिमा दीर्घसेवा गरेवापत कोइराला विभिन्न पुरस्कार तथा सम्मानले विभूषित भएका छन् । उनी २०३८ सालमा साहित्यिक पत्रकार संघद्वारा सम्मानित भएका हुन् । उनको नाममा विश्वेश्वर शताब्दी पुरस्कारको स्थापना, सालिक निर्माण, हुलाक टिकटको प्रकाशन आदिले उनको राष्ट्रिय सम्मान भएको छ । साहित्यकार कोइरालाको प्रथम प्रकाशित नेपाली रचना चाहिँ 'चन्द्रवदन' (१९९२) कथा नै हो । यस कृतिले सुरुमै नेपाली कथालाई उचाइ प्रदान गरेको छ ।

नेपाली साहित्यका माहान् स्रष्टा तथा चिन्तक आख्यानकार विश्वेश्वरप्रसाद कोइराला धेरै कालसम्म घाँटीको क्यान्सर रोगबाट पीडित भई अन्ततः त्यही रोगको सिकार बनी २०३९ साल साउन ६ गते काठमाडौँमा दिवंगत भए । उनको मृत्युले सिङ्गो नेपाली राष्ट्र लगायत नेपाली साहित्यमा नै अपूरणीय क्षति हुन पुगेको छ ।

## २.३ विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्वको सङ्क्षिप्त अभिरेखाङ्कन

नेपाली साहित्यका साधक विश्वेश्वरप्रसाद कोइराला असाध्यै मिलनसार र अर्काको पीर मर्का बुझ्ने खालका व्यक्तित्व थिए । सधैँ चिन्तन, अध्ययनमा डुबिरहे जस्ता देखिने सिकुटे, पातलो शरीर, सिलिक्क परेर लम्चिएको नाम, ठूला-ठूला सभ्य खालका कानले उनको व्यक्तित्वलाई दर्साएका थिए । गहुँगोरो वर्णका कोइरालालाई हेर्दा सन्त पुरुष जस्ता असाध्यै भलाद्मी देखिन्थे (अधिकारी, २०५६:३)। आफ्ना मनका तर्कहरू निडरताका साथ प्रस्तुत गर्ने निडर व्यक्तित्व थिए र शान्तिका पक्षधर कोइराला क्यान्सर जस्तो भयानक रोगले ग्रसित थिए । रोगकै कारणले गर्दा केही भासिएको जस्तो उनको बोलीभित्र पनि केही गर्छु भन्ने भावना सल्बलाएको देखिन्थ्यो (अधिकारी, २०५६:३)।

साहित्य साधक विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो प्रजातान्त्रिक समाजवादी राजनीतिक विचारलाई नेपाली राजनीतिमा मूर्त रूप दिन जसरी सङ्घर्ष गरे सङ्गठन चलाए, साक्षरको नेतृत्व गरे र प्रतिपक्षको राजनीतिक भूमिका निर्वाह गरे । त्यसै गरी साहित्यमा विशुद्ध साहित्यकारिताको निमित्त उच्च साहित्य सृजना गर्नुका साथै विशुद्ध सहित्य चिन्तन प्रतिपादन गरेका छन् । कोइराला विश्वमानव संस्कृतिका पक्षधर मानवतावादी चिन्तक हुन् । उनको यो चिन्तन नेपाली साहित्यमा कथा र उपन्यासका माध्यमबाट अभिव्यक्त भएको छ । मानव अस्तित्व र मूल्यहरूलाई साहित्य स्राष्टा कोइरालाले सफल कलाका रूपमा प्रदान गरेका छन् ।

राजनीतिभन्दा भिन्न रहेका साहित्यकार कोइरालाले आफ्नो साहित्यलाई राजनीतिको दास होइन, विराट भावनात्मक जीवनको उच्च अभिव्यक्ति ठानेका छन् (अधिकारी,

२०५६:२७)। साहित्यमा अभिव्यक्त स्वतन्त्र र कलाकारको स्वतन्त्र लेखनका पक्षपाति कोइरालाले साहित्यिक निष्ठा र कलाको दायित्व यथार्थ अभिव्यक्तिप्रति प्रतिबद्धता व्यक्त गर्न आफूलाई साहित्यमा अराजक ठानेका छन् (अधिकारी, २०५६:२७)। कोइरालाले नेपाली कथा साहित्यको इतिहासमा सर्वप्रथम मानिसको मनोदशा बुझ्नका लागि रमाइला कथाहरू लेखेर नयाँ आधुनिक मोडको थालनी र विकास गरेका छन् भने उपन्यास साहित्यमा वैचारिक उपन्यासहरू लेखेर नयाँ प्रवृत्तिको थालनी र विकास गरेका छन् । उनका कथाहरू समाजले देखको बाहिरी मान्छेको होइन, समाजले नदेखेको भित्री मान्छे वा मानसिक अवस्थाको मान्छेको अन्तर्मन बुझ्नका लागि लेखिएका हुन् भने उपन्यासहरू मानवीय नियति र अस्तित्वलाई अभिव्यक्त गर्न लेखिएका हुन् ।

कोइरालाका निबन्धले आत्मपरक अभिव्यक्तिमा चिन्तन र विचारलाई सहज कला प्रदान गरेका छन् भने कवितामा प्रतीकात्मक अभिव्यक्तिमा चिन्तनको सहज प्राकृतिक सौन्दर्य प्रस्फुटित भएको छ । कोइराला साहित्यलाई कला मर्यादाको सीमाभित्र आबद्ध सौन्दर्यको खुला अभिव्यक्ति मान्दथे । साहित्यका क्षेत्रमा कोइराला एक विशुद्ध स्रष्टा र तटस्थ शिल्पी हुन् । सङ्गति र भावको सम्मिश्रणबाट जन्मेको उच्चतम दर्शनलाई साहित्यको संज्ञा दिन मन पराउने कोइरालाले राष्ट्रियता, मानवता, मानवमूल्य र मानव नियतिको अभिव्यक्तिका निमित्त साहित्य सृजना गरेका छन् । कोइरालाको साहित्य सृजनामा मानव धर्म र कला आदर्शको सङ्गम पाइन्छ (अधिकारी, २०५६:२८)। राजनीति र समाजका बन्धनहरूबाट माथि उठी कला आदर्शको निर्देशन र यसका नियमहरूको अभिव्यक्ति लागि कोइरालाले साहित्य क्षेत्रको विचरण गरेका हुन् । उचित प्रभाव र प्रेरणा प्राप्त गर्न सफल कोइराला प्रथम आधुनिक मनोवैज्ञानिक कथाकार बने, सफल चिन्तनमूलक उपन्यासकार भए, कवि, निबन्धकार बने र सफल साहित्य चिन्तक पनि बन्न सके । विषय प्रस्तुति र शिल्पगत रूपमा नेपाली कथालाई आधुनिकताको पूर्णता प्रदान गर्ने प्रथम प्रतिभा कथाकार कोइराला नै हुन् । कोइरालाले सर्वप्रथम मनोवैज्ञानिक विषय र प्रस्तुतिमा सफल र प्रभावपूर्ण कथाहरू लेखेर नेपाली समाजको विकृतिप्रति व्यङ्ग्य गरेका छन् । नेपाली समाजका मनोरोगी युवायुवती अथवा व्यक्तिहरूको मानसिक अवस्थाका पछाडि मूल कारकका रूपमा रहेको सामाजिक कुरीति, गलत संस्कार, गरिबी वा आर्थिक अवस्थाको रहस्योद्घाटन गरेका छन् ।

कोइरालाले पश्चिमी आख्यान साहित्यमा विकसित भएको फ्रायडीय ढाँचालाई नेपाली कथा साहित्यमा भित्र्याएका छन् । उनले मानवीय मनोदशाको अध्ययनको सेरोफेरोमा उसको नियति मूल्य र जीवनेच्छालाई कलात्मकता प्रदान गरेका छन् । कोइराला मूलतः राजनैतिक व्यक्ति हुन् । नेपालको राजनैतिक इतिहास, चिन्तन र सङ्घर्षपुरुष कोइरालाले सत्तामुखी राजनीतिलाई कहिल्यै महत्त्व दिएनन् । कोइरालाको राजनीति राष्ट्रियता, प्रजातन्त्र, कर्तव्य र प्रतिबद्धताप्रति लक्षित थियो । कोइराला नेपालको प्रजातान्त्रिक राजनीतिक चिन्तनका कुशल स्रष्टा, व्याख्याता र प्रयोक्ता पनि मानिन्छन् ।

कोइरालाको 'राष्ट्रिय मेलमिलाप'को नीति नेपाल र नेपालीप्रतिको कर्तव्यबोधको समसामयिक आवश्यक र निर्विकल्प राष्ट्रिय राजनीतिक अभियान थियो (अधिकारी, २०५६:२९)। वर्तमान राजनीतिक परिवेशमा समेत कोइरालाको राष्ट्रिय मेलमिलापको नीति सान्दर्भिक हुन आउँछ ।

नेपालको प्रजातान्त्रिक राजनीतिक इतिहासको मूल्याङ्कन गर्ने हो भने कोइरालाले २००७ सालमा परिवर्तित प्रजातान्त्रिक सरकारको नेतृत्व गरेर २०१७ सालपछि आजीवन प्रजातान्त्रिक सरकारको पुनः स्थापनार्थ सङ्घर्ष गर्दै प्रतिपक्षका शिखर पुरुषका रूपमा धेरै महत्त्वपूर्ण राजनीतिक कार्यहरू गरे । कोइरालाको राष्ट्रिय मेलमिलाप सम्बन्धी चिन्तन त्यतिबेला प्रकाशमा आयो, जब उनी पञ्चायती शासनको मध्यरातमा आफूलाई सफल प्रतिपक्षका रूपमा समर्पित गर्दै थिए । कोइरालाले राजनैतिक सङ्घर्षका क्रममा सबै किसिमका हतियारहरूको उपयोग गरेका थिए । प्रवचन, सम्बोधन, भेटवार्ता, पत्रव्यवहार, लेख, पुस्तक प्रकाशन, विरोध यात्राको आयोजना र नेतृत्व, भद्र अवज्ञा आन्दोलन र सशस्त्र आन्दोलनको आयोजना र सञ्चालनमा समेत उनी कुशल थिए (अधिकारी, २०५६:२९)।

कोइराला साहित्यकार र राजनीतिक नेता मात्र थिएनन्, चिन्तक पनि थिए । कोइरालाका निम्नलिखित कथनबाट यसको पुष्टि हुन्छ :

> "जनताको राज्य स्थापित गर्नलाई जनताकै सहायता चाहिन्छ ... कुनै वर्ग वा सम्प्रदायसँग हाम्रो शत्रुता कदापि छैन । नेपालमा बस्ने वा नेपालसित कुनै प्रकारको सम्बन्ध हुने सबै व्यक्ति हाम्रा दाजुभाइ हुन् । सम्पूर्ण देशको विकास र उन्नति नै हाम्रो अभीष्ट लक्ष्य हो ... सम्पूर्ण राष्ट्रको उन्नति र अभ्युदयमा नै हामी प्रयत्नशील बनेका छौँ ।" (शर्मा, २०५५:८)।

यसबाट कोइराला राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणी भएको बुझ्न सकिन्छ । उनी स्पष्ट राजनीतिक दर्शनका आधारमा नै नेपाल र नेपालीको हित हुने बाटो पहिल्याउन चाहन्थे । त्यसै कारणले राणाशासनका विरुद्ध क्रान्तिको आह्वान र त्यसप्रतिको जिम्मेवारी निर्वाह गर्न उनी सफल पनि भए । यसै पृष्ठभूमिमा २००३ सालमा नेपाली काङ्ग्रेस पार्टीको स्थापना गर्न उनको अग्रणी भूमिका रहेको पाइन्छ ।

२००७ सालमा कोइरालाले राणाशाहीतन्त्र विरुद्ध सशस्त्र आन्दोलनको नेतृत्व गरे र तिनै गतिविधि र सक्रियताका आधारमा २००७ सालको क्रान्ति सफल भयो । नेपालमा प्रजातन्त्र आयो । त्यसपछि बनेको अन्तरिम सरकारमा कोइराला गृहमन्त्री बनाइए । कोइराला २००७ सालदेखि २०१५ सालसम्म संविधाननिर्माण र आमनिर्वाचनका निम्ति सक्रिय भए । त्यही सिलसिलामा २०१४ सालमा भद्र अवज्ञा आन्दोलन तथा सत्याग्रह गरी २०१५ साल फागुन १ गते नेपाल अधिराज्यको संविधान जारी गराउन र सोही ७ गते आमनिर्वाचन सम्पन्न गराउन पनि उनी सफल भए । त्यस निर्वाचनबाट कोइराला नेपालको

जननिर्वाचित सरकारका प्रथम प्रधानमन्त्री समेत बन्न पुगेका थिए, तर २०१७ साल पुस १ गते राजा महेन्द्रवीरविक्रम शाहको घोषणाले संसदीय प्रजातन्त्र अवरुद्ध भयो । त्यसपछि प्रजातन्त्रप्रेमी जनताले फेरि क्रान्तिको बाटो अपनाउनु पर्ने स्थिति आयो (शर्मा, २०५५:८)।

२०१७ सालदेखि २०२५ सालसम्म सुन्दरीजल बन्दीगृहमा जीवन बिताउनु पऱ्यो, तापनि लेख-रचनाका माध्यमबाट जनतालाई सुसूचित गराउने काम कहिल्यै छाडेनन् । २०३३ सालमा जीवनको कुनै परवाह नगरी मेलमिलापको नीति लिएर भारतबाट नेपाल आए तापनि तत्कालीन समयमा कुनै सुनुवाइ हुन सकेन र उनलाई उल्टै जेल चलान गरियो । कोइरालाले मौकामा अवलम्बन गरेको सशक्त आन्दोलनको बाटो विकल्पहीन बाध्यात्मक क्षणको निर्णयको परिणति थियो, तर कोइराला पक्का गान्धीवादी थिए (शर्मा, २०५४:२२)। शान्तिपूर्ण आनदोलनको विश्वास राख्दथे । देशलाई बचाउने उपाय एउटै मात्र छ, त्यो हो ‘प्रजातन्त्र’ । यही राष्ट्रिय मान्यता राख्ने कोइरालाले पञ्चायती शासनकालमा खतरामा पर्न लागेको मुलुकको राष्ट्रियतालाई अक्षुण्ण कायम राख्न राष्ट्रिय मेलमिलपिको नीतिको परिकल्पना गरेर यस नीति अथवा राजनीतिक चिन्तनभित्र खास गरी राजा, राष्ट्रियता र प्रजातान्त्रीकरणका माध्यमबाट देशलाई आधुनिकीकरणतर्फ उन्मुख गराउने अठोट गरे ( शर्मा, २०५४:३२)।

## २.४ साहित्यकार कोइरालाको कृतित्वको अभिरेखाङ्कन

कोइरालाको निबन्धको फाँट कथा उपन्यासका तुलनामा शिथिल देखिन्छ भने अझ उनका कलात्मक निबन्धको सङ्ख्या भने कविताको तुलनामा ज्यादै कम छन् । कोइरालाको निबन्ध एक-दुई मात्र छन् जौ खासगरी जीवन-दर्शन र कलाको मानयता एवम् उपादेयतासँग सम्बन्धित छन् । अध्ययन गर्न पाइएका निबन्धमध्ये पहिलो निबन्ध ‘मेरो जीवन कथा’ र दोस्रो ‘कला, कलाको लायित्व र मानव जीवन’ हुन् । कोइरालाको ‘मेरो जीवन कथा’ निबन्धलाई **प्रगति** पत्रिकामा आत्मचरित्र भनिएको छ भने **सयपत्री**मा निबन्ध भनिएको पाइन्छ (कोइराला, २०३०:२३४) । यस निबन्धमा कोइराला आफ्नो वस्तुगत संवेदनशील र महत्त्वपूर्ण घटनाहरूको समेत वर्णन गर्न सक्षम देखिएका छन् । लेखनको सहज कल्पनाले वस्तुगत जीवनलाई पर्याप्त भावात्मकता प्रदान गरेकोले यो निबन्ध आत्मपरक देखिन्छ । यस निबन्धमा पिताको राजनैतिक सास्तीका कारण कोइरालाले आफ्नो बाल्यकालीन संवेदनशील घटनाको कलात्मक चित्र प्रस्तुत गरेका छन् र नेपालको चन्द्रगञ्ज वरिपरिको वातावरणलाई आत्मपरक रूपले प्रस्तुत गर्न खोजेका छन् (कोइराला, २०३०:२३४-२३५) । ‘कला, कलाको दायित्व र मानव जीवन’ कोइरालाको सशक्त र महत्त्वपूर्ण बिवन्ध हो । उनले यस निबन्धमा आफ्नो कलाप्रतिको दायित्व वा उद्देश्य र मानव जीवन र कलाको बीचको सम्बन्ध सूत्रलाई उद्देश्य वा दायित्व के हुनपर्छ भन्ने विषयमा स्पष्ट अभिव्यक्ति दिन चाहेका छन् । यो निबन्ध भाव, कला र कलाको उपादेयतासँग सम्बन्धित छ भने शैली वा भाषा सरल, सरस, सहज र परिष्कृत छ ।

यसरी कोइरालाले परिष्कृत शिल्पका माध्यमबाट आफ्ना निबन्धमा भावमूलक र आत्मपरक जीवन कहानीका साथै कलाको वास्तविक स्वरूप र त्यसको उत्तरदायित्व अनि कला र मानव जीवनका बीचको वास्तविक सम्बन्ध सूत्रलाई समेत स्पष्ट पारेका छन् ।

साहित्यकार कोइरालाको कृतित्वको एक पक्ष कविता पनि हो । उनले पन्ध्रबीस फुटकर कविताहरूको रचना समेत गरेका छन् । कथाकार कोइराला व्यक्तिमनोविज्ञानको आधारमा मान्छेलाई निहार्न चाहन्छन्, उपन्यासकार कोइरालाले आफ्नो निश्चित विचार वा धारणा व्यक्त गर्न खोजेका छन् भने कवि कोइरालाले आफ्ना कवितामा प्रतीकात्मकता, दार्शनिकता र कलात्मकतामाथि ध्यान दिएका छन् । कोइरालाको साहित्यिक जीवन हिन्दी गद्य कविताबाट सुरु भएर हिन्दीकै कथातर्फ फर्केको पाइन्छ र भारतका **हंस, विशाल भारत, वीणा,** आदि पत्रिकामा प्रकाशित उनका प्रारम्भिक कालीन कविता र कथाले यस कुरालाई पुष्टि गर्दछन् । कथाकार र उपन्यासकार कोइरालाका तुलनामा कवि कोइराला कम सक्रिय कम उर्वर र कम शक्तिशाली देखिए पनि प्राप्त भए जति उनका कविताहरू भने कम कलात्मक र कम महत्त्वपूर्ण भने छैनन् । विश्वेश्वरप्रसाद कोइरालाको कवि व्यक्तित्व ठूलो प्राप्ति नभए पनि उनको समग्र साहित्यिक जीवनमा कवि व्यक्तित्वको छुट्टै महत्त्व छ । भारतीय स्वच्छन्दतावादी रहस्यवादी काव्यधाराबाट प्रभावित कोइरालाको कवित्वको प्रथम स्फुरण क्षण १९८७ हो । कवि कोइरालाले जीवनमा धेरै कविता लेखेनन् । उनका केवल १३ वटा फुटकर कविता मात्र प्रकाशित छन् । कोइरालाका प्रकाशित कविताहरूको अध्ययन गर्दा प्रकृतिप्रेम, मानवता र प्रणयलाई उनले आफ्नो कविताका विषय बनाएका छन् । विभिन्न किसिमको प्रतीक र बिम्बको संयोजनद्वरा दर्शन र कलाविषयक विचारलाई कवितात्मक रूप दिने रुचि पनि कवि कोइरालामा देखापर्दछ । कोइरालाले कविता मुक्त लयमा रचना गरेका छन् ।

कोइरालाको जीवनीकार व्यक्तित्व अपेक्षाकृत कम चर्चित तर ज्यादै महत्त्वपूर्ण साहित्यक पक्ष हो । २०११ सालमा **प्रगति** पत्रिकामा 'मेरो जीवनकथा' शीर्षकको रचना प्रकाशित भएपछि नै उनको जीवनीकार-व्यक्तित्व पहिलोचोटि सर्वजनिक भएको हो । **प्रगति**मा कोइरालाको प्रस्तुत रचना 'आत्मचरित्र' भनेर छापिएको पाइन्छ । यसै गरी जीवचन्द्र कोइरालाद्वारा सम्पादित **वी.पी. का छरिएका सामग्रीहरू** शीर्षकको पुस्तकमा कोइरालाको उक्त रचनालाई लेख, निबन्ध, संस्मरण र कथा आदि भन्ने शीर्षक अन्तर्गत राखिएको पाइन्छ (घिमिरे, २०६२:१३)। यसरी विभिन्न पुस्तक तथा पत्रिकाहरूले विभिन्न नाम दिएर प्रकाशित गरेका भए पनि यथार्थमा कोइरालाको उक्त **मेरो जीवन कथा** शीर्षकको रचना जीवनी लेखन नै हो र यही रचनाबाट कोइरालाको जीवनी लेखनको यात्रा सरु भएको हो । यस फाँटमा कोइरालाको आर्को महत्त्वपूर्ण उपलब्धिको रूपमा २०४० सालमा **आफ्नो कथा** शीर्षकको कृति देखापर्छ । प्रस्तुत कृतिले कोइरालाको जीवनीकार व्यक्तित्वको पूर्ण उपलब्धिको रूपमा २०५४ सालमा **जेल जर्नल** र **आत्मवृत्तान्त** पनि प्रकाशित भएका छन् ।

नेपाली सहित्यका क्षेत्रमा कोइराला खास गरी कथाकारका विख्यात छन् । उनका कथाको जीवन-चिन्तन मानव-जिजीविषा देखिन्छ । यद्यपि कोइरालाले वैचारिक-मनोवैज्ञानिक उपन्यास, प्रतीकात्मक गद्यकविता, सफल निबन्ध, आलोचना र जीवनी लेखेर बहुमुखी स्रष्टा व्यक्तित्वको परिचय दिएका छन्, तापनि आधुनिक नेपाली कथाको इतिहासमा उनको कथा-लेखनले जेजति नयाँ मूल्य र मान्यताहरूको प्रतिष्ठापन गरेको छ, उपन्यास-लेखनले पनि यो मूल्य प्राप्त गर्न सकेको देखिँदैन । कथाका अगाडि अन्य विधाको योगदान अझ शिथिल देखिन्छ । सुरुमा स्वच्छन्दतावादी सामाजिक कथा-लेखनबाट अनुप्रेरित देखिए पनि कथाकार कोइरालाले आफ्नै संस्कृति परम्परा र समाजका सापेक्षतामा फायडवादी चिन्तनलाई कथामा अभिव्यक्त गरेको पाइन्छ । उनको मनोवैज्ञानिक कलाकौशलले गर्दा संस्कृति सापेक्षवादको स्वीकृतिमा फायडवादी मनोविश्लेष्ण-पद्धतिले आधुनिक नेपाली कथामा सहज अभिव्यक्ति पाएको देखिन्छ । काथाकार कोइरालाले २० वर्षको उमेरतिर १९९२ मा 'चन्द्रवदन' नेपाली कथा प्रकाशन गरी नेपाली कथा साहित्यलाई एउटा नयाँ युगमा प्रवेश गराएका हुन् । त्यो नयाँ युग भनेको मनोवैज्ञानिक युग हो र विश्वकथा सहित्यमा यसभन्दा धेरै पहिले यो प्रयोगमा आइसकेको भए तापनि नेपाली कथामा भने 'चन्द्रवदन'बाट मात्र प्रवेश गर्ने मौका पाएकाले कोइराला नै नेपाली कथाका पहिला मनोवैज्ञानिक कथाकार हुन् । १९९२ मा 'चन्द्रवदन' **शारदा** पत्रिकामा प्रकाशित गरेर कोइराला प्रथम आधुनिक मनोवैज्ञानिक कथाकारको रूपमा स्थापति भएका हुन् । त्यसै कथाको माध्यमबाट नेपाली कथा क्षेत्रमा पनि मानव मनका सूक्ष्म तन्तुहरू केलाउने मनौवैज्ञाकि कथा लेखनको युग प्रारम्भ भएको हो । यसपछि कोइरालाको १९९५ सालमा **कथाकुसुम** भित्र 'बिहा', 'शत्रु' र 'सिपाही' कथा प्रकाशन भए । यो प्रकाशनले कोइरालाको कथा कलालाई सबैले मनन गर्न पाए । २००६ मा कोइरालाको प्रथम कथासङ्ग्रह **दोषी चस्मा** प्रकाशन भयो । यो नेपाली कथा भण्डारको अमूल्य रत्न सावित भएको छ । २००७ सालसम्म कोइरालाको कथा लेखनको गति तीव्र देखिन्छ । यस समयसम्म कोइरालाका झन्डै दुई दर्जन जति कथाहरू देखा परेका छन् । यसपछि कोइराला राजनीति क्षेत्रमा सक्रिय भए र उनको कथालेखन कार्य शिथिल बन्न पुग्यो । उनको २०२८ सालमा 'श्वेतभैरवी' र २०३९ सालमा 'सान्नानी' कथा देखापर्छ । उनै कथाहरूको सङ्ग्रह **श्वेतभैरवी** नामले २०३९ सालमा प्रकाशित भएको पाइन्छ । सङ्ख्यात्मक रूपमा हेर्दा कोइरालाले २६ वटा नेपालीमा र ४ वटा हिन्दी भाषामा कथा लेखेका छन् ।

सरल सहज कथा सृजनाका धनी कोइरालाले समाजमा रहेका व्यक्तिको मूलतः यौनकेन्द्री र अंशतः सामान्य मानसिक विश्लेषणपूर्ण कलात्मक कथाको रचना गरेका छन् । समाजमा रहेका विभिन्न व्यक्तिको समान मानसिकताको अध्ययन गर्नु कथाकार कोइरालाको मूलभूत उद्देश्य हो भने यो कथागत विशेषता उनका सुरुदेखि अन्तसम्मका कथाहरूले वहन गरेका छन् । कोइरालाको कथा सृजनको प्रथम चरण अर्थात् **शारदा**देखि **कथाकुसुम**सम्मका कथाहरूमा रतिरागकेन्द्री मनोविश्लेषणको सङ्केत र सामान्य मनोविश्लेषणको राम्रो नमुना

प्राप्त भएको छ भने दोस्रो चरणका कथामा ‘चन्द्रवदन’को धारणा जस्तै सङ्क्रमणकालीन सामाजिक विचारधाराको सङ्केत छ । यस्तै तेस्रो चरणका कथाहरूले भने कोइरालालाई गम्भीर यौनकेन्द्री, मनोविश्लेषक र सामान्य मनोविश्लेषणका गम्भीर प्रस्तोताका साथै सामाजिक अनैतिक धारणाप्रतिका सफल कालात्म व्यङ्ग्यकारका रूपमा प्रस्तुत गराएका छन् । ‘पवित्रा’, ‘कर्नेलको घोडा’ र ‘दोषी चश्मा’ कथालाई उदाहरणार्थ लिन सकिन्छ । यसैले कथाकार कोइरालाको कथा सृजन यस तेस्रो चरणमा परिमाण र गरिमा दुवै दृष्टिले उल्लेखनीय रहेको छ । चौथो चरणका प्रतिनिधि कथा ‘श्वेतभैरवी’ यौनकेन्द्री मनोविश्लेषणमा आधारित भए पनि अन्य सम्पूर्ण कथाको परिप्रेक्ष्यमा तराईको विस्तृत र व्यापक सामाजिक सांस्कृतिक परिवेशमा लेखिएको छ । त्यसकारण सांस्कृतिक परिवेश र आकार प्रकारको विस्तृत नै यस चरणका कोइरालाका कथाको नवीनता हो र यस चरणको कथा लेखनले उपन्यासकार कोइरालाको कथाकार व्यक्तित्वको उत्तरोत्तर विकासमा नयाँ आयाम थपेको छ । कोइरालाले मानव मनका सूक्ष्म ग्रन्थिहरूको उद्घाटन, परम्परागत रूढिवादी धारणाले ग्रसित यौन पक्षको मनोविश्लेषणद्वारा सम्पूर्ण अध्ययन र सामाजिक कुण्ठा एवं विसङ्गतिहरूलाई सरल एवं सरस तरिकाले पाठक हृदयमा घातप्रतिघात हुन नदिई मानवताको सम्मानपूर्वक चित्रण गर्नु नै कोइरालाका कथात्मक विशेषता हुन् ।

नेपाली कथा साहित्यको विस्तृत इतिहासमा विशिष्ट स्थान प्राप्त गर्न सफल कोइराला उपन्यासको फाँटमा पनि उत्तिकै सशक्त रहेका छन् । **तीन घुम्ती** (२०२५) उनको प्रथम औपन्यासिक कृति हो । यो उपन्यास प्रकाशित भएपछि सहित्यकार कोइरालाको उपन्यासकार व्यक्तित्व पहिलोपल्ट सार्वजनिक भएको हो । उनका **तीन घुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहूदी** तथा **बाबु, आमा र छोरा** गरी छवटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूका आधारमा कोइरालाको उपन्यासकार व्यक्तित्वको विष्लेषण गर्न सकिन्छ । कोइरालाले आफ्ना साहित्यिक सृजनाको उत्तरार्धमा आएर मात्र उपन्यास फाँटमा प्रवेश गरेको देखिन्छ । यसो हुनुमा उनको व्यस्त राजनीतिक जीवन नै प्रमुख कारक हो । देशमा २०१७ सालको राजनीतिक घटना पश्चात् उनले लगातार आठ वर्ष (२०१७-२०२५) सुन्दरीजल जेलमा राजबन्दीका रूपमा जीवन बिताउनु पर्दा जेलको त्यही एकाकी जीवन नै उनको उपन्यास लेखनको मूल उत्प्रेरक बन्न पुग्यो । यद्यपि **हिटरल र यहूदी** उपन्यास आफू प्रधानमन्त्री भएको बेला लेख्न सुरु गरेको भनी उनले आफ्ना केही अन्तर्वार्ताहरूमा उल्लेख गरको पाइन्छ । यस अनुसार उनको उपन्यास-यात्रा २०१६ सालदेखि आरम्भ भएको हो भन्न सकिन्छ, तर समग्रमा उनको उपन्यासकार व्यक्तित्व २०१६-२०२५सम्मको सुन्दरीजल जेलमा बिताएको बन्दी जीवनकै उपलब्धि हो भन्न सकिन्छ । कोइरालाले **हिटलर र यहूदी** पनि जेल जानुअघि सुरुमात्र गरेका हुन् । त्यसमा थप्ने काम पछि जेलमा पनि गरे, तर त्यो उपन्यास उनले कहिले पूरा गरे भन्ने बारे कतै कहीँ उल्लेख भएको पाइन्न । कोइरालाले आफ्नो विशिष्ट प्रतिभाको बलले त्यतिखेर ३ देखि ८ दिनभित्रमा सिङ्गो उपन्यास लेखिसकेको देखिन्छ । प्रकाशनको हिसाबले **तीन घुम्ती** उनको प्रथम

उपन्यास भए तापनि लेखनको हिसाबले उनको यो दोस्रो उपन्यास हो । लेखनकै हिसाबले भन्नुपर्दा उनको तेस्रो उपन्यास **मोदिआइन** हो र यो उपन्यास कोइरालाले २०२० सालको माघ १५, १६ र १७ गरी तीन दिनभित्रमा लेखिसिद्ध्याएका हुन् । त्यसपछि चौथो नम्बरमा कोइरालाले **नरेन्द्रदाइ** उपन्यासको रचना गरे । उनको पाँचौं उपन्यास **सुम्निमा** हो । कोइरालाको **बाबु, आमा र छोरा** उपन्यासमा लेखन मिति उल्लेख भएको पाइँदैन । यसरी साहित्यकार कोइरालाले **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहूदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) जस्ता जम्मा छवटा उपन्यास लेखेका छन् । छवटा उपन्यासलाई धेरै भन्न नसकिएला, तर गुणात्मक हिसाबले कोइरालाका यी उपन्यासहरू नेपाली उपन्यास साहित्यका अमूल्य निधि हुन् ।

## २.५ उपन्यासकार कोइरालाको औपन्यासिक यात्रा

साहित्य र राजनीति दुबै क्षेत्रलाई आफ्नो कर्मथलो बनाएर दुबै क्षेत्रलाई समानान्तर रूपमा अगाडि बढाउन सफल व्यक्तित्व कोइराला साहित्यमा विश्वेश्वरप्रसाद कोइराला र राजनीतिमा वी.पी. कोइराला, सानदाजु आदि नामले पुकारिएका छन् । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक व्यक्तित्वको परिचय उनकै छवटा उपन्यासहरूले दिन्छन् । कोइरालाको औपन्यासिक-यात्रा लेखनसमयका आधारमा २०१३/१४ सालतिरदेखि लिएर २०२५ सालसम्म पुगेको पाइन्छ । जहाँसम्म औपन्यासिक विषय प्रस्तुतिको प्रश्न छ, उपन्यासकार कोइरालाका ती छवटै उपन्यासहरू मूलतः विचारमूलक देखिन्छन् । कोइरालाका उपन्यासहरू प्रकाशन समयका आधारमा क्रमशः **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहूदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) प्रकाशन भएका छन् । कोइरालाका यी उपन्यासहरू विचारमूलक देखिन्छन् । “उपन्यासमा मैले कथा भन्न खोजेको छैन, विचार दिन चाहेको छु । मेरा उपन्यासहरूमा विषयको जुन झिनो रूप आएको छ, त्यो केवल पृष्ठभूमि मात्र हो, धारणाको परिपोषक मात्र हो” कोइरालाको भनाइ छ । यसबाट पनि उनका उपन्यासहरू विचारमूलक देखिन्छन् (ढकाल, २०५६:१३) ।

मूलतः कोइरालाका उपन्यासहरूमा मनोविश्लेषणात्मक, अस्तित्वमूलक, मानवतावादी, नियतिवादी, समन्वयवादी जस्ता विचारहरूलाई केन्द्रविन्दु बनाएर प्रस्तुत गरेको पाइन्छ । कोइरालाको औपन्यासिक प्रस्तुति सैद्धान्तिक पृष्ठभूमि अस्तित्ववाद र फ्रायडवादमा अभिलक्षियत बन्दै विकसित भएको देखिन्छ तापनि उनका अतिरिक्त पूर्वीय र मौलिक चिन्तनका साथ राजनैतिक र साहित्यिक व्यक्तित्वले समेत समन्वयात्मक रूपमा अहम् भूमिका खेलेको तथ्य उनका उपन्यासहरूको उध्ययन गर्दा थाहा हुन्छ ।

उपन्यासकार कोइरालाको औपन्यासिक यात्राको प्रस्थानविन्दु पारिवारिक परिवेश र वाल्यकालमा अनुभव गरेका र भोगेका सुख - दुःख , पूर्णता-अपूर्णता, तीता-मीठा

पहलहरूबाट पूर्णत : अनुप्रेरित भएको पाइन्छ । प्रस्तुत भनाइको पुष्टि उनकै 'अफ्नो कथा' , 'जेल जर्नल' र 'आत्म वृत्तान्त'का अधिकांश कुराहरूले गर्दछन् । आख्यानकार कोइरालाले सर्वप्रथम मानवमनका सूक्ष्मातिसूक्ष्म ग्रन्थिहरूको उद्घाटन् गर्दै परम्परागत रूढिवादी धारणाले ग्रसित यौनपक्षको मनोविश्लेषणद्वारा सम्पूर्ण अध्ययन र सामाजिक कुण्ठा एवं विसङ्गतिहरूलाई सरलतम मार्मिक प्रस्तुतिले पाठक हृदयमा कुनै किसिमको घात-प्रतिघात हुन नदिई सम्मानपूर्वक सफलताका साथ चित्रण गर्नु कोइरालाको कथात्मक वैशिष्ट्य हो । त्यसरी नै उपन्यास विधाको यात्राक्रममा पनि सामाजिक यथार्थतालई पूर्ववर्ती उपन्यासकारहरूको जिम्मा लागएर परम्परागत रूढिग्रस्त मूल्य र मान्यताहरूलाई भताभुङ्ग पारेर नवीनतम सम्भावनाहरूको अन्वेषण गर्दै विश्लेषणात्मक रूपमा नेपाली उपन्यासजगत्लाई गतिशील बनाउँदै मनोश्लिेषण र अस्तित्ववादी विचारको एकै ठाउँमा सहज रूपमा प्रस्तुत गर्न उपन्यासकार कोइरालाका औपन्यासिक विशेषता हुन् । फ्रान्सेली उपन्यासकारबाट प्रभावित कोइरालाले फ्रायडको सिद्धान्त अनुरूप मानवमनका दमित यौनभावनालाई उदाङ्गो पारेर कथाका साथसाथै उपन्यासहरूमा पनि देखाइदिएका छन् । परम्परागत रूढिग्रस्त सामाजिक मूल्य, मान्यता र आस्थाहरूलाई समाप्त गरेर आर्य-अनार्यबीच मानवीय सम्पर्क स्थापित गर्नु र मानवीय भावनालाई स-सम्मान विचारपरक रूपमा विश्लेषण गर्नु उपन्यासकारका विषयवस्तु हुन् ।

उपन्यासकार कोइरालाको लेखन-समय एक दशक पनि नभएको देखिन्छ, किनभने २०१३/१४ देखि २०२१ बीचमा **श्वेतभैरवी**का चार कथा र **मोदिआइन, सुम्निमा, नरेन्द्रदाइ र बाबु, आमा र छोरा** चारवटा उपन्यासहरू २०२१ कात्तिकभित्रै लेखिएको पाइएकाले र **हिटलर र यहूदी** २०१३/१४ सालतिरै लेखिएको हुनुपर्ने आधार भएकाले कोइरालाका उपन्यासहरूको लेखन-समय एक दशक पनि नभएको प्रमाणित हुन्छ । 'वैचारिक धरातल बिनाको उपन्यासको कल्पना गर्न पनि सकिन्न' जस्ता भनाइलाई उपन्यासकार कोइरालाका औपन्यासिक लेखनले जीवनसँग सम्बन्धित विचारगत पृष्ठभूमिमा नै सिर्जिएका छन् ।

मानवमूलक **मोदिआइन** उपन्यास मूलतः गीतादर्शनको सूक्ष्म सङ्केतभित्र महाभारतीय युद्ध विभीषिकाले ग्रस्त भएको अमानवीय पक्षहरूको अन्वेषण गर्दै त्यसको परित्याग मानवीय मूल्य र आदर्श एवम् शान्तिपूर्ण पक्षहरूको अस्तित्वको स्थापना गर्ने सन्देश दिनमा सक्षम रहेको छ ।  तसर्थ प्रस्तुत उपन्यास विचारप्रधान उपन्यासहरूको अग्रस्थानमा देखापर्दछ । कोइरालाले यस उपन्यासमा मानवताका पक्षमा अभिव्यक्त गरिएका जुन विचारहरू छन् । तिनले उनीभित्र मानवतावादी विचार कतिसम्म तीव्र रूपमा विद्यमान रहेछन् भन्ने तथ्यलाई स्पष्ट पार्दछन् ।

कोइरालाको मानवमूलक दोस्रो उपन्यास **हिटलर र यहूदी**मा पनि श्रीकृष्णकै समकक्षी भनिएको हिटलरलाई देखाएर हिटलरका सम्पूर्ण अपराधपूर्ण कृत्यहरूलाई व्यक्त गरिएको छ । यस उपन्यासमा विभिन्न दर्शनहरूको प्रस्तुति, स्वच्छन्द यौनाचारका

कुराहरूका साथै द्वितीय विश्वयुद्धद्वारा संत्रस्त मानवजीवनको यथार्थता प्रस्तुत गर्दै मानवतावादी विचारगत पृष्ठभूमिका आधारमा मानवीय दृष्टिकोण देखाइएको छ । उपन्यासमा मानव-नियति पनि देखाउनुका साथै एक्कै चोटि गुजुल्टिएको रूपमा उपन्यासकारले जीवनमा अनुभूत गरेका विविध विचारहरूलाई अत्यन्तै भावविभोर भएर अभिव्यक्त गर्ने प्रयास गरेका छन् ।

संस्कृतिमूलक कोइरालाको **सुम्निमा** उपन्यासमा प्राकृतिक सहजता, मनोदैहिक स्वतन्त्रता र मानवीय नैसर्गिक मूल्यको स्थापनामा नै सम्पूर्ण उपन्यास केन्द्रीभूत रहेको पाइन्छ । तसर्थ उपन्यासको मर्मलाई केलाएर अध्ययन गर्दा निष्कर्षमा 'समन्वयवादी विचार'मा पुगिन्छ, जुन **सुम्निमा** उपन्यासको सारभूत प्रस्तुति नै हो । कुनै पनि विचार एक्लैमा पूर्ण छैनन्, सबै अपूर्ण नै छन् । तसर्थ नवजीवन सुखमय वनाउनका लागि आध्यात्मवाद र भौतिकवादको समन्वय हुनैपर्दछ भनेर त्यसको कार्यान्वयन समेत गरेरै उपन्यासको संयोजन गरिएको छ ।

नारीमूलक उपन्यास **तीन घुम्ती**मा नारीका तीन रूप प्रेमिका, पत्नी र मातृत्व प्रदर्शित भएको यस उपन्यासमा प्रेमीका र पत्नीभन्दा मातृत्व नै नारी अस्तित्वको आधार देखाइएको छ । यो उपन्यास नयाँ मूल्य, मान्यता र आस्था लिएर देखापरेको छ । यसैगरी **नरेन्द्रदाइ** उपन्यासमा दैहिक र आत्मिक प्रेमका प्रतीक नरेन्द्र, मुनरिया र गौरीका माध्यमबाट त्रिकोणात्मक प्रेमको अभिव्यक्ति गर्ने क्रममा नियति र परिस्थितिको चक्रमा पेलिएका पात्रहरू प्रस्तुत गर्दै अस्तित्ववादी र नियतिवादी विचारको आफ्नै मौलिक भावभूमिमा प्रयोग भएको पाइन्छ । **बाबु, आमा र छोरा** उपन्यास पनि नारीमूलक उपन्यास हो । यो प्रेमको सत्ता असन्तोष र अतृप्तिमा होइन, सन्तोष र तृप्तिजन्य भावनामा सार्थक बन्न सक्दछ भन्ने विचारगत तथ्य बोकेर प्रस्तुत भएको छ ।

सारभूत रूपमा भन्नुपर्दा कोइरालाको विचारगत औपन्यासिक-यात्रा मूलरूपमा मनोविश्लेषणमूलक अस्तित्ववादद्वारा नै परिचालित भएको पाइन्छ । तसर्थ उपन्यासकारका रूपमा कोइराला दार्शनिक, चिन्तक, विचारक, बौद्धिक र तार्किक प्रविृत्तिका उपन्यासकार भनेर नेपाली साहित्यको औपन्यासिक क्षेत्रमा उनी बहुचर्चित बन्न पुगेका हुन् । यसरी कोइराला बहुचर्चित बन्नुको करणहरूमा उल्लिखित सबै प्रवृत्तिहरू कुनै उपन्यासमा पूरै र केहीमा विषयगत प्रस्तुति आवश्यकता अनुरूप चर्चा-परिचर्चा हुन गएकाले उनका छवटै उपन्यासहरूमा विचार प्रस्तुति वैविध्यपूर्ण हुन गएको यथार्थता सबै उपन्यासहरूको अध्ययन गर्दा थाहा हुन्छ । यसर्थ कोइरालाका छवटै उपन्यासहरूको विषयवस्तु, उद्देश्य र निर्माण भिन्न-भिन्न जस्ता देखिए झैँ उनको वैचारिक धरातल फरक-फरक पनि हुन सक्दछ । जहाँसम्म उनको मनौवैज्ञानिक दृष्टिचेत र अस्तित्ववादी दृष्टिचेतको कुरा छ, छवटै उपन्यासहरूमा मूलतः नियति-संश्लिष्ट भएर स्वाभाविक रूपमा नै प्रस्तुत भएको पाइन्छ । त्यसैले गीता-दर्शनसँग सम्बन्धित भनिएको **मोदिआइन** तथा **हिटलर र यहूदी** जस्ता

उपन्यासहरूमा पनि मानसिक संवेदनाहरू र अस्तित्व चेतनाहरू स्वाभाविक रूपमा मुखरित भएका देखिन्छन् भने **सुम्निमा**, **तीन घुम्ती**, **नरेन्द्रदाइ** र **बाबु, आमा र छोरा** जस्ता चारवटा उपन्यासहरूमा उनको उत्कर्षमा बढी नै प्रभावकारी रहेको देखिन्छ । सारांशमा भन्नुपर्दा उपन्यासकार कोइराला नियतिवादी, समन्वयवादी र नीतिवादी जस्ता त्रिकोणत्मक वैचारिक प्रस्तुतिको माध्यमबाट मनोविश्लेषणात्मक अस्तित्वपरक मानवतावादी विचारकका रूपमा आफ्ना विचारहरू सशक्त र कलात्मक शैलीमा अभिव्यक्त गर्ने सर्जक हुन् भन्ने वास्तविकतालाई उनका छवटै उपन्यासले प्रमाणित गरिदिएका छन् ।

अस्तित्ववादी सन्दर्भको रूपमा हेर्दा कोइरालाले **मोदिआइन, हिटलर र यहूदी, सुम्निमा, तीन घुम्ती र नरेन्द्रदाइ** उपन्यासहरूमा अस्तित्ववादी विचार सशक्त रूपमा प्रस्तुत गरेका छन् । उनको **बाबु, आमा र छोरा** उपन्यास पनि अस्तित्ववादी विचारबाट विमुख छैन । त्यसैले कोइराला अस्तित्वादी उपन्यसकार भएकाले उनको औपन्यसिक-लेखन पूर्णत : अस्तित्ववादी विचारबाट अनुप्रेरित भएको देखिन्छ ।

कोइरालाका उपन्यासहरू कुनै एउटा मात्रै विचारलाई आधार बनाएर लेखिएका पाइँदैनन् । तसर्थ कोइरालाका उपन्यासहरूलाई यथार्थवाद अन्तर्गत आउने मनोविष्लेषण, यौन, जीवत्व, नैतिकता, विसंगति, नियति, स्वच्छन्दता र मानवताका सन्दर्भमा औपनयासिक मूल्यको अध्ययन-विश्लेषण गर्नु आवश्यक छ । वस्तुतः प्रथम र द्वितीय विश्वयुद्धहरूले युरोपीय भूमिमा ल्याएको अस्तित्ववादी लहरले ईसाको बीसौँ शताब्दीको पाँचौँ दशकको सुरुकै वर्षहरूमा साहित्यमा एउटा हलचल नै मच्चाएर क्रान्ति नै गऱ्यो । परम्परागत मान्यता र मूल्यको विरोधमा व्यक्तिगत स्वतन्त्रतामाथि जोड दिँदै मानवमुक्तिको शङ्खघोष गर्ने सार्त्र, काम् जस्ता अस्तित्ववादी चिन्तकका प्रभावमा आफ्नै मौलिक अस्तित्ववादी विचार प्रस्तुत गर्ने कोइरालाका उपन्यासहरूको अध्ययन गर्दा थाहा हुन्छ । त्यसैले कोइरालाका विचारमा "व्यक्ति समाजको सदस्य मात्र होइन, उसको आफ्नै अस्तित्व र महत्त्व पनि हुन्छ" भन्ने जस्ता विचारगत मान्यता नै अस्तित्ववादी सन्दर्भमा कोइरालाको औपन्यासिक लेखनको पृष्ठभूमि हो (शान्तिप्रिय, २०५१:६७)।

उपन्यासकार कोइराला कथामा जस्तै उपन्यासमा पनि फ्रायडवादी यौनसिद्धान्तको प्रयोग गर्ने उपन्यासकारको रूपमा सुपरिचित छन् । कोइरालाका उपन्यासहरू पढ्दा कस्तो अनुभव हुन्छ भने उनी जुनसुकै रूपले भए पनि घुमिफिरी यौनकै चर्चा गर्न पुग्छन् । त्यसैले झट्ट हेर्दा कोइराला यौनमय देखिन्छन् । जुन उनका जीवनको एउटा सशक्त पाटो नै हो । साहित्यकार कोइराला पनि यस परिसीमाबाट बाहिर नपर्नु स्वाभाविक प्रक्रिया मान्नु पर्दछ । कोइरालाको व्यक्ति-जीवनलाई हेर्दा पनि यौनका सम्बन्धमा उनी निस्पृह बन्न नसकेको पाइन्छ । त्यसको छाया २०१७ सालको दुर्भावनापूर्ण राजनैतिक दुर्घटनामा समेत परेको देखिन्छ । यसर्थ प्रस्तुत भनाइ रहस्यमय नै छ, तापनि कतिसम्म भनिहाल्न सकिन्छ भने व्यक्ति-जीवनका हरेक क्रियाकलाप वा स्वभावका प्रतिछाया उनका साहित्यिक कृतिहरूमा

सोझो-घुमाउरो किसिमले कुनै न कुनै रूपमा परिरहेकै हुन्छ । तिनलाई कृतिगत रूपमा विश्लेषकीय दृष्टिद्वारा विश्लेषकले विश्लेषण गरेर हेर्न सक्नु पर्छ, ठम्याउन सक्नु पर्छ, प्रस्तुत गर्न सक्नु पर्छ (घिमिरे, २०६२:१८)।

कोइराला नेपाली साहित्यमा मनोविज्ञानलाई प्रवेश गराउने प्रथम व्यक्तित्व हुन् । उनले सर्वप्रथम मनोविज्ञानको प्रयोग ‘चन्द्रवदन’ कथामा गरेका छन् । नेपाली आख्यान साहित्यको यात्रामा यात्रारत आख्यानकार कोइरालाका १९९२ देखि २०४५ सम्म आइपुग्दा ‘होड’ सहित छब्बीसवटा कथा र छवटा उपन्यासहरू प्रकाशित भएका छन् । यसरी प्रकाशनको आधारमा त्रिपन्न वर्ष जति आख्यान साहित्यका क्षेत्रमा यात्रारत कोइराला कथा र उपन्यासमध्ये उनका छवटै उपन्यासहरूमा मनोवैज्ञानिक पक्षको प्रयोग भएको छ ।

समग्रमा कोइरालाका उपन्यासहरू अध्ययन गर्दा के थाहा हुन्छ भने प्रत्येक उपन्यास एक अर्काबाट पृथक् र मौलिकता सहित तिनीहरूले आआफ्नो स्थिति कायम गर्न खोजेका छन् । बेग्ला-बेग्लै व्यक्तिका दाजु-भाइहरूमा देखिने भिन्नता जस्तै भिन्नता भित्रै उनीहरूमा पाइने समानता जस्तै कोइरालाका उपन्यास छन् । तसर्थ कोइरालाका प्रत्येक उपन्यासहरू अस्तित्ववादी यौनमनोवैज्ञानिक नेपाली उपन्यासमा मौलिक पहिचान गराउन सफल छन् । त्यसैले उपन्यासमा कोइरालाले युगीन चिन्तनको सशक्त अभिव्यक्ति प्रस्तुत गरेका छन् । यसलाई कोइरालाको औपन्यासिक यात्रामा मौलिक चिन्तनको प्रमुख पक्ष हो भन्न सकिन्छ । फ्रायडवादी मनोविष्लेषणबाट साहित्यमा यात्रारत भएका कोइराला नैतिकवादी चिन्तनमा आएर अडिन्छन् । कोइरालाको जीवनको उत्तरार्धतिर लेखिएर प्रकाशित भएका उपन्यासहरू मूलतः नैतिक र विचार-प्रधान छन् ।

सारभूत रूपमा भन्नुपर्दा साहित्यक यात्राको सुरुमा मनोविश्लेषण र त्यसपछि अस्तित्ववादी सर्जक बनेका कोइरालाको सम्पूर्ण आर्जन नै मानवीय मूल्य, मान्यता र आस्थाको अन्वेषणमा नै यात्रारत भएको पाइन्छ । कोइरालाको त्यो यात्रा मानवतावादले र राजनीतिले तयार गरेको प्रतिफल हो । साहित्यिक यात्राको सुरुमा उनी मनोविश्लेषणवादी विचारले उनुप्रेरित छन् । लेखनको उत्तरार्धतिर आपुग्दा सार्त्रको अस्तित्ववादी विचारबाट कौइरालाका उपन्यासहरू उभिप्रेरित भएर लेखिएका देखिन्छन् । कोइरालाका सम्पूर्ण उपन्यासका प्रमुख पात्रहरू मानवतावादी चरित्रले यक्त अहिसाको नैतिकताले प्रतिवपादित छन् । यथार्थमा कोइरालालको औपन्यासिक यात्राले विश्राम लिएको छ ।

कोइराला नेपाली उपन्यास साहित्यको क्षेत्रमा विशिष्ट योगदान प्रदान गर्ने चम्किला नक्षत्र हुन् । आफ्नो कारावासको समयमा समेत उपन्यास लेखनलाई निरन्तरता प्रदान गर्दै उनको उपन्यास-यात्रा अघि बढेको पाइन्छ । मान्छेले नदेखेको भित्री मनस्थितिको चिरफार उनका उपन्यासमा प्रसस्तै मात्रामा भएको छ । अर्थात् बाहिरी समाजभन्दा तटस्थ रहेको मान्छेको मानसिक अवस्थाको चित्रण गर्ने कोइराला प्रत्यक्षरूपमा फ्रायडबाट प्रभावित

भएको पाउन सकिन्छ । आफ्नो छोटो जीवनकालमा समेत नेपाली साहित्यको सिर्जनामा विशिष्ट योगदान दिन सफल कोइरालाका उपन्यास-यात्रालाई विभिन्न चरणमा विभाजित गरी हेर्न सकिन्छ :

### २.५.१ तीन घुम्ती (२०२५)

उपन्यासकार कोइरालाका उपन्यासहरूमध्ये पहिलो प्रकाशित उपन्यास **तीन घुम्ती** (२०२५) हो । परम्परागत मान्यताप्रति एकछिन पनि तटस्थ हुन नसक्नेका लागि **तीन घुम्ती** उपन्यास नपच्न सक्छ । हाम्रो नैतिक आदर्शसित नमिल्ने आचरण सहज ग्राह्य हुन सक्दैन । समाजबाट स्वीकृत नहुन्जेलसम्मका लागि अनैतिक ठहरिने कुरा मान्य हुनासाथ नैतिक हुनबाट त्यसको मौलिक स्वरूपमा कुनै अन्तर हुँदा यसलाई विधि-निषेधको परिसीमाभित्र राख्नु पर्ने हुन्छ । **तीन घुम्ती** उपन्यासको मुख्य नायिका इन्द्रमाया हुन् । यस उपन्यासमा प्रस्तुत भएका पात्रहरू : रमेश, पीताम्बर, इन्द्रमायाकी आमा, पसल्नी बूढी, पसल्नी बुढीकी नातिनी रमा, इन्द्रमायाकी छोरी, रमाको पुरुष साथी आदि रहेका छन् ।

उपन्यास पूरै नारी समस्याप्रति केन्द्रित छ । उपन्यासकारको पूरै सहानुभूति इन्द्रमायाप्रति खनिएको छ । इन्द्रमायाकै जीवनका घटनाहरूको वरिपरि उपन्यास घुमिरहन्छ । कोइराला भन्छन् : **तीन घुम्ती**मा मैले नारी समस्या प्रस्तुत गर्न खोजेको छु (कोइराला, २०३०:२३४)। इन्द्रमाया **तीन घुम्ती**मा ज्यादै विद्रोहिणी छन् । उनले प्रेमकि, पत्नीत्व र मातृत्वका तीन चरण पार गरी विद्रोह गरिन् । इन्द्रमायाले कुनै पनि स्थितिमा सहारा पाउँदिनन् । कतिसम्म भने मातृत्वको अन्तिम प्राप्ति बोकेर घर छोडेर हिँडेको बेलामा पनि इन्द्रमाया सहाराहीन नै देखिन्छिन् । त्यसैले **तीन घुम्ती**ले नारीको वास्तविक अस्तित्वको समस्या हेर्न खोजेको छ न कि कथा नै भन्न (शर्मा, २०४०:३४) ।

इन्द्रबहादुर राईका भनाइअनुसार इन्द्रमायको पीताम्बरसँग विवाह गर्ने निर्णय, रमेशसँगको शारीरिक संसर्गको निर्णयहरू अस्तित्वका कार्यहरू हुन् । र यी सार्त्रको अस्तित्ववादी विचारधारासँग ठयाम्मै मिल्न जान्छ । सार्त्रको भनाइ अनुसार मानिस आफ्नो निर्णय आफैं गर्छन् र ऊ आइपरेका विसङ्गतिमूलक आघात प्रतिाघासँग सङ्घर्ष गर्छ भन्छन् भने **तीन घुम्ती**का इन्द्रमायाका टङ्कारा १६, २५ र २७ वर्षे घुम्तीहरू पनि यस्तै स्वतन्त्र निर्णयका सङ्घर्षहरू हुन् । आफ्ना वैचारिक जीवनमा आइपरेका विसङ्गतिमूलक घातप्रतिघातका प्रतिशोधक हुन् (राई, २०३१:२५०-२५१) ।

पुरुष प्रधान समाजमा नारीको मर्यादा पक्षको उद्घाटनप्रति उपन्यासकार बढी सचेत छन् । आफ्नो अस्तित्वप्रति जागरुक इन्द्रमायाका बारेमा कोइराला भन्दछन् :

> **तीन घुम्ती**मा इन्द्रमाया त्यस्ती युवती हो, जसका अगाडि पीताम्वर एउटा सानो मान्छेमात्र हो । जसले गरेका निर्णयहरूका लागि इन्द्रमायालाई ठूलो मान्नु पर्दछ । यदि

इन्द्रमाया जस्ती साहसी नारी हाम्रो समाजमा कतै छन् भने तिनका प्रति मेरो आदर छ ( आचार्य, २०५३:८५)।

समग्रमा भन्दा **तीन घुम्ती** एक सशक्त उपन्यास हो, जसले नारीको अस्तित्व खोतल्ने प्रयास गरेको छ । इन्द्रमाया पीताम्वरसँगको सहवासमा एक पत्नीको प्रचलित सामाजिक आदर्शप्रति सचेत देखिन्छन्, तर तेस्रो निर्णय रमैशसँगको सम्बन्ध स्थापनामा देखिएको वैचारिक द्वन्द्व र त्यसपछिका यावत स्थितिहरू उनले जीवनमा आफ्नै 'स्व' सित सङ्घर्ष गरिरहनु पर्ने स्थितिको अस्थिर चरित्र उनमा पाइन्छ । जे होस्, **तीन घुम्ती** नेपाली उपन्यास परम्परामा देखापरेको सशक्त वैचारिक उपन्यास हो, जसले परम्परागत मान्यताको विरोधमा एउटा नयाँ आदर्शको बीजारोपण गरेको छ ।

### २.५.२ **नरेन्द्रदाइ** (२०२६)

**नरेन्द्रदाइ** उपन्यास उपन्यासकार कोइरालाको एक सफल उपन्यास हो । यस उपन्यासमा उपन्यासकार कोइरालाले थुप्रै पात्र र घटनाहरूको संयोजन रहेको छ । कोशीको वरपरको सामान्य वातावरणीय विश्लेषण र तराईको सामान्य परिवेशको आवरणभित्र समेटिएको यस उपन्यासका मुख्य पुरुष पात्र नरेन्द्र हुन् । गौरी र मुनरिया मूल नारी पात्र हुन् । त्यस्तै अन्य पात्रहरूमा सान्नानी, फगुनी, राम्पियारी, महारानी दिदी, जुन्तुनानी, कप्तानी आमा, आमा, भान्छे बाहुनी, नजरीयाकी दुलही, फुपू आदि नारी पात्रतर्फ रहेका छन् भने पुरुष पात्रहरूमा सानोबाबु, दीनानाथ, लखन मडरको छोरो, गाडीवान, भटना, बाबुसाहेब, मिठु, पिताजी, भान्दाइ, सार्की, कप्तानबा, लक्ष्मनीया, मुनरियाको बाबु र दुलाहा, फुफूका छोरा भतिजाहरू, लेलहा, जौहरी, बयलवान, डाक्टर आदि हुन् ।

यस उपन्यासका चरित्रहरू निर्दोष छन्, तर पनि उनीहरूले दोषको भागिदार बन्नु परेको छ । यस उपन्यासमा गौरी नरेन्द्रकी धर्मपत्नी हुन् । गौरीको शारीरिक अङ्ग विकासको अभावले नरेन्द्रमा यौन विकर्षण पैदा गरिदिएको छ, पछि नरेन्द्रसँग यौन आकर्षण चाहने गौरी नरेन्द्रको यौन विकर्षणबाट पीडित छे । गौरी समाज, धर्म र परिस्थितिबाट प्रभावित जीवनका यावत् घटना र आकस्मिकतालाइ नियतिको लेखा सम्झेर चुपचाप सहन्छिन् र यही सहनशीलतामा नै आफ्नो जीवनको सार्थकता भेट्टाउँछिन् । दुःखको बेलाम त उनीप्रति करुणार्द्र हुने ठाउँ छँदैछ भने पनि फर्केर आपछि उनले पाएको सुख पनि ज्यादै हृदयविदारक लाग्छ । नरेन्द्र दाइ भिन्नै परिस्थितिले ठेट्न्याएको विवश मान्छेका रूपमा देखिन्छन् । यौन विकर्षणका कारण नरेन्द्र रुखो र कठोर बन्दै गइरहेका हुन्छन् । विस्तारै-विस्तारै नरेन्द्र घरकी दासी मुनरियातर्फ आकर्षित हुन थाल्दछन् र एकदिन मुनरियालाई लिएर घर नै छाडिदिन्छन् ।

**तीन घुम्ती**की इन्द्रमाया र मुनरियाको प्रकृति स्वभावका बीच निकै सादृश्य छ । इन्द्रमाया जस्तै उनी भन्छिन् हाम्रो प्रेम नै अप्ठ्यारो किसिमको थियो, समाजको मर्यादा

भन्दा बाहिरको यदि समाजका मर्यादाहरूको रक्षा गर्नेपट्टि म लागेकी भए मेरो प्रेम, प्रेम नै हुने थिएन। (**नरेन्द्रदाइ, ७२-७३**)

नरेन्द्रले केवल यौन क्षुधा शान्त गर्नका निम्ति मुनरियासँग प्रेम गरेनन् । प्रेमका प्राप्तिमा शरीर र आत्मा दुवैका आवश्यकता हुन्छ, मुनरियामा उनले दुवै थोक भेटे । मुनरियाले पनि नाफा र नोक्सानको हिसाब गरेर प्रेम गरिनन् यहाँनिर मुनरियाप्रति लेखकको सहानुभूति रहेको छ ।

यस अपन्यासका पात्रहरू नरेन्द्र, गौरी र मुनरिया एक अर्कालाई सुखसँग बाँच्न पनि दिँदैनन् र स्वयम् पनि बाँच्न सक्दैनन् । यसलाई मानवीय स्वभाव नभई मानवीय नियति स्विकारिएकोमा इन्द्रबहादुर राई भन्छन् :

> "विसङ्गतिको सुनियोजित प्रस्तुतीकरण हो यो र नरेन्द्र र गौरी आदिले पाउनु परेको मानवीय नियतिभन्दा उपन्यासकारको आन्तरिक एकालापले बढ्ता उपन्यासलाई विसङ्गतिवादी तुल्याइदिएको छ (राई, २०३१:२६८)।

मानवीय आकाङ्क्षाहरूको हार र उपन्यासकारको विसङ्गति अर्थहीनमा र शून्यमा महसुसलाई राईले निस्सारताको प्रोज्ज्वल उदाहरण मानेका छन् । उनको धारणा अनुसार **नरेन्द्रदाइ** नेपालीमा राम्रो उपन्यास हो । नेपालको तराई प्रान्तको वातावरणको मनमोहक चित्र यहाँ प्रस्तुत छ जब कि **तीन घुम्ती**मा वातावरण को त्यस्तो प्रस्तुतीकरण छैन । इन्द्रमायाका सबै स्वकृत स्थितिको चित्रण मात्र छ (राई, २०३१:२६८)।

यस उपन्यासका पात्रहरू सबै स्थिर चरित्रका छन् । **नरेन्द्रदाइ** बाह्य रूपमा अस्थिर देखिए पनि उनको मूलभूत प्रवृत्ति स्थिर नै हो । पत्नीलाई सुख दिन्छु भनेर उनी गाउँ फर्केनन् न त मुनरियाले दु:ख पाओस् भनेर नै उनलाई छाडे । आफ्नो प्रेमको शरीरको आवश्यकता हेरेर उनले हरेक निर्णय लिएका छन् । गौरी सुरुदेखि अन्त्यसम्म पत्नीत्व सामाजिक आदर्श र मर्यादाबाट आफूलाई गौरवान्वित ठान्छिन् भने मुनरिया नरेन्द्रबाट पाएको प्रेमको सुखका विषयमा दृढ छन् । यसरी नरेन्द्रदाइका सबै पात्रहरूले आ-आफ्नै बलिया मान्यता र सुदृढ धारणा बोकेको पाइन्छ ।

सानोबाबु उपन्यासको आन्तरिक प्रथम दृष्टिावन्दु चरित्रका रूपमा छन् । उनेका माध्यमबाट सारा कथा विगतको सम्झनाका रूपमा प्रस्तुत गरिएको छ । आन्तरिक तृतीय पुरुष दृष्टिविन्दु चरित्रहरू गौरी, मुनरिया र नरेनद्रदाइ हुन् ।

उपन्यासको अन्तिम-अन्तिम अवस्थामा गौरीको जीवनमा अप्रत्याशित सुख आइलागेको सन्दर्भमा उनी निश्चय नै विक्षिप्त भएकी छन् तर उनको हृदयले आफू प्रवञ्चित भएको अनुभव गरेको छैन । यही स्थिति मुनरियाको छ । जीवनमा उनले भोगेका

दुःख-सुख र त्यसको विश्लेषण गरी निकालिएके सार सङ्क्षेपमा जीवनको औचित्य परिवर्तनकारी नियतिमा विश्वास गर्ने मुनरियाले आफ्नो जीवनको सत्यलाई कहिल्यै निःस्सार अनुभव गरेकी छैनन् ।

### २.५.३ **सुम्निमा** (२०२७)

पौराणिक जस्तो लाग्ने तर श्रुतिपरम्पराबाट प्राप्त कथावस्तुका आधारमा लेखिएको उपन्यास सुम्निमामा सङ्ख्यात्मक हिसाबले पात्रहरू धेरै छैनन् । मूल पुरुष पात्र सोमदत्त र नारी पात्र सुम्निमा हुन् । पुलोमा सहायक नारी पात्रका रूपमा देखिन्छिन् । सोमदत्तकी आमा, पुलोमाको बाबु, बिजुवा बा, भिल्ल, राजकुमार, पुलोमाकी आमा, सुम्निमाकी छोरी, सुम्निमाकी आमा आदि साधारण पात्रहरू यसमा रहेका छन् ।

उपन्यासकारको सहानुभूति उपन्यासकी नारी पात्र सुम्निमाप्रति बढी देखिन्छ, यद्यपि केही सहानुभूति सोमदत्तप्रति पनि छ । सोमदत्त आफ्नो जीवनको शुष्कता र नीरसताबाट ज्यादै पीडित हुँदा उनीप्रति दयापूर्ण सहानुभूति उब्जन्छ भने सुम्निमाप्रति उसका सम्पूर्ण सोचाइ, मान्यता सरलता र नैराश्यका लागि सहानुभूति प्रकट गर्न सकिन्छ । सोमदत्त आत्मा र शरीर दुवै पक्षबाट पराजित हुन पुग्छन् तर पनि उनी सजिलैसँग स्वीकार गर्न चाहँदैनन् । जीवनको अन्तिम प्रहरमा मात्र निश्चय नै निरर्थकता बोध गर्छन् । तर जीवनभर आफूभित्रैको सङ्घर्षको नराम्रोसँग सिकार बनेका छन् । मानवीय ‘स्व’ प्रकृति र आदर्शका बीचको युद्ध उनीभित्र छेडिन्छ । यथार्थ जीवन र उनको कल्पनाको आदर्श कहिल्यै सादृश्य हुन सक्दैन । कल्पनाको आदर्श प्राप्तिका लागि उनी सधैँ आफ्नो शरीरलाई कष्ट दिन्छन्, तर न कहिल्यै मानसिक शान्ति पाउन सक्छन्, न शारीरिक सुख नै प्राप्त गर्दछन् । यसरी सोमदत्तले हारेकाको दुःखप्रति गरिने सहानुभूति प्राप्त गर्न सक्छन्, तर उनको जीवनपर्यन्तको शुष्क नीति, नियम र कर्तव्यप्रति भने खास सहानुभूति दिन सकिँदैन । सुम्निमा शरीर पक्ष र मानवीय स्वभाव तथा प्रकृतिकी पक्षपाती छिन् । त्यसैले शारीरिक रूपमा त उनले कुनै कष्ट भोग्नु परेको छैन, तर आत्मिक तहबाट उनी पनि असन्तुष्ट नै छिन् । शारीरिक पक्षबाट सहज जीवन यापन गरे पनि उनीभित्रका भावना, तरलता, भोग र विखण्डनहरूले पाठकलाई उनीप्रति करुणार्द्र हुने स्थिति पैदा गर्छन् । भौतिक दृष्टिबाट विजयी भएर पनि सुम्निमा विजयको एकतर्फी शङ्खनाद गर्दिनन् । उनी ममता, सहनशीलताकी शीतल प्रतिमूर्तिका रूपमा देखिन्छिन् । सोमदत्तले पाउने खालको सहानुभूति पुलोमालाई पनि दिन सकिन्छ । सायद पुलोमा सोमदत्तभन्दा पनि बढी पीडित छिन् । प्रेमको खाँचो लोग्नेमान्छेलाई भन्दा स्वास्नीमान्छेलाई बढी हुन्छ । त्यसमा पनि सोमदत्तले अन्तमा सुम्निमाको प्रेम पत्यक्षतः जस्तै प्राप्त गर्छन्, विशेषतः मनुवा दहको स्नानका क्रममा, तर पुलोमाका लागि भिल्ल युवकको साहचर्य स्मृतिभ्रममात्रै हो । यसैले शारीरिक साथै आत्मिक प्रेमको अभावमा उनी सधैँ छट्पटाउँछिन् । आफू र आफ्नो लोग्नेले भोगेको कष्टको

निस्सारताप्रति उनको दृष्टि फर्कन्छ । अन्त्यमा उनी पनि प्रेमको अजेय स्वभावप्रति हृदयदेखि नै सहमति जनाउँछिन् ।

सुम्निमा अस्थिर चरित्रकी पात्र हुन्, तर उनको अस्थिरता सोमदत्त र पुलोमाको जस्तो फरक पर्ने भने छैन । सुरुमा उनी शरीर पक्षकी समर्थक थिइन् भने अन्त्यमा आएर शरीर र आध्यात्म पक्ष दुवैको समन्वयमा मानव जीवनको सार्थकता देख्दछिन्, तर सोमदत्त र पुलोमा भने शुष्क आध्यात्मिक नीति नियमको पूरै निस्सारता अनुभव गर्छन् र भित्रैदेखि शरीर पक्षको अजेयताबारे आश्वस्त हुन्छन् । सोमदत्त र पुलोमा अत्यन्त गतिशील पात्र हुन् । जीवनको सुरुदेखि अन्त्यसम्म नै उनीहरूका विचार र बाहृय क्रियाकलापहरू एकनास छैनन् । जीवनभरि खेपेको कठोर व्रत, नियम, बन्धनको अनौचित्य जीवनका अन्तिम दिनहरूमा उनीहरू स्वीकार गर्दछन् । साथै यी तमाम नियम विधानहरूको कार्यरूपको सम्पन्नता पनि विस्तारै उनीहरूको जीवनबाट हट्दै जान्छ ।

उपन्यासमा मनोविश्लेषणभन्दा वढी आध्यात्मिक र भौतिक दर्शनमा द्वन्द्व पैदा गर्ने प्रयोजनले प्रयोग गरिएका बेजोड तर्कहरू छन् । जसलाई आआफ्ना पक्षका पात्रहरू अधिकतर संवादका रूपमा प्रयोग गर्छन् भने बेलाबखतमा प्रत्यक्ष विश्लेषण शैलीद्वारा पनि प्रकट गर्छन् ।

उपन्यासका प्रमुख चारित्रिक पात्रहरू सुम्निमा र सोमदत्त हुन् । यी दुवै पात्रहरू तृतीय पुरुष दृष्टिविन्दु चरित्रका रूपमा प्रस्तुत गरिएका छन् । भौतिकताको र शरीर धर्मको औचित्यबारे वकालत गराउन सक्षम रहन सक्ने पात्र चयनमा कोइरालाले सुम्निमालाई छाने पनि उनको उमेर र वरिपरिको वातावरणमा उनले प्रकट गर्ने विचारको स्तर मेल खाएको छैन ।

### २.५.४ मोदिआइन (२०३६)

**मोदिआइन** उपन्यास गीताको आदर्शलाई मूल्याङ्कन गर्ने चाहनामा लेखिएको उपन्यास हो । यस उपन्यासको मूल नायिका मोदिआइन हुन् । उपन्यासभित्रकी उपकथाकी नायिका महाभारतकालीन कौरव पक्षीय सेनाकी प्रेमिका-पत्नी नारी हुन् । म पात्रले आफ्नो बालक कालको एउटा सानो घटनाका रूपमा सम्झन पुगेको झझल्कोबाट **मोदिआइन** उपन्यास बनेको छ । अरू साधारण नारी र पुरुष पात्रहरूमा प्रत्यक्ष - अप्रत्यक्ष रूपमा थुप्रै माहाभारतकालीन पात्रहरूका साथै मोदी, मिसिरजी अनि एउटी मछुवारिन पनि छन् । गान्धारी, धृतराष्ट्र, दुर्योधन, युधिष्ठिर, दुःशासन आदि कौरव र पाण्डवहरू बाहेक उपन्यासका मुख्य दुई केन्द्रीय चरित्रहरू श्रीकृष्ण र अर्जुन हुन् ।

म पात्र र मोदिआइनको क्रियाकलाप र संवादले उपन्यास अगाडि बढ्छ । उपन्यासकारको सहानुभूति उपकथाकी नायिका ‘नारी’माथि केन्द्रित छ । समष्टिमा हेर्दा

मानवत्व र ईश्वरत्व बीचको द्वन्द्व **मोदिआइन** उपन्यास हो । सम्पूर्ण कौरवहरू र पाण्डवहरू तथा उनीहरूका पक्षधरहरू मानवीय भावनाले पूर्ण छन्, तर श्रीकृष्ण आफैँ आफूलाई अतर्क्य ईश्वर घोषणा गर्दछन् । त्यसैका प्रभावले उनी गीता दर्शनका माध्यमबाट मान्छेलाई निष्काम कर्म गर्ने हेतु कर्तव्यका खातिर युद्ध गर्न उत्तेजित तुल्याउँछन् । मानवभित्र मानवीयता रहुन्जेल ऊ मानव हुन्छ । जब मान्छेभित्र ईश्वरत्व भरिन्छ, ऊ मानव रहँदैन, ईश्वर जस्तै करुणाहीन र हृदयविहीन बन्न पुग्छ । यसरी गीतापाठद्वारा श्रीकृष्णले अर्जुनलाई मात्र होइन, पाण्डवहरूलाई मात्र होइन, सम्पूर्ण योद्धाहरूलाई नै ईश्वरत्वले भरिपूर्ण पार्न खोजेका छन् । साथै द्रौपदीले पनि आफ्नो बेइज्जतिको बदला लिन आफ्ना पतिहरूलाई बारम्बार घच्घच्याइरहेकी थिइन् । उपन्यासमा मानवीय संवेदनारहित पात्रका रूपमा मुख्यतः श्रीकृष्ण र द्रौपदीलाई औँल्याइएको छ भने कौरवपट्टिबाट दुर्योधन नै अमानवीय पात्रका रूपमा प्रस्तुत छन्, तापनि श्रीकृष्ण र द्रौपदीप्रति उपन्यासकार जस्तै पाठक सहानुभूतिशून्य हुन सक्दैनन् ।

कुरुक्षेत्रमा मानवसंहार प्रलय मच्चिनुभन्दा ठिक्क अघि युद्धस्थलको बीचमा कौटुम्ब भीरु ऋर्जुनले मानवताका पक्षमा बन्धुबान्धवको हत्या गरेर यो राज्य त के त्रिलोककै राज्य पाए पनि गर्दिन भनी गाण्डीव धनु फ्याँकेका अर्जुनलाई श्रीकृष्णले अट्ठार अध्याय गीताको श्रवण गराएपछि अर्जुनमा ईश्वरआरूढ हुन्छन् र उनमा मानवीयता हराउँछ । उनी फेरि स्वजन समुदायको संहार गर्न गाण्डीव उठाउँछन् ।

धेरैजस्तो रूपमा उपन्यास घटना वर्णन जस्तो लाग्छ । बीचबीचमा सानातिना संवाद र उपन्यासको समाप्तितिर प्रत्यक्ष विश्लेषणको माध्यम पनि अपनाइको छ । संरचनाका दृष्टिले **मोदिआइन** उपन्यास एउटा लामो कथा जस्तो लाग्छ ।

### २.५.५ हिटलर र यहूदी (२०४०)

**हिटलर र यहूदी** (२०४०) उपन्यासको प्रमुख पात्र प्रथम पुरुष 'म' हो जो उपन्यासको मूल कथावस्तुसँगै सम्बन्धित छ । नारायणलाई पनि प्रमुख पात्रमै लिन सकिन्थ्यो, तर उनी बीचैमा अल्पिन्छन् । उपन्यासका प्रमुख नारी पात्रहरू लक्ष्मी र रेवा हुन् । सहायक नारी पात्रका रूपमा थियोडोरा र इल्जे प्रस्तुत छन् । अन्य पात्रहरूमा डेविड, जकरियण गोल्डवर्ग, मिस मार्गरेट, मिसेज मैकडोनल्ड, स्वीडेनकी बुढिया, ग्रेटा, याकुव, रेवाको लोग्ने, खोरण्डे (लियोनार्ड), सुनील भट्टाचार्य पत्रकार आदि छन् । यी बाहेक पनि यस उपन्यासमा अन्य पात्रहरू समेत समाविष्ट छन् ।

द्वितीय विश्वयुद्धले युरोपभरि छाडेको बर्बर प्रभावको वर्णन उपन्यासको मुख्य प्रसङ्ग हो । यही युद्धका क्रममा हिटलरले साठी लाख यहूदीलाई ग्यास च्याम्बरमा मारेको दुर्दान्त विवरण पनि उपन्यासमा चित्रित छ । उपन्यासको वस्तुगत आधारभूमिबारे स्वयम् उपन्यासकार कोइराला भन्छन् :

हिटलर र यहूदी गीतालाई आधार मानेर लेखिएको उपन्यास हो । यहाँको हिटलर अविवाहित छ । जनसंरक्षण गर्ने बहनामा गरिएको अक्षम्य नरसंहारलाई श्रीकृष्णले महाभारतमा गराएको युद्धलाई वा नरसंहारलाई स्वकर्तव्य वव पृथ्वीभारहरण सम्भे झैँ स्वकर्तव्य सम्भिन्छ । यसै हुँदा हिटलरलाई मैले गीताको श्रीकृष्णको रूप दिएको छु । दुवै अद्‌भुत छन् । दुवैमा मानव विनाशको कुनै अर्थ छैन । दुईवटैमा मानव संवेदनशीलता पटक्कै पाइँदैन । त्यत्रो भएको नरसंहार र स्वकीय पतनपछि पनि प्रेतात्मा हिटलर स्वर्गमा गएर ईश्वरसँग आफू पनि धरातलमा छँदा र आफ्नो बुद्धि अनुसारको सानोतिनो ईश्वर थिएँ भन्ने दावी गर्छ । ईश्वरसँगको तार्किक बहसमा हरतवरले आफूलाई ईश्वर बनेको साबित गर्दै ईश्वरलाई पनि तिम्रो अस्तित्व समाप्त भएपछि वा म जस्तै तिमी पराजित भएपछि अवश्य मेरो ऐलेको जस्तो अस्तित्वहीन अवस्था तिम्रो पनि हुनेछ भन्ने चेतावनीसमेत दिन्छ । गीतामा मानवेतर देवत्व प्राप्त व्यक्तिका रूपमा श्रीकृष्ण छन् भने **हिटलर र यहूदी**को हिटरल त्यस्तै अमानवीय व्यक्तित्व छ । उता मानवीय व्यक्तित्व भएका यहूदीहरू स्वधर्म बहिष्कारका रूपमा देखिएका छन् । त्यसै हुँदा यस उपन्यासले गीताको आदर्श अनुरूपको हिटलरको निष्काम कर्म-जन्य नरसंहारी प्रवृत्तिका साथै यहूदीको निजी धारणसमेत प्रस्ट पार्न खोजेको छ (शर्मा, २०५१:३५)।

यसरी हेर्दा उपन्यासकारको सहानुभूतिका पात्र मूलभूत रूपमा हिटलरको भट्टीमा पोलिएका साठी लाख यहूदी र द्वितीय महासमरले जीर्ण-शीर्ण बनाएर छाडेका इल्जे र थियोडोरा जस्ता मान्छेहरू नै देखिन्छन्, तर उपन्यासमा भने हिटलरलाई पूरै उपेक्षा गर्ने ठाउँ पनि दिएको छैन । उसका आफ्नै पक्षबाट तर्कहरू दिइएका छन् । तिनको मूल्याङ्कन गर्ने जिम्मा पाठकलाई दिएको छ । महाभारत युद्धको वैचारिक आधार मानिएको श्रीमद्‌भागवत् गीता देस्रो महासमर तथा साठी लाख यहूदीको हत्याको समेत प्रेरणाग्रन्थ बनेको भन्ने जुन आशय उपन्यासभित्र देखापर्छ, त्यसलाई गीताद्वारा प्रतिपादित निष्काम कर्मको सिद्धान्तमा अन्तर्निहित मानवीय संवेदनशीलताको अभावलाई प्रस्ट्याउन खोजिएको अनुभव हुन्छ ।

### २.५.६ बाबु, आमा र छोरा (२०४५)

एउटा अनौठो संयोगपूर्ण घटनालाई विषयवस्तु बनाएर लेखिएको कोइरालाको सबैभन्दा पछि प्रकाशित उपन्यास **बाबु, आमा र छोरा**मा मूलतः तीनजना प्रमुख पात्र छन् । ती पात्रहरूमा बाबु बस्नेत (जसको नाम उपन्यासमा छैन), आमाद्वय तथा छोरा शिवप्रसाद हुन् । आमाहरू मध्ये बस्नेतकी स्वर्गीय पत्नी विष्टकी छोरीको प्रसङ्ग स्मृतिका रूपमा देखाइएको छ, तथापि छोरो शिवप्रसाद आमा तिनै हुन् । वस्नेतकी दोस्री पत्नीका रूपमा पछि भित्र्याइएकी कान्छी पत्नी उमा छोरी शिवप्रसादकै कलेजकी सहपाठी, प्रेमिका र गान्धर्व विवाहद्वारा बनाइएकी दुलही हुन् ।

अन्य पात्रहरूमा उमाकी फुपू, उसकी आमा, बाबु, दाजु, होस्टेलका माली, मालिनी, काठमाडौंमा उमाहरू बसेको घरको घरपट्टिको कान्छो छोरो आदि सहायक पात्रका रूपमा छन् भने डाक्टर कीर्तिमान, प्रोफेसर ज्ञवाली, उमाको भाइ र सङ्गिनीहरू, नोकर-नोकर्नीहरू र छिमेकी दाहाल्नी आदि सहायक तथा साङ्केतिक पात्रका रूपमा प्रस्तुत छन् ।

उपन्यास मूलतः मनोविश्लेषणात्मक छ । पात्रहरूकै मुखबाट उनीहरू स्वयम्का अनुभवको वृतान्त स्मृतिका रूपमा प्रस्तुत गरिएको हुँदा आफ्नै मनोविश्लेषण स्वयम् सम्बन्धित पात्रहरूले नै गरेका छन् । खासगरी प्रेम र यौन जीवनका जटिल स्थितिका कारण मानव मस्तिष्क र हृदयमा उठेका भावनाहरू तथा तिनको विश्लेषण उपन्यासको प्रमुख विषयवस्तु हो । तथापि सामाजिक स्थितिबाट अद्भूत असङ्गत-विसङ्गत परिणतिको मार यसका सबै मुख्य पात्रहरूमाथि परेको छ ।

बाबु र आमा शीर्षकका दुई परिच्छेदभित्र अटाएको यस उपन्यासको प्रथम खण्ड बाबुमा बस्नेत प्रथम पुरुष शैलीमा आफ्नो प्रेमसम्बन्धी अनुभवको वर्णन गर्छन् । जेठी श्रीमतीको मृत्यु पश्चात अर्धव्यस्क उमेरमा विहे गरेकी, आफूभन्दा बीस-पच्चीस बर्ष कान्छी पत्नीका प्रेमको तुलना गर्दै बस्नेत आफ्नो जीवनमा प्रेमको मूल्य खोजी गरिरहेका छन् । कान्छी पत्नीको असामान्य गम्भीरता अनाग्रहपूर्ण मनस्थितिको अनुभूति गर्दा विहेका निम्त क्षण-क्षण आफूलाई दोषी अनुभव गर्ने बस्नेतको मनोदशामाथि पाठकको करुणा जान्छ । नारी-प्रेमको स्वभाव, आमा बनेपछि पतिप्रति उनको प्रेममा आउने परिर्वतन, दाम्पत्य सुख, पतिप्रति नारीको समर्पणभाव, नमिल्दो उमेरका कारण दाम्पत्य जीवनमा देखा पर्ने दूरी आदि कुराहरू यस खण्डमा बस्नेतका आफ्ना अनुभवका रूपमा प्रस्तुत गरिएका छन् । यस खण्डमा कान्छी पत्नीको वितृष्णा र वैराग्यको कारण स्पष्ट हुन सक्दैन, तसर्थ उपन्यासको यो खण्ड पढिसकेपछि पनि पाठकमा प्रशस्त अन्योल देखा पर्दछ ।

दोस्रो खण्डमा आमामा उमाले प्रथम पुरुष शैलीमा जीवनको औचित्य र विष्मयकारी घटना र दूर्घटनाका क्रममा आफ्नो भोगाइका वस्तुसत्यका आधारमा आफ्ना अनुभूतिलाई अभिव्यक्त गरेकी छन् । बस्नेतकै जस्तो गरी जीवनमा प्रेम मात्र यथेष्ट हुँदोरहेनछ भन्ने निचोडमा उमा पुगेकी छन् । नारी कर्ता नभएर कर्म हुन पुगेकी हुँदा उसको जीवन भाग्यमा आधारित हुने धारण उमाको छ । यस खण्डमा शिवप्रसादसँगको उनको प्रममय उठबसका बारेमा चर्चा छ । शिवलिङ्गका अगाडि उनीहरू पति-पत्नीसमेत बन्न पुग्छन् । एकरातको शारीरिक सम्पर्क पश्चात् भोलिपल्टै शिवप्रसाद बाबुको विहेका लागि सामान किन्न कलकत्ता जान्छन् । त्यही बखत उमालाई उनको आफ्नो दाजुले विहे गरिदिन कठमाडौं लिएर जान्छन् । आफ्नो विहे भइसकेको र आफूमा गर्भ पनि भएको कुरा बताएर विहा गार्दिन भनेर विरोध गर्दा पनि बाबु र दाजुको करबलबाट उमाको बिहे आफ्नो प्रेमिप्रती शिवप्रसादको बाबुसँग हुन जान्छ । यसप्रकार परिबन्दको एउटा आश्चर्यजनक विन्दुमा उमा पुग्छिन् ।

उमाले आफ्नी आमाको सिकाइ अनुसार स्वास्नीमान्छेको जीवनलाई प्रारब्धकै खेलका रूपमा स्वीकार गरेर आफ्नो दोस्रो गृहस्थीमा प्रवेश गरी पतिकै आचरण अनुरूप आफूलाई ढालेकी छन् । बूढो पतिका प्रति सुरु-सुरुमा उनका तीव्र अरुचि र विद्रोहभाव पैदा भए तापनि आफूभित्र हुर्कँदै रहेको शिवप्रसादको सन्तानको अनुभवले गर्दा बाह्य रूपमा आफ्ना पतिप्रतिका कर्तव्यहरू धैर्य र संयमपूर्वक निर्वाह गर्दै जान्छिन् । आफ्नी आमाको मृत्यु पश्चात् सम्भवतः असुरक्षाको कारण उमा आफ्नो पतिको अझ नजिक पुग्छिन् । पतिको एकाकी र नितान्त दुःखी जीवन अनुभव गर्दा उनलाई पतिप्रति प्रेम त होइन, दया र ममता जागेको थियो । पतिको आफूप्रति रहेको एकाग्र, निश्चल, असन्दिग्ध र विश्वासपूर्ण प्रेमले उमालाई पगालेको थियो ।

यसप्रकार वैवाहिक जीवनमा विस्तारै स्वाभाविकता आउँदै गरेपनि उमाको मानसिकतामा नारी प्रकृति र प्रारब्धका विषयमा विभिन्न द्वन्द्वहरू उठिरहन्थे । ती अनुभव गर्थिन्, ‘बाइस वर्षको उमेरमै ती बूढी भइसकेकी छन्, इतिहासको ध्वंसअवशेषको गह्वरभित्र ती बाँचिरहेकी छन् ।’ उपन्यासमा उपन्यासकारको सहानुभूति सबै मूल पात्रहरूप्रति भए तापनि उमाप्रति विशेष देखापर्छ । एउटी स्वास्नीमान्छेलाई समाजले, सामाजको संरचना प्रक्रियाले कति कमजोर, विवश र लाचार पारिदिएको छ भने त्याहाँ उनको आफ्नो रुचि अरुचि धारणा र निर्णय भन्ने नै केही बाँकी छैन । उनी समाजको मान्यताले जता बगाउँछ, त्यतै बग्छिन् । विरोध गर्ने बल उनमा वाल्यकालदेखिनै निःशेष पारिएको छ ।

बस्नेतको जिन्दगी पनि कम उराठलाग्दो छैन । कान्छी पत्नीको वास्तविकता उनी जान्दैनन्, तर आफू बूढो भइसकेर पनि एउटी तरुनी केटीको जीवन बर्बाद पारेको अनुभूतिले उनलाई दोषबोध हुन्छ । त्यसैद्वारा पिल्सिन्छिन् । यही भावनाले गर्दा उनले जीवनमा प्रेम पर्याप्त हुँदो रहेनछ भन्ने निष्कर्ष निकाल्छन् ।

शिवप्रसादको जीवन पनि अत्यन्त कारुणिक देखिन्छ । प्रिया पत्नीको आर्कैसँग बिहे हुन लागेको थाहा पाएर उनी विक्षिप्त जस्ता हुन्छन् । वर्षौं बेपत्ता हुन्छन् । आमाको मृत्युपश्चात् उनी बाबुलाई असीम स्नेह गर्छन् । बाबुको एकाकीपन हटाउन उनलाई दोस्रो बिहेको सल्लाह दिने पनि उनै हुन्, तर बाबुको दोस्रो विवाह आफ्नै प्रिया पत्नी पनि हुन सक्छिन् भन्ने कुरा उनले कहिल्यै सोचेका थिएनन् । आफैं पछि घर फर्केर आएपछि यो सत्यलाई उनले कुन हृदयले साक्षात्कार गरे उपन्यास त्यसै विन्दुमा टुङ्गिएको हुँदा त्यसको पत्तो पाइँदैन ।

## २.६ निष्कर्ष

नेपाली साहित्यका साधक विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) ले कविता, निबन्ध, उपन्यास र कथामा कलम चलाएका छन् । मध्यम वर्गीय परिवारमा जन्मिएका कोइरालाको पारिवारिक अवस्था त्यति राम्रो देखिँदैन । उनको परिवारले राणाको विरोध

गरेको भन्दै बारम्बार देश निकाला हुनु परेको कारणले पनि आठजनाको परिवारलाई हातमुख जोर्न धौधौ परेको देखिन्छ, जुन कुरा उनकै जीवन कथाबाट स्पष्ट हुन्छ ।

राजनीति र साहित्य दुवै क्षेत्रमा सफल देखिने विश्वेश्वरप्रसाद कोइरालाले भारतबाट ब्रिटिस धपाउ आन्दोलन हुँदै नेपालमा प्रजातन्त्रको स्थापना गर्न २००४ सालमा नेपाली काङ्ग्रेस पार्टीको स्थापना गरे र राजनीतिमा निरन्तर लागेको कारणले गर्दा २००७ सालमा प्रजातन्त्र स्थापना हुन सफल भएको मानिन्छ । २०१५ सालको आमनिर्वाचनबाट कोइराला प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्न सफल भए तापनि २०१७ सालको महेन्द्रको सत्तालिप्साको कारणले २०२५ सालसम्म आठ वर्ष जेलजीवन बिताउनु पर्‍यो । कोइरालाले मेलमिलापको नीति अनुरूप २०३२ सालमा राजासँग मिल्नको लागि जीवनको कुनै परवाह नगरी भारतबाट नेपाल आउँदा उनलाई सिधै जेल पठाइयो । यसरी उनको राजनीतिक जीवन सङ्घर्षमय र कष्टपूर्ण रहेको पाइन्छ ।

साहित्यतर्फ हिन्दी भाषाबाट साहित्य प्रारम्भ गरेका कोइराला सूर्यविक्रम ज्ञवालीको प्रेरणाबाट ‘चन्द्रवदन’ (१९९२) कथा **शारदा** पत्रिकामा छपाएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । नेपाली साहित्यलाई मनोविश्लेषणवादी धारामा प्रवेश गराउने कोइराला नेपाली भाषामा छब्बीसवटा कथा लेखी यौनमनोविश्लेषणवादी कथाकारको रूपमा परिचित छन् ।

कोइरालाका **तीन घुमती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहूदी** तथा **बाबु, आमा र छोरा** गरी छवटा उपन्यासहरू प्रकाशन भएका छन् । कोइरालाका उपन्यासहरू मूलतः नारी प्रधान देखिन्छन् । **सुम्निमा** उपन्यासमा दुई संस्कृतिबीचको मिलन छ भने **मोदिआइन** उपन्यासमा पौराणिक घटनाक्रमलाई लिएर त्यसले सिर्जना गरेको परिस्थिति र नारी संवेदनालाई उठाइएको छ । **नरेन्द्रदाइ** उपन्यास नियतिले ठगिएका तीन पात्रहरूको असफल कथा छ । **हिटलर र यहूदी** उपन्यासमा प्रथम र द्वितीय विश्वयुद्धले सिर्जना गरेको कहालीलाग्दो अवस्थाको चित्रण छ र अनाहकमा विरोधी साठी हजार यहूदीहरूलाई मार्ने हिटलरलाई मानवता विरोधी व्यक्तिका रूपमा चिनाइएको छ । **बाबु, आमा र छोरा** उपन्यासमा मानव नियति असफलताको दौडलाई देखाइएको छ । यसरी कोइरालाले उपन्यासका माध्यमबाट नारीका संवेदना र मानवीय भावनालाई उजागर गरेको पाइन्छ ।

# परिच्छेद तीन

# उपन्यासको सैद्धान्तिक अध्ययन

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा उपन्यासको सैद्धान्तिक स्वरूपको अध्ययन गरिएको छ । यस क्रममा यहाँ पूर्वीय र पश्चिमी साहित्यमा उपन्यासको अर्थ र व्युत्पत्ति, उपन्यासको परिभाषा र स्वरूप दिँदै उपन्यासका प्रमुख संरचक घटक वा तत्त्वहरूका बारेमा अध्ययन गरिएको छ ।

## ३.२ 'उपन्यास' शब्दको अर्थ र व्युत्पत्ति

'उपन्यास' शब्दले आधुनिक नेपाली साहित्यका विविध विधाहरूमध्ये एउटा नयाँ विधालाई चिनाउँछ । उपन्यासको इतिहास साहित्यका अन्य विधाहरूको जति पुरानो नभए तापनि विश्व शाहित्यमा मात्र होइन, आज आएर नेपाली साहित्यमा पनि स्थापित लोकप्रिय विधाका रूपमा दरिएको छ । नेपाली साहित्यमा प्रचलित 'उपन्यास' तत्सम शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'घञ्' प्रत्ययसमेत लागेर उपन्यास शब्द बनेको हो । संस्कृतमा उपन्यासको अर्थ कुनै वस्तु कसैको समिपमा राख्नु भन्ने हुन्छ (एटम, २०५६:३)। संस्कृत साहित्यमा कुशलतापूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रक्रियमा विशेष नै उपन्यास हो भनेर उपन्यास शब्दको प्रयोजनपरक अर्थ पनि लगाइएको छ । जीवनजगत्का यथार्थ पक्षलाई समेटेर समाजका सामु विन्यस्त अर्थात् प्रस्तुत गर्नु नै उपन्यास हो । व्यावहारिक रूपमा हेर्ने हो भने जीवनजगत्को साङ्गोपाङ्गो प्रस्तुति गर्नु नै उपन्यास हो भन्ने कुरा सिद्ध हुन्छ (एटम, २०५६:३)। संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा मात्र हेरिएकोले आधुनिक नेपाली सहित्यमा उपन्यास विधाले जुन अर्थ वहन गरेको छ, त्यो संस्कृत साहित्यका सन्दर्भमा कतै फेला पर्दैन । आधुनिक नेपाली साहित्यमा छुट्टै पहिचान बनाउन सफल साहित्यिक विधा उपन्यास पाश्चात्य साहित्यिक चिन्तनको उपज हो भन्ने कुरामा सबै विद्वान्हरू सहमत छन् । यसको विधागत सम्बन्ध अङ्ग्रेजी साहित्यको 'नोवेल' ९ल्यखभ०ि सँग निकट रहेको छ ।

प्राचीन तथा माध्यमिककालीन साहित्यको आख्यान परम्परालाई हेर्दा आजका छोटा कथा र उपन्यास एकै धारामा प्रवाहित थियो । पछि ईसाको अठारौँ शताब्दीदेखि मात्र कथा र उपन्यासले विधागत मान्यत र स्वरूप प्राप्त गरी अलग-अलग रूपमा देखा पर्न थालेको हो । यस सम्बन्धमा अङ्ग्रेजी भाषमा देखापरेको डानियल डिफोको रबिन्सन क्रुसो (सन्

१७१६) नामक औपन्यासिक कृतिलाई विश्व साहित्यमै आधुनिक उपन्यासको थालनीको पहिलो विन्दु मानिएको छ (प्रधान, २०४०:२४)। यही अवधिदेखि साहित्यमा उपन्यासले विधागत स्वरूप प्राप्त गरेको हो र अङ्ग्रेजी साहित्यका माध्यमबाट विश्व सहित्यमा उपन्यास लेखनको विस्तार भएको हो ।

पश्चिमी साहित्य विशेषगरी अङ्ग्रेजीमा नोभेलको पर्यावाची शब्दको रूपमा पूर्वीय साहित्यमा उपन्यास शब्द प्रचलित छ । पूर्वीय साहित्यमा पनि संस्कृत साहित्यअन्तर्गत उपन्यास शब्दको प्रचलन भएको हो । यस दृष्टिले आधुनिक उपन्यासको व्युत्पत्तिको सम्बन्धमा पूर्वी र पश्चिमी साहित्यका मान्यताहरूको आधारमा सङ्क्षेपमा चर्चा गर्नु उपयुक्त हुनेछ ।

## ३.२.१ पूर्वीय साहित्यमा उपन्यासको व्युत्पत्ति

उपन्यास शब्द संस्कृतको तत्सम शब्द हो र आधुनिक आर्य भाषाहरू जस्तै, हिन्दी, नेपाली, बंगाली, भोजपुरी, मैथिली आदिमा पनि यही शब्द प्रचलित छ । उपन्यासको व्युत्पत्तिको सम्बन्धमा भन्नु पर्दा संस्कृतको ‘अस्’ धातुमा ‘उप’ र ‘नि’ उपसर्ग जोडी त्यसमा ‘घञ्’ (अ) प्रत्यय समेतको योग भई निर्मित उपन्यास शब्दको अर्थ सामान्यता नजिकको वस्तु हुन आउँछ । यसलाई अझ अर्थ्याउन खेज्दा उपन्यास भन्नाले जीवनसँग निकट रहेको विषयवस्तु भन्ने बुझिन्छ । यसमा जीवनका तीतामीठा अनुभूतिहरू अभिव्यक्त भएको हुन्छ ।

पूर्वीय सहित्यमा उपन्यास विविध अर्थमा प्रयोग भएको पाइन्छ । भरतमुनिको नाट्यशास्त्रको अध्याय उन्नाइसमा उपन्यास शब्दलाई पताकास्थानको चतुर्थभेद र प्रतिमुख सन्धिको एक अङ्गको रूपमा प्रयोग गरिएको पाइन्छ (प्रकाश, सन् १९६२:२)। प्राचीन संस्कृत साहित्यमा गद्य विधाको सूत्रपात नहुँदा नै त्यस अवस्थामा पनि **दशरूपकम**मा उपन्यास शब्द प्रतिमुख सन्धिकै द्वादश अङ्गको रूपमा स्वीकार गरिएको पाइन्छ (वर्मा, २०१५:१३६) । **काव्यालङ्कार**मा उपन्यासको प्रायोगिक अर्थविन्यास तथा स्थापना, काव्यदर्पणमा स्थापना वा ज्ञापन, महाभाष्यमा कथन, **किरातार्जुनीयम्**मा उदाहरण तथा संस्कृतका महाकवि कालिदासको **अभिज्ञान शाकुन्तलम्**मा उपन्यस्त आदि देखा पर्न आउँछन् (वर्मा, २०१५:१३६-१३७)। अमरकोशकारले चाहिँ उपन्यासलाई सामान्यतः वाङ्मुखका रूपमा नै प्रयोग गरेका छन् । अझ प्राचीन पूर्वीय साहित्यमा उपन्यासको खास अर्थ कथन, निवेदन, घोषणा, परिसंवाद, नियोजन, सङ्केत, निर्देशन आदिका रूपमा प्रयोग भएको पाइन्छ (वर्मा, २०१५:१३७)। यसकारण खास औपन्यासिक प्रयोगका दृष्टिले आधुनिक उपन्यासको शास्त्रीय रूपमा प्रतिष्ठापन भइञ्जेलसम्ममा पूर्वीय साहित्यमा उपन्यास एक प्रकारले कुनै घटना वा विषयवस्तुको नियोजनमा मात्र प्रयोग भएको अनुभव हुन्छ । त्यसैले पूर्वोक्त उपन्यासका विविध प्रयोगहरूलाई (जस्तै : नाटकीय प्रसाद, काव्यगत नियोजना, धर्मशास्त्रको कथन, कोश-ग्रन्थको वाङ्मुख आदि) आधुनिक उपन्यासको पारिभाषिक सीमाभित्र समेट्न सकिँदैन,

तर उपन्यास विधा पूर्वीय साहित्यको देन नभएको हुँदा आधुनिक उपन्यासको खास अर्थसँग प्राचीन पूर्वीय साहित्यमा प्रयुक्त उपन्यास शब्दको अर्थले कुनै मेल खान सक्दैन । आजको सन्दर्भमा उपन्यास शब्दको जुन स्वरूप र विधागत अर्थ प्रकट भएको छ, त्यससँग अङ्ग्रेजी भाषाको नोभेलको अर्थसँग भने मेल खान सक्छ । यसै सन्दर्भमा पश्चिमी साहित्यमा प्रचलित नोभेल शब्दको व्युत्पत्तिलाई हेर्न प्रासङ्गिक हुनेछ ।

### ३.२.२ पश्चिमी साहित्यमा नोभेल शब्दको व्युत्पति

अङ्ग्रेजी साहित्यमा प्रचलित नोभेल शब्दको पुर्ख्यौली पहिल्याउँदै जाँदा प्राचीन ग्रिक भाषाको साहित्यसम्म पुगिन्छ । प्राचीन ग्रिक भाषामा नोभस ९ल्इखक० शब्द रोमञ्चक आख्यानको रूपमा प्रचलित रहेको पाइन्छ । यस शब्दको अर्थ नयाँ भएको जानकारी प्राप्त हुन्छ (ब्रिटानिका, सन् १९७५:६७४)। यही शब्द माध्यमिककालको इटाली भाषाको साहित्यमा आइपुग्दा नोभेला शब्दको रूपमा प्रचलित भएको पाइन्छ र इटाली भाषामा नोभेला भनेको पनि काल्पनिक कथा नै हो र यस शब्दलाई बहुवचनको रूपमा प्रयोग गरिएको पाइन्छ ( ब्रिटानिका, सन् १९७५:६७४)। यस सम्बन्धमा इटाली भाषाका प्रसिद्ध कथाकार जियाभानी बोकासियका प्रसिद्ध *डेकामरे* नामक कथासङ्ग्रह पुस्तकलाई मध्यकालीन नोभेलको उत्कृष्ट नमुना मान्न सकिन्छ । कालान्तरमा त्यही नोभेला शब्द फ्रान्सेली भाषामा नोभेलका रूपमा प्रयोग हुनपुग्छ र जसको अर्थ पनि कथा नै हो (प्रधान, २०४०:५)। जब महारानी एलिजावेथको पालादेखि अङ्ग्रेजी भाषाको साहित्यले उत्तरोत्तर विकास गर्न थाल्यो तब यस भाषामा उच्चकोटिका साहित्यिक कृतिहरू पनि रचिन र प्रकाशित हुन थाले । फलस्वरूप ईसाको १८ औँ शताब्दीको प्रारम्भिक चरणतिरदेखि गद्य विधा अन्तर्गत पर्ने उपन्यास एक स्वतन्त्र विधाको रूपमा उद्भव भई विकास हुन थाल्यो र यो नवीन साहित्यिक विधालाई त्यही प्रचीन र मध्ययुगीन नोभस, नोभेला र नोभेले शब्दहरूकै परिवर्तित नयाँ रूप नोभेल शब्द प्रचलनमा आयो । यसको पहिलो नमुना स्वरूप उपन्यासकार डानियल डिफोको रबिन्सन क्रुसो (सन् १७१६) नामक उपन्यासलाई अघि सार्न सकिन्छ ।

अङ्गेजी साहित्यको नोभेल शब्दकै समानार्थी शब्दको रूपमा पूर्वीय साहित्य अन्तर्गतका आधुनिक आर्यभाषी साहत्यिहरूमा उपन्यास शब्द प्रचलनमा आएको छ । शब्दगत अर्थ, विधागत स्वरूप, संरचना र ढाँचाका दृष्टिले नोभेल र उपन्यास एक अर्काका पर्यावाची शब्द बनेका छन् । यी दुबैले सामाजिक जीवनका यथार्थ अनुभूतिलाई छोटो कथाले भन्दा विस्तृत व्यापक रूपमा प्रस्तुत गरेका हुन्छन् ।

## ३.३ उपन्यासको परिभाषा

सामान्यतः विविध दृष्टिकोणलाई अँगाली विभिन्न प्रविधि र प्रणालीद्वारा लेखिने एउटा साहित्यिक रूप हुनाले नै उपन्यासका सम्बन्धमा विभिन्न विद्वान्हरूद्वारा व्यक्त धारणा तथा परिभाषामा पनि एकरूपता नभई अनेकता भएको पाइन्छ । साहित्यको गद्य फाँटमा उपन्यासको प्रारम्भिक उपक्रम थालिएदेखि नै यसउपर विद्वान्हरूको विभिन्न मतमतान्तर व्यक्त हुँदै आएको छ र हालसम्म पनि यो क्रम जारी नै रहेको छ । कतिपय विद्वान्हरूले उपन्यासलाई शब्द, आकार तथा विषयगत लम्बाइका आधारमा परिभाषित गर्न खोजेको पाइन्छ (सुवेदी, २०५३:१४)। वास्तवमा यस आधारमा उपन्यासको परिभाषा गर्ने काम युक्तिसङ्गत देखिँदैन । खासगरी मानवीय आवेगद्वारा सिर्जित उपन्यास कला आफ्नै भावावेगमा स्वतन्त्र रूपले प्रवाहित छ । यसको आकार लघु वा बृहत् जस्तो पनि हुन सक्छ । अनि विषयगत आधारमा यसको लम्बाइ सीमित वा व्यापक कुनै पनि देखा पर्न सक्छ । यसैकारण उपन्यास परम्परागत नियम र सिद्धान्तद्वारा बन्धित प्राचीन र मध्यकालीन काव्य, महाकाव्य र नटक झैँ नभएर आफैँमा स्वतन्त्र र मुक्त छ । अतः घटनाको समानान्तरमा ऐतिहासिक सूत्रलाई समेत उपन्यास साहित्य मानी ग्रहण गर्दै साधारण बोलचालका भाषाका माध्यमबाट सिर्जना हुने कला हो (सुवेदी, २०५३:१२)।

उपन्यास वर्तमान युगका जटिल तथा सङ्कटग्रस्त सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जीवनको एउटा प्रतिनिधि अभिव्यक्ति हो । सामानयतः उपन्यास लेखनको मूल आधार कथा नै हो र यसले कथा नै भन्ने गर्छ (सुवेदी, २०५३:१४)। यसैकारण यसलाई आधुनिक स्वरूपको बृहत् गद्य-आख्यान वा कथा पनि भन्न सकिन्छ । उपन्यास परम्परागत पुराना रूढिवादी विचार तथा संस्कारहरू र स्वप्निल जगत्का अतिरञ्जनात्मक, अतिकाल्पनिक, अधिभौतिक घटनाहरूको पूर्णरूपेण त्याग-परित्याग गर्दा यथार्थ जीवन जगत्को चित्रण गर्न थालेपछि उपन्यासलाई पनि विज्ञान झैँ एक अध्ययनशील विषयको रूपमा स्विकारिएको हो । अझ वर्तमान द्वन्द्वात्मक भौतिकताले अराजक युगको सिर्जना गरेको हुनाले समसामयिक मानव जीवनको अनेकमुखी द्वन्द्व, सङ्घर्ष र समस्या तथा अन्तर्मुखी संवेदना र चित्कारहरूको स्वतन्त्र अभिव्यक्ति पद्य भाषामा भन्दा गद्य भाषामा नै हुने सम्भावना रहेकाले मूलतः उपन्यास विधा आजको परिवेशमा एउटा सशक्त अभिव्यक्तिको माध्यम बनेको छ । यसैले उपन्यासलाई परिभाषित परिमितिसम्म पुऱ्याउँदा के भन्न सकिन्छ भने सत्यतः यो हाम्रो वास्तविक जीवनको आलेखन हो अनि यसमा विगत र वर्तमानका लौकिक चरित्रहरू र तिनका जीवनगत विभिन्न क्रियाकलापहरू चित्रित हुन्छन् (ब्रिटानिका, सन् १९७५:६७४)। अर्थात् उपन्यासमा समकालीन मानव जीवन एवम् तत्सम्बन्धी मान्यताहरूको यथार्थ चित्र अङ्कित हुन्छ (ब्रिटानिका, सन् १९७५:६७४)। अझ मूलतः उपन्यास मानवीय अनुभवहरूको प्रतिनिधि अभिव्यक्ति नै हो, जुन आदर्शवादी वा यथार्थवादी कुनै पनि प्रकृतिको हुन सक्छ, जसमा जीवन उपरको आलोचना पनि अन्तर्निहित हन्छ (हावर्ट, सन् १९८०:१४) । नेपाली विद्वान्हरूका उपन्यास सम्बन्धी

धारणाहरूका सन्दर्भमा प्रथमतः उपन्यासले सामाजिक चिरत्र वा मनोवैज्ञानिक रेखाङ्कनबाटै तृप्तिको अनुभव गर्छ । कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले उपन्यासलाई महान् पार्छ (त्रिपाठी, २०२८:९१)। उपन्यासकै पारिभाषिक तात्पर्यको सन्दर्भमा दोस्रो मान्यता यस प्रकारको देखा पर्छ- समाजका अन्तर्विरोधहरू र व्यक्तिका अन्तर्द्वन्द्वहरू समस्याहरूमा जेलिएर गाँठै-गाँठा परेको जीवनका अल्झोहरू तथा अनेक कठिनाइ, बाधा रहेर पनि अनेकौं फड्को हालेर आएका मानवीय क्रिया र मुक्तिका प्रयासहरूको दिग्दर्शन, विश्लेषण र चित्रणहरूका आधारमा भन्न सकिन्छ । उपन्यास जीवनकै दर्शन र मानिसक प्रक्रियाको अध्ययन हो (प्रधान, २०४०:४१०)।

आख्यानको एक प्रमुख अङ्गको रूपमा देखापरेको उपन्यास मानव जीवनको प्रतिबिम्ब प्रस्तुत गर्ने कला हो र यसले एकातिर पाठकलाई आनन्दानुभूति प्रदान गरिरहेको हुन्छ भने अर्कोतिर शिक्षा पनि दिइरहेको हुन्छ । यस किसिमको नवीन गद्य विधिलाई विभिन्न समालोचकहरूले विभिन्न तरिकाबाट परिभाषित गर्दै आइरहेका छन् ।

समालोचक हड्सनका अनुसार उपन्यासको अस्तित्त्व र रुचि जहाँ पनि नारी र पुरुषको जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नुमा रहेको छ (हड्सन, सन् १९९४:१२९)। हेनरी जेम्सले पनि उपन्यासले मानव जीवनको प्रतिनिधित्व गर्ने प्रयास गर्छ भनेका छन् (एटम, २०५६:७) । हिन्दीका प्रसिद्ध उपन्यासकार प्रेमचन्दका अनुसार उपन्यास मानव जीवनको चित्र हो र मानव चरित्रलाई नियालेर त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल तत्त्व हो (सुवेदी, २०५३:११)।

उपन्यासको परिभाषा विभिन्न विद्वान्हरूले आआफ्नै तरिकाबाट प्रस्तुत गरेको देखिए पनि समग्रमा उपन्यास भन्नाले खण्ड-खण्डमा संरचना गरिने जीवन जगत्को साहित्यिक कथा चरित्र प्रधान गद्य महाकाव्य हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ३.४ उपन्यासका प्रमुख तत्त्वहरू

एउटा सिङ्गो कलापूर्ण उपन्यास निर्माणका लागि आवश्यक सामग्रीका रूपमा मुलतः कथानक वा कथावस्तु पात्र र तिनको चरित्र, भाषिक शैली एवम् संवाद देशकाल र वातावरण तथा उद्देश्य वा अभिप्राय नै खास-खास औपन्यनासिक तत्त्व वा सामग्रीका रूपमा देखापरे तापनि कतिपय विद्वान्ले कथानक र चरित्रलाई मात्र उपन्यासका प्रमुख अङ्ग मानेका छन् भने कतिले उक्त तत्त्वहरू बाहेक पनि रस, बिम्ब र प्रतीकलाई समेत औपन्यासिक तत्त्व मानेका छन्, तर रस तत्त्वलाई कथानक तत्त्वको एक सहायक अङ्ग मान्न सकिन्छ भने बिम्ब र प्रतीकलाई पनि भाषिक शैली अन्तर्गत राखेर हेर्नु उपयुक्त हुनेछ । जे होस्, यी जम्मै तत्त्वहरूको कुशल संयोजनबाट एउटा कलापूर्ण उपन्यासको निर्माण हुन सक्दछ ।

नेपाली साहित्यका अध्येताहरूले उपर्युल्लिखित मूलभूत तत्त्वहरूसहित दृष्टिविन्दु प्रतीक, बिम्ब तथा गति र लयलाई पनि औपन्यासिक तत्त्व मानेको पाइन्छ । औपन्यासिक तत्त्वहरूका सम्बन्धमा भएका चर्चाहरूलाई आधार मान्दा उपन्यासका पहिला पाँचवटा तत्त्वहरूमा शब्दगत भिन्नता भए पनि अर्थगत समानता नै पाउन सकिन्छ । बाँकी तत्त्वहरूलाई पनि विचार गर्दा उपन्यासका धेरै तत्त्वहरू हुन सक्ने सम्भावना देखिन्छ । यद्यपि यी तत्त्वहरूमध्ये पनि केही तत्त्वहरू यति महत्त्वपूर्ण हुन्छन् जुन तत्त्व बिना उपन्यासले आफ्नो स्वरूप प्राप्त गर्न नसक्ने हुन्छ । फेरि उपन्यासका त्यस्ता तत्त्वहरू पनि छन् जसका सहायताले उपन्यासमा नवीनता एवम् प्रयोगशीलता थपिन्छ । यस परिप्रेक्षमा सबै विद्वान्हरूले स्वीकार गरेका तथा उपन्यासका आधारभूत तत्त्व भनी बढी चर्चामा आएका तत्त्वहरूलाई नै उपन्यासका मूल तत्त्व मान्नु उपयुक्त देखिन्छ र तिनै मूल तत्त्वहरूका प्रकृति र वैशिष्ट्यको अनुशीलन तलका उपशीर्षकहरूमा गरिएको छ ।

### ३.४.१ कथावस्तु

उपन्यासका आधारभूत तत्त्वहरूमध्ये कथावस्तुलाई प्रमुख तत्त्व मानिन्छ । उपन्यासकारले उपन्यासमा प्रस्तुत गर्ने विषय नै कथावस्तु हो । कथावस्तु बिना उपन्यासको रचना हुन सक्दैन किनभने कथावस्तुमा नै उपन्यासकारको विचार, धारणा वा अनुभूतिलाई मूर्त रूपमा उतार्ने प्रयास रहेको हुन्छ । उपन्यासमा प्रयोग भएको घटनालाई एक अर्कोसँग सुसङ्गठित पार्ने काम कथानकले गर्दछ (प्रधान, २०४०:७)। त्यसैले उपन्यासमा कथावस्तु योजनावद्ध हुन्छ । सुरु, मध्य र अन्तका शृङ्खलामा कथावस्तुको गठन भएको हुन्छ । कथावस्तुका आधारमा नै उपन्यासको वर्गीकरण पनि गर्न सकिन्छ । यस अर्थमा पनि कथावस्तु अति नै महत्त्वपूर्ण तत्त्व हो भन्ने पुष्टि हुन्छ । उपन्यासको कथावस्तु महत्त्वपूर्ण भए पनि यो तत्त्व आफैमा पूर्ण नभई यसमा चरित्र, घटना, द्वन्द्व, परिवेश, आदिले प्रभाव पारेको हुन्छ । उपन्यासकारले कुन विषयमा उपन्यास लेख्ने भन्ने कुराको निर्क्येल गरिसकेपछि त्यस विषयलाई नवीन शैलीगत अनुशीलनबाट घटना चरित्र तथा द्वन्द्वको कलात्मक प्रयोग गरेर प्रभावकारी कथानक बनाउने कोसिस गरेको हुन्छ । त्यस क्रममा चरित्र प्रधान, घटनाप्रधान, द्वन्द्वप्रधान काल्पनिक आदि जस्तो पनि उपन्यास बनाउन सकिन्छ तर तीनको परिपूर्तिका लागि कथावस्तु तथा कथानकको चाहिँ अनिवार्य आवश्यकता रहन्छ । मनोवैज्ञानिक उपन्यासको कथावस्तुमा मनोविश्लेषणात्मक परिवेशले सक्रिय सन्दर्भ अघि सारेको हुन्छ भने घटनाप्रधान, द्वन्द्वप्रधान, चरित्रप्रधान उपन्यासमा सोही अनुरूपको तत्त्व बढी भएको कथावस्तुको चयन गरिन्छ ।

उपन्यासकारले कथावस्तुको चयन विभिन्न स्रोतहरूबाट गरेको हन्छ जस्तै राजनीतिक, सामाजिक, पौराणिक, धार्मिक, ऐतिहासिक, मनोवैज्ञानिक आदि । यस आधारमा उपन्यास विभिन्न प्रकारका हुन सक्छन् । त्यस्तै कथानकको ढाँचा पनि रैखिक र वृत्ताकार किसिमको हुन्छ । रैखिक ढाँचाको उपन्यासमा कथानक सिधा किसिमले अघि बढेको हुन्छ ।

यसमा आदि, मध्य र अन्त्यको शृङ्खला देखिन्छ । यसमा कथानक पछाडि फर्कदैन । यस किसिमको उपन्यास कोइरालाको सुम्निमालाई मान्न सकिन्छ । त्यस्तै वृत्तकारीय कथानक भएको उपन्यासको कथावस्तुको क्रमबद्धतामा विचलन हुने गर्दछ । अर्थात त्यस्तो कथानक भुमरीझैँ घुमेको हुन्छ र जहाँबाट सरु भएको हुन्छ त्यही बिन्दुमा आएर समाप्त हुन्छ । यस किसिमको कथावस्तु भएको उपन्यासहरूमा **माधवी, अनुराधा** आदिलाई लिन सकिन्छ ।

### ३.४.२ पात्र

उपन्यासको अर्को सशक्त तत्त्वमध्ये पात्र वा चरित्रलाई लिन सकिन्छ । सबै किसिमका उपन्यासमा पात्रको उपस्थिति रहन्छ किनभने पात्रको उपस्थिति बिना उपन्यासले गति लिन सक्दैन । उपन्यासभित्र पात्रको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल प्रभाव पर्ने भएको हुनाले युसको चरित्रचित्रणमा विशेष ख्याल हुनु पर्छ । व्यक्तिको जीवन भन्नु नै स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो । जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ (प्रधान, २०५२:८)। उपन्यासलाई जीवन्त बनाएर कथानकलाई निश्चित गतितर्फ उन्मुख गराउने कार्य पात्रको हुन्छ । उपन्यासमा प्रयोग हुने व्यक्ति वा प्राणीको चरित्र बाह्य रूपमा प्रकट हुँदा सामाजिक तत्त्वका आधारमा परिवर्तित हन्छ र व्यक्तिको अन्तरपक्षमा गुम्सिन पुग्दा मनोवैज्ञानिकतामा रूपान्तरित हन्छ । यसरी पात्रको चरित्रमा अन्य तत्त्वले पनि प्रभाव पारेको हन्छ । यसरी उपन्यासमा तानेर ल्याएको वस्तुलाई पाठकसमक्ष सम्प्रेषण गर्न जाँगर देखाउने वस्तसका रूपमा उपन्यासभित्र चरित्र नै प्रमुख भएर रहेको हन्छ । उपन्यासकार ले उपन्यासमा पात्रहरूलाई मुल र गौण गरी दुई किसिमबाट प्रयोग गरेको पाईन्छ । ती पात्रहरूमध्ये कुनै यथार्थ जीवन-जगतसँग सम्बन्धित हुन्छन् भने कुनै पात्रहरू असामाजीक, नैतिकहीन र पतित पनि हुन्छन् । यसरी पात्रहरूको भुमिकामा पनि विविधता देखिन्छ । उपन्यासमा पात्रहरू जे जसरी आए पनि तिनीहरू मूलतः उपन्यासकारहरूको आफ्नै अभीष्ट पूरा गर्ने परिप्रेक्ष्यमा नै आएका हुन्छन् । यसबाट के स्पष्ट हुन्छ भने उपन्यासकारले आफ्नो मूल अभीष्ट पूरा गर्न कथावस्तुको मागअनुरूप पात्रहरूलाई उपन्यासमा प्रयोग गरेको हुन्छ ।

तुलनात्मक दृष्टिले हेर्दा कथामा भन्दा उपन्यासमा पात्रहरूको सङ्ख्या बढी रहेको पाइन्छ तर पनि उपन्यासमा पात्रहरूको सङ्ख्या यति नै हुनुपर्छ भन्ने चाहिँ किटान गर्न सकिँदैन । उपन्यासमा विभिन्न किसिमको शैलीलाई प्रयोग गरिएको हुन्छ र त्यस क्रममा पात्रहरू पनि त्यसै अनुरूप प्रयोग भएका हुन्छन् । उपन्यासमा उपन्यासकार स्वयम् उपस्थित रहेको हुन्छ भने त्यस्तो पात्रलाई ‘म’ पात्र भनिन्छ । ‘म’ पात्रको प्रयोग गरिएका उपन्यासमा कोइरालाका **नरेन्द्रदाइ**, **मोदिआइन** र **हिटलर र यहूदी** उपन्यासलाई लिन सकिन्छ । यी उपन्यासहरूमा ‘म’ पात्रको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

### ३.४.३ कथोपकथन

उपन्यासका तत्त्वहरूमध्ये कथोपकथन वा संवादलाई पनि आधारभूत तत्त्व मानिन्छ । कथोपकथन वा संवाद भन्नाले उपन्यासमा प्रयोग भएका पात्ररूका बीचको कुराकानीलाई बुझ्फउँछ । उपन्यासमा कथ्य र चरित्रको समोचित प्रस्तुति कथोपकथनका माध्यमबाटै हुन्छ र उनीहरूको संलापबाट वस्तु, परिवेश र परिस्थिति अनावृत हुँदै जान्छ । उपन्यासमा बहुपात्ररूको प्रयोग गरिने हुँदा ती पात्रहरूबीच कहिले कुराकानी, कहिले सरसल्लाह र कहिलेकाहीँ झगडा समेत हुने गर्दछ । यस्तो क्रियाकलापलाई दर्साउने तत्त्व नै कथोपकथन हो । उपन्यासमा कथाको विकास र चरित्रचित्रणका साथै लेखकको आशय स्पष्ट गर्न नै कथोपकथनको माध्यमबाट अँगालिएको हुन्छ । यही कथोपकथनका माध्यमबाट नै उपन्यासकारले पात्रका बाह्य र आन्तरिक जीवनका जटिलता, सङ्घर्ष, कुण्ठा, आवेग र संवेग आदि भावको बोध गराउँछ (प्रधान,२०५२:८९)। प्रधानको यस अभिव्यक्तिबाट पनि उपन्यासलाई रोचक र प्रभावकारी बनाउन संवाद वा कथोपकनथको महत्त्वपूर्ण भूमिका रहने कुरा स्पष्ट हुन्छ । संवादका माध्यमले नै उपन्यासमा नवीनता, रोचकता र कौतुहलताको स्थिति सिर्जना हुन्छ । अर्थात संवाद नै उपन्यासको त्यस्तो तत्त्व हो जसले उपन्यासमा नवीनता, रोचकता तथा कौतुहलता थप्दछ । उपन्यासमा उपन्यासकारले यात्रानुकूलको संवादलाई प्रयोग गरेको हुन्छ र काथोपकथन वा संवादले नै पात्रहरूको भिन्नतालाई छुट्याउँछ ।

उपन्यासमा संवाद वा कथोपकथनले नै कथानकमा आउने घटना वा कार्यव्यापारलाई संगठित गर्ने कार्य गर्दछ । उपन्यासमा उपयुक्त संवाद हुनु पर्छ, जसले पात्रको चरित्रचित्रणलाई प्राकृतिक, समोचित र नाटकीय प्रभाव पार्न सक्दछ । त्यस्तो संवादले मात्र पात्रको व्यक्तित्वलाई अक्षुण्ण रूपमा प्रस्तुत गर्न सकिन्छ । यसबाट उपन्यास विधामा संवाद वा कथोपकथन पाठकको मनमा हलचल ल्याउने खालको रोचक हुनुपर्दछ भन्ने बुझ्न सकिन्छ । साथै संवाद पात्रको स्तर, परिवेश वा मनोविश्लेषण अनुरूपको हुनुपर्छ । कथानकलाई लक्ष्यतर्फ डोऱ्याउने ढङ्गले नै उपन्यासमा संवादको प्रयोग गरिन्छ । यस किसिमको संवादले उपन्यासको स्वरूप निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । विभिन्न साहित्यिक विद्वानहरूले बताएअनुसार पनि संवाद उपन्यासको आधारभूत तत्त्वअन्तर्गत पर्ने कुरा स्पष्ट हुन आउँछ ।

### ३.४.४ परिवेश

उपन्यास विधाका लागि चाहिने अर्को आधारभूत तत्त्व परिवेश वा वातावरण पनि हो । उपन्यासमा पात्रहरूले आ-आफ्नो भूमिका प्रदर्शन गर्ने क्रममा घटित हुने क्रियाकलापहरू निश्चित स्थान, समय, परिस्थिति रीतिरिवाज आदिसँग आवद्ध हुन्छन् । यस किसिमको स्थितिलाई नै परिवेश वा देशकाल तथा वातावरण भनिन्छ । यही परिवेशबाट नै

उपन्यास लक्ष्योन्मुख हुन्छ । देशकालको तात्पर्य वातावरणको कुनै स्थान हो जसको परिवेश अन्तर्गत उपन्यासले आफ्नो संसारको सृष्टि गर्दछ (प्रधान, २०५२:१०)॥ अर्को शब्दमा भन्नुपर्दा उपन्यासका लागि उपयुक्त स्थल यसको कार्यपीठिका हो र त्यही कार्यपीठिकालाई नै उपन्यासको परिवेश भनिन्छ । उपन्यासलाई  प्रभावशाली र तीव्र बनाउनमा शङ्घर्ष, क्रियाकलाप तथा कथोपकथन जस्तै परिवेशको पनि भुमिका रहन्छ भन्ने कुरा वातावरणमा आउने क्रियाशीलताले पात्रको मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउन खेलेको भूमिकाबाट पनि स्पष्ट हुन्छ ।

उपन्यासको परिवेशले कार्यपीठिकाको स्थलको सामाजिक , धार्मिक, राजनैतिक, आर्थिक र ऐतिहासिक परिस्थितिलाई सम्झाउँछ । यसले मानवका आचार, विचार, रीतिस्थिति, चालचलनहरूलाई बुझाउँछ । समाजका असल, खराब व्यावहारिक एवम् वैचारीक पक्षहरूलाई पनि उजागर गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने उपन्यासमा उपन्यासकारले कथानकलाई विश्वसनियता, पात्रहरूको प्रस्तुतिमा यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न र जीवनप्रतिको आफ्नो दृष्टिकोणलाई उजागर गर्नको निम्ति परिवेश तथा वातावरणलाई प्रस्तुत गरेको छ । पर्यावरणमा आउने क्रियाशीलताले पात्रको मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउन पनि प्रमुख भूमिका खेलेको हुन्छ भन्ने सुवेदीको विचारबाट पनि परिवेश/ वातावरण उपन्यासको आधारभूत तत्त्व हो भन्ने कुरा स्पष्ट हुन्छ (सुवेदी, २०५३:१८)॥

### ३.४.५ द्वन्द्व

उपन्यास विधाको लागि द्वन्द्व एक सशक्त तत्त्व हो । उपन्यासका कथावस्तु र पात्रलाई क्रियाकलापसँग आबद्ध गराएर अभिव्यक्ति दिने तत्त्व नै द्वन्द्व हो (सुवेदी, २०५३:१९)। त्यसैले उपन्यास विधाका लागि द्वन्द्व पनि अर्को महत्त्वपूर्ण तत्त्व हो भन्ने कुरा स्पष्ट हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा कथावस्तु र पात्रलाई आबद्ध गराउन द्वन्द्वविधानको आयोजना गरेका हुन्छन । उपन्यासमा दुईभन्दा बढी विचारहरूको एक आपसमा भिडन्त गराएर नै द्वन्द्वको उपस्थिति गराइन्छ । द्वन्द्वलाई पात्रहरूको सङ्घर्ष पनि भन्न सकिन्छ । पात्रहरूको अन्तह्दयमा द्वन्द्व जन्मिन्छ र त्यसले नै उसलाई सङ्घर्ष गर्न प्रेरित गर्दछ । द्वन्द्वलाई पात्रहरूको जीवनको अन्तर्जटिलताको सूचक पनि मान्न सकिन्छ । द्वन्द्वलाई तीन किसिमबाट हेर्न सकिने कुरा यसरी व्यक्त गरिएको छ : मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखा पर्ने द्वन्द्व, मान्छे -मान्छेसँगका विषमताका कारणले दुवैमा वैमनश्य जन्माउने द्वन्द्व र मान्छेको आफैभित्र देखापर्ने तनाउमूलक द्वन्द्व ( सुवेदी, २०५३:१९)।  यसरी उनले द्वन्द्वलाई तीन किसिमबाट विकसित हुनसक्ने बताएका छन् । यसबाट द्वन्द्वका पनि विभिन्न स्वरूपहरू रहेको देखिन्छ । उपन्यासमा प्रयुक्त हुने द्वन्द्वबाट पात्रहरू कतै आफ्नै आन्तरिक द्वन्द्वमा पिरोलिएका हुन्छन् भने कतै बाह्य वातावरणीय, सामाजिक, सांस्कृतिक आदि द्वन्द्वका कारणले पीडा अनुभव गर्दछन् ।

उपन्यासकारले आफ्ना उपन्यासमा पात्रहरूको द्वन्द्वलाई विकसित गराएर आफूले चाहेको पक्षको विजय र नचाहेको पक्षको पराजय गराएको हुन्छ । उपन्यासकार समाजमा नयाँ मूल्य र मान्यता स्थापना गर्न लागिपरेको हुन्छ । यसरी उपन्यासकारले आफ्नो उपन्यासमा द्वन्द्वविधानको आयोजना गर्ने क्रममा पनि सकारात्मक द्वन्द्व र नकारात्मक द्वन्द्व दुवैलाई समावेश गरेको हुन्छ । सकारात्मक द्वन्द्वले पात्रलाई असल विचारतर्फ उन्मुख गराउँछ भने नकारात्मक द्वन्द्वले खराब सोचाइलाई बढाउँछ । यसरी उपन्यासमा द्वन्द्वले पात्रको मनस्थितिलाई दर्साउने भएकाले यसको पनि महत्त्वपूर्ण स्थान देखिन्छ ।

### ३.४.६ भाषा-शैली

उपन्यास विधाको अर्को महत्त्वपूर्ण तत्त्व अन्तर्गत भाषा-शैलीलाई लिन सकिन्छ । भाषा भन्नाले मानवीय अभिव्यक्तिको माध्यम हो भने शैली भनेको त्यही अभिव्यक्तिको तरिका वा ढङ्ग हो । उपन्यासको भाषामा विविधता देखिए जस्तै शैली पनि आफ्नै प्रकारको हुन्छ । कुनै पनि प्रकारको शैलीलाई मूर्त रूप दिन भाषाको आवश्यकता पर्दछ । कथावस्तु, पात्र, परिवेश आदिको कल्पना गरी निष्कर्षमा पुगिसकेपछि त्यसलाई पाठकसमक्ष पऱ्याउनका निमित्त उपन्यासकारले जुन माध्यम अँगाल्दछ त्यो नै त्यस कृतिको भाषा हो । औपन्यासिक तत्त्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्त्व सर्वाधिक छ (प्रधान, २०५२:९)। उपन्यास लिखित भाषामा भएकाले उपन्यासकारले कथावस्तु पात्र परिवेश सुहाउँदो भाषाको छनोट गर्दछ ।

भाषामा पनि विभिन्न किसिमका भिन्नता देखिन्छन्, कुनै भाषा सरल, बोलीचालीको हुन्छ भने कुनै आलङ्कारिक भाषा हुन्छ । कहीँ उखान-टुक्काको प्रयोग पनि भएको हुन्छ । तसर्थ उपन्यासकारले उपन्यासमा आफ्नै किसिमको भाषालाई महत्त्व दिएको हुन्छ । उपन्यासको भाषा उपन्यासकारको रुचि, प्रबृत्ति र स्तर अनुरूप पाउन सकिन्छ । उपन्यासको शैलीमा पनि उपन्यासकारको आफ्नोपन पाउन सकिन्छ । प्रत्येक उपन्यासकारहरूको आ-आफ्नै शैली हुने भएकाले नै पनि उपन्यास-उपन्यासबीच प्रशस्त भिन्नता पाउन सकिन्छ । उपन्यासमा जीवन-जगत्को प्रस्तुति रहने भए पनि उपन्यासकारको प्रस्तुतिको शैलीले गर्दा उपन्यास भिन्दा-भिन्दै देखिन्छन् । शैलीका पनि विभिन्न रूपहरू हुन्छन् ,जस्तैः वर्णनात्मक, विश्लेषणात्मक, मिश्रित, प्रतीकात्मक, काव्यात्मक शैली आदि । उपन्यासकारको निजत्व उसका उपन्यासमा प्रयोग भएको शैलीबाट प्रस्टिन्छ । पाठकको रुचिलाई मनन गरेर बीच-बीचमा कौतुहल थप्ने कार्य पनि उपन्यासकारले गरेको हुन्छ । उपन्यासमा अभिव्यक्तिलाई कलात्मक बनाउन ठाउँ-ठाउँमा प्रतीक र बिम्वलाई पनि प्रयोग गरिएको हुन्छ भन्ने कुरा यसरी व्यक्त गरिएको छ : "प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न रूपमा मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कोतिर धेरै शब्दको सट्टा थोरै शब्दमा स्पष्टसँग भन्दछ । त्यस्तै बिम्बले अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ, प्रतीकमा जस्तो मूर्त

वस्तुको सहयोग लिँदैन (एटम, २०५६:४२-४३)। यसरी प्रतीक र बिम्ब पनि उपन्यासलाई रोचक बनाउने शैलीय तत्त्वका रूपमा प्रयुक्त हुन सक्दछन् ।

### ३.४.७ उद्देश्य

उपन्यासकारले आफ्नो उपन्यासका माध्यमबाट समाजमा स्थापना गर्न चाहेको मूल विचारलाई उद्देश्य भनिन्छ । उपन्यासको उद्देश्यलाई सारवस्तु विचार वा जीवनदर्शन पनि भन्न सकिन्छ । उद्देश्य बिना साहित्य रचिँदैन । त्यस्तै उपन्यास लेख्नुको पनि कुनै प्रयोजन अवश्य हुन्छ । उपन्यासकारले समाजमा स्थापित गर्न चाहेको मूल्य र मान्यता एवम् विचार नै उसको उपन्यासको उद्देश्य बनेर आएको देखिन्छ ।

उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूको जीवनप्रति उपन्यासकारले कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरेका हुन्छन् ( प्रधान, २०५२:११)। यस किसिमको अभिव्यक्तिबाट उपन्यासकार समाजको कुन-कुन पक्षसँग बढी प्रभावित र संवेदनशील हुन्छ त्यही पक्ष नै उसको वैचारिक सम्पत्ति भएर प्रकट भएको देखिन्छ भन्ने कुरा प्रस्टिन्छ । तसर्थ उपन्यासका समष्टि निष्कर्षबाट प्राप्त हुने दिशानिर्देश नै विचार पक्ष हो र यसको अभावमा उपन्यासको सृजना नै अर्थहीन हुन्छ (सुवेदी, २०५३:२०)। यस भनाइबाट पनि उद्देश्य वा विचार उपन्यासको आधारभूत तत्त्व हो भन्ने कुराको पुष्टि हुन्छ ।

यसरी कथानक वा कथावस्तु, पात्र, संवाद, परिवेश, द्वन्द्व, भाषाशैली, उद्देश्य तथा विचार आदिलाई उपन्यासको मुख्य तत्त्व मानिन्छ ।

## ३.५ उपन्यासको वर्गीकरण

उपन्यास आधुनिक साहित्यको नयाँ विधा हो । यसको इतिहास छोटो भएर पनि यसमा बहुलता पाउन सकिन्छ । विभिन्न तत्त्वहरूले उपन्यासलाई विभिन्न स्वरूप र पहिचान प्रदान गर्दछन् । यिनै आधारमा उपन्यासको वर्गीकरण गरिएको पाइन्छ । साहित्यिक मूल्य, मान्यता र प्रवृत्तिका आधारमा उपन्यासलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । साधारणतः कथानक, भाषाशैली, विषयवस्तुको स्रोत, विचारधारा-चिन्तनका आधारमा र औपन्यासिक प्रवृत्तिको आधारमा यसको वर्गीकरण गर्न सकिन्छ ।

### ३.५.१ विषयगत आधारमा उपन्यासको वर्गीकरण

उपन्यासका विषयवस्तुका स्रोतहरू अनेक छन् । यसमा इतिहास, पुराण, समाज, जीवन, राजनीति, अर्थनीति, ज्ञान-विज्ञान, मनोविज्ञान, कला, संस्कृति आदि पर्न सक्दछन् । यिनै स्रोतहरूको आधारमा उपन्यासको स्वरूप निर्धारण हुन्छ । उदाहरणार्थ : इतिहासबाट झिकिएको उपन्यासलाई ऐतिहासिक उपन्यास, पुराणका स्रोतहरूबाट गृहीत विषयवस्तुको आधारमा लेखिएको उपन्यासलाई पौराणिक उपन्यास, सामाजिक जीवन तथा घटनाबाट टिपिएको विषयवस्तुमा आधारित उपन्यास सामाजिक उपन्यास, कुनै विशिष्ट व्यक्तित्वको जीवनमा आधारित जीवनीपरक उपन्यास, कुनै गहिरो दर्शन वा ज्ञानमा आधारित उपन्यास, वैचारिक उपन्यास आदि हुन् । यस किसिमले उपन्यासको विषयवस्तु कस्तो छ र कुन स्रोतबाट ग्रहण गरिएको हो भन्ने आधारमा विषयगत दृष्टिले उपन्यासको वर्गीकरण गर्न सकिन्छ ।

### ३.५.२ शैलीका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासको वर्गीकरण गर्ने क्रममा शैली तत्त्व पनि एउटा महत्त्वपूर्ण आधार हो । प्रत्येक उपन्यासकारको आआफ्नै किसिमको लेखन शैली हुन्छ र त्यो व्यक्ति प्रतिभाको व्यक्तित्वको पहिचान पनि हो । उपन्यासमा प्रयुक्त शैलीहरू अनेक थरिका हुन्छन् । उपन्यासकारले कुनै एक वा अनेक शैली अँगालेका हुन सक्छन् । ती शैलीहरूमध्ये वर्णनात्मक, विवरणात्मक, चित्रात्मक, संवादात्मक वा नाटकीय, चेतनप्रवाह, अतीतावलोकन वा संस्मरणात्मक, आत्मकथात्मक शैली आदि बढी प्रचलनमा देखापरेका केही शैलीहरू हुन् ।

### ३.५.३ प्रवृत्तिगत आधारमा उपन्यासको वर्गीकरण

खासगरी उपन्यासको अभिप्रायमा नै औपन्यासिक प्रवृत्ति प्रकट हुन्छ । अर्को शब्दमा भन्दा उपन्यासले जुन अभिप्राय लिएर अघि बढेको हुन्छ, कृतिले त्यही पद्धति अँगाल्छ । पाठकलाई नैतिक शिक्षा दिने अभिप्रायले कुनै उपन्यास लेखिन्छ भने त्यस्तो उपन्यास नीतिवादी उपन्यास हुन्छ र कुनै उपन्यास आदर्श समाजको वा व्यक्तित्त्वको निर्माण गर्ने अभिप्रायले लेखिएको छ भने त्यस्तो उपन्यास आदर्शवादी उपन्यास हुन पुग्छ । यस दृष्टिले प्रवृत्तिका आधारमा उपन्यासका अनेक स्वरूपमा प्रकट हुन्छन् । यस दृष्टिले आदर्शवादी, यथार्थवादी, समाजवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्त्ववादी, छायाँवादी, प्रयोगवादी इत्यादि उपन्यासका प्रवृत्तिहरू हुन् । नेपाली उपन्यासमा पनि यस्ता प्रवृत्तिहरू देखापरेका छन् ।

उल्लिखित प्रकारबाहेक पनि उपन्यासलाई अन्य आधारमा वर्गीकरण गर्न सकिन्छ । युग र समयसँग विकास हुन जाने उपन्यासलाई सीमित प्रकारमा वर्गीकरण गर्न सम्भव

छैन। व्यक्ति तथा समाजको मुखपत्र उपन्यासलाई वस्तु तथा शैलीका आधारमा जानकारीमूलक उपन्यास, व्यङ्ग्यात्मक उपन्यााास, तार्किक उपन्यास, भिनो आख्यान भएको अ-उपन्यास जस्ता प्रकारमा पनि वर्गीकरण गर्न सकिन्छ । औपन्यासिक संरचनाका आधारमा खण्ड उपन्यास, धारावाहिक उपन्यास जस्ता प्रकारमा वर्गीकरण गर्न सकिन्छ । आकारका आधारमा र आयामका आधारमा लघु र वृहत् प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

## ३.६ निष्कर्ष

कुनै पनि चिजवस्तुको निर्माण हुनका लागि त्यसका अवयवहरूको आवश्यकता पर्दछ । साहित्यको एक महत्त्वपूर्ण विधा उपन्यासको निर्माण हुनको लागि पनि केही महत्त्वपूर्ण अवयवहरूको आवश्यकता पर्दछ । पश्चिमी तथा पूर्वीय विद्वान्हरूले आआफ्ना मतहरू जाहेर गरेको देखिन्छ । विद्वान्हरूको परिभाषाले लौकिक भावनाद्वारा जीवनको सा·ोपा·ो तथा जीवनको अन्तर·ी र बहिर·ी विषयलाई अध्याय वा खण्डको आधारमा निर्माण गरिने गद्य महाकाव्यलाई नै उपन्यास भनिएको निष्कर्ष निकाल्न सकिन्छ । उपन्यासका आफ्नै अवयवहरू रहेका छन् : कथावस्तु, पात्र वा चरित्र, संवाद, परिवेश, द्वन्द्व, भाषाशैली, उद्देश्य जस्ता महत्त्वपूर्ण अवयवहरूको कुशल संयोजनद्वारा नै उपन्यासको निर्माण हुन सक्दछ । तसर्थ उपन्यासको निर्माणमा विषयवस्तुको चयन यसमा आवश्यक पर्ने अथवा घटना क्रमका आधारमा अनुकूल हुने पात्रको छनोट गरिन्छ । उपन्यासलाई जीवन्तता दिई घटनाक्रमलाई अगाडि बढाउने काम संवादको हो । तसर्थ संवादको पनि उपन्यासमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासको कथावस्तुले मागेको परिवेश वा स्थानको छनोट कालक्रमको प्रस्तुति आदिमा विशेष ध्यान दिनु पर्दछ । उपन्यासमा उपन्यासकारले दुई वा दुईभन्दा बढी मनस्थिति बीचको द्वन्द्वको माध्यमबाट नै घटना क्रमलाई अगाडि बढाएको हुन्छ । उपन्यासलाई पाठक सामु पुऱ्याउने माध्यम भाषा हो । तसर्थ उपन्यासमा प्रयुक्त भाषा सरल तथा सहज खालको हुनु पर्दछ । यसरी उपन्यास निर्माणको लागि आवश्यक पर्ने अवयवहरूलाई उपन्यासकारले आफ्नो बौद्धिकताको प्रर्दशन मार्फत् प्रस्तुत गर्न सकेमा मात्र उपन्यासको निर्माण हुन सक्दछ ।

# परिच्छेद चार

# उपन्यास तत्त्वका आधारमा मोदिआइन उपन्यासको अध्ययन

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा **मोदिआइन** उपन्यासको विधातात्त्विक अध्ययन गरिएको छ । यस क्रममा यहाँ शीर्षक विधान, कथावस्तु, पात्र वा चरित्र, कथोपकथन वा संवाद, परिवेश वा वातावरण, द्वन्द्वविधान, भाषा-शैली, उद्देश्य, दृष्टिविन्दु आदिका कोणबाट **मोदिआइन** उपन्यासको विश्लेषण गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यास उनका अन्य उपन्यासहरूका तुलनामा आकारका दृष्टिले सबैभन्दा सानो हो भने विषयवस्तुका दृष्टिले सबैभन्दा ठूलो उपन्यास हो । यस उपन्यासमा महाभारतको सारांश उतारिएको छ । यस उपन्यासमा उपन्यासकारले अठ्ठार दिने कुरुक्षेत्रको युद्धलाई कुरुक्षेत्रमा युद्धरत योद्धाहरूका श्रीमतीहरूले विवशतापूर्वक हेरिरहेको कारुणिक सन्दर्भ प्रस्तुत गरेका छन् र यही विषयलाई नै विचार प्रतिपादनको आधार बनाएका छन् (ढकाल, २०५६:११२)। यस उपन्यासको विषय पौराणिक भए पनि कोइरालाले यसलाई आधुनिकता र समसामयिकतामा ढाल्ने प्रयत्न गरेका छन् । यस उपन्यासलाई वैचारिक घनत्वको पूर्ण उपन्यास मान्न सकिन्छ किनभने यस उपन्यासको घटनामा नै विचार प्रबल रूपमा आएको छ । गीता-दर्शनका परम्परागत मूल्य र मान्यताप्रति असहमति जनाउँदै कोइरालाले यस उपन्यासमा मानवतावादी विचारको प्रतिपादन गरेका छन् । यहाँ यस उपन्यासको विधातात्त्विक विवेचना गरिएको छ ।

## ४.२ मोदिआइन उपन्यासको शीर्षक विधान

प्रत्येक साहित्यिक कृतिको कुनै न कुनै नामकरण गरिएको हुन्छ, जसलाई शीर्षक भनिन्छ । कुनै पनि कृतिको संरचना विभिन्न आवश्यकहरूको संयोजनद्वारा भएको हुन्छ र समष्टिमा सिङ्गो कृतिलाई चिनाउने शीर्षकको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

नेपाली साहित्यका वहुमुखी प्रतिभाका धनी विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना छवटा उपन्यासहरूमार्फत नेपाली उपन्यासको क्षेत्रमा महत्त्वपूर्ण पहिचान कायम गरेका छन् । लेखनको दृष्टिले **मोदिआइन** उपन्यास २०२० साल माघ १५, १६ र १७ गते गरी जम्मा तीनदिनमा लेखिएको यस उपन्यासमा जम्मा ६० पृष्ठ रहेको भए तापनि विषयवस्तुको हिसाबले व्यापक रहेको छ ।

ॅम' पात्र मिसरीसँग दरभङ्गा घुम्न गएको प्रस•बाट प्रारम्भ गरिएको र मोदिआइनले महाभारतकालीन युद्धको विषयलाई लिएर ॅम' पात्रलाई स्वरकल्पनाको रूपमा कथा सुनाएको विषयलाई लिएर उपन्यास लेखिएको छ । तसर्थ प्रस्तुत उपन्यासको शीर्षक चयन अति स्वाभाविक रूपमा भएको छ किनभने उपन्यासको कथावस्तु प्रस्तुतिको केन्द्रबिन्दु मोदिआइनलाई नै बनाएको छ । उपन्यासमा लेखिएको छ, "घर पुग्दा सबैले मलाई घेरेर सोधे- ॅदरभङ्गामा के देख्यौ ? मैले भनेँ- ॅमोदिआइन' ।' (**मोदिआइन**, पृ. ६०)

यस आधारमा पनि के प्रस्ट हुन्छ भने ॅम' पात्र दरभङ्गामा महाराजको दरबार छ रे, हात्तीसार छ रे, ठूलो अस्तबल छ रे, कचहरी छ रे, ठूला-ठूला घर छन् रे ... (**मोदिआइन**, पृ. २) भनेर सुनेको र तिनै चिजबस्तुहरू हेर्नको लागि गएको तर दरभङ्गामा उनको मोदिआइनसँग भेट भएको र उनैको सानो झुपडीमा बास बस्दा मोदिआइनले सुनाएको महाभारतकालिन कुरुक्षेत्रको लडाइले र त्यसबाट सृजना भएको परिस्थितिले गर्दा ॅम' पात्रको दिमागमा मोदिआइन नामक एक महिला र त्यही उनले सुनाएको कथा बाहेक कुनैपनि कुरा ॅम' पात्रको दिमागमा नरहेको र बारम्बार उही मोदिआइनलाई सम्झनाको कारणले गर्दा यस उपन्यासमा दिइएको **मोदिआइन** शीर्षक सार्थक देखिन्छ ।

## ४.३ मोदिआइन उपन्यासको कथावस्तु

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यास आयाम वा संरचनाका दृष्टिले सानो देखिन्छ तर यसभित्रको सङ्क्षिप्त कथावस्तुले व्यापक वरिवेशलाई ओगटेको छ । यस उपन्यासमा ॅम' पात्रले भारतको दरभङ्गा सहर हेर्ने सिलसिलामा सामान्य कथाको उठान गरी भारतवर्षीय इतिहासमा घटेको महाभारतको युद्धलाई समेट्ने प्रयास गरेको देखिन्छ । सानो संरचनामा पनि ठूलो घटनालाई तारतम्ययुक्त बनाई प्रस्तुत गरिएको हुँदा यस उपन्यासभित्र व्यापक कथावस्तु समेटिएको देखिन्छ । उपन्यासले मानव जीवनको आन्तरिक तथा बाह्य दुबै पक्षलाई समेटेको हुन्छ । त्यसैले उपन्यासले मानवीय जीवन-जगत्प्रति प्रत्यक्ष सरोकार राख्दछ भन्न सकिन्छ । उपन्यासको स्वरूपमा कल्पनाको जलप लगाइने भए पनि कथावस्तुले भने यर्थाथलाई अंगालेको हुन्छ ।

**मोदिआइन** उपन्यासको सङ्क्षिप्त कथावस्तु यस्तो देखिन्छ :

ॅम' पात्र यस उपन्यासको अर्को पात्र मिसिरजीसँग दरभङ्गाको यात्रामा निस्कन्छ । यस क्रममा दरभङ्गाको रेलवे स्टेशननिर हडाहा पोखरीको किनार नजिकको पसल्नी मोदिआइनकहाँ उनीहरू बास बस्न पुग्दछन् । नजिकको हडाहा पोखरीमा उनीहरू नुहाउन जाँदा किनारबाटै नुहाउनुपर्ने सुझाव मोदिआइनले ॅम' पात्रलाई दिदै "पौडिन जान्दछु, भन्ने घमण्ड, तलाउ, वापी रह दहसामु नगर्नु । देउता  बसेका हुन्छन् , इनमा र गर्वका बोली

सुने भने मन पराउँदैनन् । यै हडाहा तलाउमा कति मै हुँ भन्ने.........।" (**मोदिआइन**, पृ. ११)

यसरी हडाहा पोखरीमा हुनसक्ने दुर्घटनाबाट पहिले नै सचेत गराउँछे । राती मिसिरजी बाहिर जान्छन् । मोदिआइनका बूढाबूढी पनि भित्रपट्टि सुतेकाले हडाहा पोखरीमा छप्लाङ्गको आवाजले ॅम' पात्रको मनमा त्रास पैदा भई ऊ सुत्न सक्दैन र मिसिरजीलाई बोलाउँछ । मोदिआइन उठेर बालक ॅम' पात्रसँगै आउँछे र हडाहा पोखरीको किम्वदन्तीका बारेमा उसलाई सुनाउँछे । मोदिआइनले सुनाएको किम्वदन्तीबाट ॅम' पात्र रोमाञ्चित भई झन् अरू कथा सुन्ने रुचि राखेको देखिन्छ । "तिमीलाई कथा मन पर्छ ? सुनाऊँ ?" मैले बडो आश्वस्त मानेर भनेँ- "सुनाऊ, मोदिआइन !" (**मोदिआइन**, पृ. २६)

मोदिआइन महाभारतकालीन कथा सुनाउन थाल्छे । ऊ महाभारतकालीन ॅनारीँ का आँखाबाट देखिने कथा भनिरहेकी हुन्छे । महाभारतको जुवा खेलमा द्रौपदीलाई निर्वस्त्र पारेर बेइज्जत गरेको कथासम्म आइपुग्दा मोदिआइन स्वयम् महाभारतकालीन नारीका रूपमा रूपान्तरित भइसकेकी हुन्छे । कौरव र पाण्डवका बीच युद्ध निश्चित भएपछि उपन्यासमा प्रयुक्त ॅनारी' को सैनिकपति एकाबिहानै उसँग छुट्टिएर जान लाग्दा विदा दिन नसकी आफ्ना आँखा आँशुले टम्म भरेर उठाएकी ॅनारी' ले युद्धमा आफ्नो प्रियतम मरेको कल्प-कल्प बितिसक्दा पनि उसालई कहिल्यै विदा दिन नसकेको कुरा व्यक्त गर्दछे । युग-युगदेखि आफ्नो प्रियतमको शरीर खसेको ठाउँमा आएर बसिरहेको कुरा सुनाउँछे र भविष्यमासमेत बसिरहने सङ्केत गर्दै सो कथा टुङ्गिन्छ । भोलिपल्ट मिसिरजीसँगै ॅम' पात्र घर पुग्दछ र उपन्यास पनि समाप्त हुन्छ ।

यसरी **मोदिआइन** उपन्यासको कथावस्तुलाई हेर्दा ॅम' पात्रको बाल्यकालीन घटनाको मधुरस्मृतिलाई कल्पनाको जलप लगाएर उपन्यास लेखिएको देखिन्छ । यस उपन्यासमा प्रस्तुत गरिएको ६ परिच्छेदहरूमध्ये प्रथम परिच्छेदमा उपन्यासको भावभूमिको परिचय गराइएको छ । दोस्रो परिच्छेदमा दरभङ्गा यात्रा तथा मोदिआइनकहाँ बास बसकोसम्म चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा दरभङ्गा सहर र त्यहाँको चहलपहल तथा राजवैभवको वर्णन गरिएको छ । चौथो परिच्छेदमा कथानकको अतीतोन्मुख प्रवेश भएको देखिन्छ । यस परिच्छेदमा मोदिआइनले तान्त्रिक, मछुवारिन र हडाहा पोखरीका बारेमा गरेको दन्त्य कथात्मक चर्चासँगै उपन्यासको कथावस्तुले महाभारतको कथासम्म प्रवेश गरेको छ । पाँचौ परिच्छेदमा आएर महाभारतको युद्धस्थितिको वर्णन गर्दै कुरुक्षेत्रको युद्ध अन्त्य भएको वर्णन छ भने छैठौँ परिच्छेदमा आएर उपसंहारका रूपमा कथाको अन्त्य गरिएको छ । यस उपन्यासको प्रस्तुत कथावस्तु अनौठो देखिन्छ । त्यो अत्यन्त रोचक तथा कौतुहलपूर्ण र मर्मस्पर्शीसमेत छ । कथावस्तु अनौठो भए पनि यसले उपन्यासका विधागत स्वरूपलाई पूर्णता दिएको छ । यस उपन्यासको आयाम सानो भए पनि आदि, मध्य र अन्त्यको शृङ्खला भने मिलेको छ । ऐतिहासिक घटनालाई कथानकका रूपमा प्रयोग गरिएकाले यस

उपन्यासको कथानक यथार्थनिकट पनि रहेको देखिन्छ । यस उपनयासले व्यङ्ग्यात्मक रूपबाट आजको युगलाईसमेत छुने गरेकाले यसमा युगीन सान्दर्भिकता पनि झल्किएको छ ।

## ४.४ मोदिआइन उपन्यासमा पात्र

उपन्यासमा जीवनलाई यथार्थ रूपले उतार्ने क्रममा चरित्रलाई माध्यम बनाइएको हुन्छ । यस क्रममा उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासका पात्रहरूको छनौट, यसको कथानकसँग सामञ्जस्य हुने किसिमले गरेका छन् । जसलाई निम्न किसिमले वर्गीकरण गरी प्रस्तुत गर्न सकिन्छ :

(क) मानवीय पात्रहरू

यस अन्तर्गत दुई प्रकारका पात्रहरू छन् :

(१) प्रमुख तथा सशक्त पात्र - **मोदिआइन** र 'म'

(२) सामान्य पात्र - 'मिसिरजी' र 'मोदी'

(ख) पौराणिक पात्रहरूमध्ये सशक्त पात्रहरूमा कृष्ण र अर्जुन तथा सामान्य पात्रहरूमा युधिष्ठिर, भीम, द्रौपदी, भीष्म, द्रोणाचार्य, कृपाचार्य, दुर्योधन आदि ।

(ग) स्वैरकल्पित पात्रहरूमा - नारी, मछुवारिन र तान्त्रिक ।

यस उपन्यासमा प्रमुख पात्रका रूपमा पसल्नी **मोदिआइन** र 'म' पात्र रहेका छन् । साथै यही मोदिआइनलाई महाभारतकालीन पीडित 'नारी'का रूपमा पनि प्रस्तुत गरिएको छ । 'म' पात्रका रूपमा स्वयम् उपन्यासकार कोइराला प्रस्तुत भएका देखिन्छन् । यी दुबैलाई यस उपन्यासका प्रमुख पात्रहरू मान्न सकिन्छ किनभने यी दुबैको वार्तालापबाट नै उपन्यास अघि बढेको छ ।

मोदिआइनलाई साधारण स्तरको पसल(भोजनालय) चलाउने आइमाईका रूपमा प्रस्तुत गरिएको छ तर उसले 'नारी' को लोग्नेलगायत अन्य ठूला-ठूला व्यक्तिहरू महाभारतको युद्धमा होमिएको सुनेकी र सोही कथालाई दार्शनिक ढङ्गमा व्यक्त गरेकी छे ।

उपन्यासका अन्य पात्रहरूलाई गौण पात्र मान्न सकिन्छ । मिसिरजी, मोदी आदि गौण पात्र हुन् । अप्रत्यक्ष रूपमा आएका पौराणिक पात्रहरू (कृष्ण, अर्जुन, भीष्म, द्रौपदी आदि) को पनि प्रयोग यसमा भएको पाइन्छ । साथै उपन्यासको कथावस्तु अगाडि बढ्ने क्रममा यस्तै सहायक पात्रका रूपमा कौरवपक्ष र पाण्डव पक्षका चरित्रहरूको पनि अप्रत्यक्ष

किसिमले प्रयोग भएको पाइन्छ । भूमिकाको दृष्टिले ‘म’ मात्र स्रोतका रूपमा देखिन्छ भने मोदिआइन मानवताको वकालत गर्ने मुख्यतः वक्ता पात्रका रूपमा प्रस्तुत भएकी छे । त्यस्तै पौराणिक पात्र कृष्णलाई गीता-दर्शनको चर्चा गर्ने सन्दर्भमा प्रयोग गरिएको छ । कृष्णलाई उपन्यासकार कोइरालाले मानवता विरोधी पात्रका रूपमा चित्रण गरेका छन् किनभने कृष्णले धर्मयुद्धका नाममा गीता-दर्शनलाई ढाल बनाएर अर्जुनलाई आफ्ना स्वजनहरूको हत्या गर्न उकास्ने कार्य गरेका छन् ।

यसरी कोइरालाले मोदिआइन उपन्यासका पात्रहरूलाई मानवतावादी र मानवताविरोधी पात्रका रूपमा प्रयोग गरेका छन् । यही दुईधारका वा दुई ध्रुवीय चरित्रहरूका माध्यमबाट नै उपन्यासकारले आफ्नो विचारलाई प्रक्षेपण गर्न सफल भएका छन् । यस उपन्यासमा भौतिक जगत्का, पौराणिक जगत्का र स्वैरकल्पित पात्रहरूलाई उपन्यासकार कोइरालाले राम्रोसँग संयोजन गरेका छन् । ‘मोदिआइन’, ‘म’ र मिसिरजी भौतिक जगत्का अर्थात् सामाजिक पात्रहरू हुन् भने कृष्ण, अर्जुन, युधिष्ठिर, भीम, द्रौपदी, भीष्म, द्रोणाचार्य, कृपाचार्य, दुर्योधन आदि पौराणिक जगत्का पात्रहरू हुन् । साथै तान्त्रिक मछुवारिन तथा नारी स्वैरकल्पित पात्रहरू हुन् र यी सबै पात्रहरूको चरित्रगत समष्टिले सिङ्गो उपन्यास गतिशील भएको छ (ढकाल, २०५६:११६)। **मोदिआइन** उपन्यासभित्रका तीनजना नारी पात्रहरूमध्ये एक स्वयम् मोदिआइन हो । ऊ प्रस्तुत उपन्यासकी सशक्त पात्र हो भने उसैद्वारा उपन्यासको कथावस्तु अघि बढेको छ । मोदिआइन हडाहा पोखरीमा जान लागेको ‘म’ पात्रलाई त्यस पोखरीको ऐतिहासिक सन्दर्भबारे प्रस्ट पार्ने क्रममा उसलाई बालसुलभ तरिकाले सो पोखरीको विशेषता औँल्याएर सावधान गराउँदै भन्छे :

> “तिमी पनि जाऊ नुहाउन तलको “हडाहा तलाव” मा । निर्मल पानी छ,
> ठण्डा, तर किनारैमा न्वहाउनु, भित्र टाढा नजानु । बडो गहिरो छ हडाहा ।”

(**मोदिआइन**, पृ. ११)

मोदिआइनको यस किसिमको भनाईले हडाहा पोखरी रहस्यमय छ भन्ने बुझिन्छ । ‘म’ पात्रले ‘मलाई पौडिन आउँछ’ भन्दा ऊ फेरि भन्छे :

> पौडिन जान्दछु भन्ने घमण्ड तलाव, वापी, रहदहसामु नगर्नु ।
>
> देवता बसेका हुन्छन्, यिनमा र गर्वका बोली सुने भने मन
>
> पराउँदैनन् । यही हडाहा तलावमा कति मै हुँ भन्ने .... ।

(**मोदिआइन**, पृ. ११)

यसरी हडाहा पोखरीका बारेमा मोदिआइनले ँम' पात्रलाई वृतान्त बताउँछे । जसबाट मोदिआइनलाई हडाहा पोखरीको रहस्यसम्बन्धी विशेष रूपमा जानकारी भएको कुरा थाहा लाग्दछ । यसबाट मोदिआइनलाई मिथकीय पात्रका रूपमा प्रयोग गरेको पनि बोध हुन्छ । यस उपन्यासमा मछुवारिन नामक पात्रबाट महाभारतकालीन युद्धका समयमा ठूला गिद्धले एउटा योद्धाको लासलाई हडाहा तलाउमा खसालेको रहस्य खुलाइएको छ । यस क्रममा उपन्यासको कथा अघि बढ्दा अर्की नारी पात्र ँनारी' अप्रत्यक्ष रूपबाट सशक्त पात्रका रूपमा देखिएकी छे । यही ँनारी' का माध्यमबाट नै उपन्यासमा महाभारतकालीन कुरुक्षेत्र युद्धको कलात्मक चित्र उतारिएको छ । ँनारी' यस उपन्यासमा प्रत्यक्ष रूपमा नदेखिने तर उपन्यासको मूल चुरो खोतल्ने पात्रका रूपमा स्थापित पात्र हो किनभने यस पात्रद्वारा तत्कालीन महाभारतीय युद्धबाट सिर्जित लाखौं नारीको युगीन पीडालाई मार्मिक ढङ्गबाट अभिव्यक्त गरिएको छ । यसबाट उपन्यासमा तिलस्मीजादूमूलक एवम् अतिरञ्जित पात्रको चरित्रचित्रण गरिएको पनि पाइन्छ ।

यस उपन्यासमा मोदिआइन बालक ँम' पात्रप्रति निकै आकर्षित हुन्छे । उसले ँम' पात्रप्रति देखाएको आत्मीयता तथा ममताबाट ऊ सन्तानप्रति लालायित छे भन्ने स्पष्ट हुन्छ । ँम' पात्रले पनि उनीहरूको घरमा कोही केटाकेटी नभएको कुरा उपन्यासमा व्यक्त गरेबाट पनि यस कुराको पुष्टि हुन्छ । आफूप्रति मोदिआइनको ममता पोखिएको कुरालाई व्यक्त गर्दै ँम' पात्र भन्छ :

> उसको मेराप्रति बडो आत्मीयताको व्यवहार थियो ।
>
> (**मोदिआइन**, पृ. ११)

> फेरि बडो मायाले मैले खाइरहेको हेरेर मोदिआइनले भनी-बबुआ तिमी के गर्छौ ? पढ्छौ कि पढ्दैनौ ।
>
> (**मोदिआइन**, पृ. १३)

मोदिआइन उपन्यासमा प्रस्तुत भएका यी पात्रहरूमध्ये उपन्यासकारले मोदिआइनलाई आम महिलाहरूभन्दा छुट्टै किसिमको देखाएका छन् । त्यो नारी स्थानीय बासिन्दा होइना र ऊ कहीँबाट आएकी स्त्री हो भन्ने कुराको सङ्केत उनले दिन खोजेका छन् । त्यस्ती खाइलाग्दी र लोभ लाग्दी स्त्रीको पति मोदीलाई उपन्यासकारले रोगी तथा खोकिरहने खाल्डा परेको अनुहार र करङ्गै-करङ्को शरीर भएको व्यक्तिको रूपमा देखाएका छन् ।

प्रस्तुत **मोदिआइन** उपन्यासभित्रका अप्रत्यक्ष पौराणिक पात्रहरू कृष्ण, अर्जुन, द्रौपदी आदिलाई गीता-दर्शन प्रस्तुतिका सन्दर्भमा प्रयोग गरिएको छ । यस उपन्यासमा अठार

अध्यायको गीता-दर्शनद्वारा अर्जुनलाई युद्धका लागि अभिप्रेरित गराउने पात्रका रूपमा कृष्णलाई चित्रित गरिएको छ । त्यस्तै अर्जुनलाई मानवबाट देवत्व प्राप्त गर्ने व्यक्तिका रूपमा चित्रण गरिएको छ । त्यस्तै अर्जुनलाई मानवबाट देवत्व प्राप्त गर्ने व्यक्तिका रूपममा चित्रण गरिएको छ । यस सन्दर्भमा उपन्यासकार कोइरालाले ॅनारी' का माध्यमबाट अर्जुनको चित्रण यसरी गरेका छन् :

> अठार अध्यायको गीताश्रवण गरेपछि मानव मानव रहँदैन, त्यो ईश्वरारुढ व्यक्ति हुन्छ , ....मानव यसरी नै अन्त्यमा ईश्वर शक्तिको अगाडि घुँडा टेकिदिन्छ उन्मादित भएर एक लक्ष्यपट्टि धावित भएर..... ।
>
> (**मोदिआइन**, पृ. ५६)

उपन्यासकारको यस किसिमको अभिव्यक्तिबाट गीता-दर्शनले मान्छेलाई एकोहोरो बनाउँछ भन्ने कुरालाई पुष्टि गर्न खोजेको देखिन्छ । यसरी यस उपन्यासमा पौरणिक पात्र कृष्ण र अर्जुनको चरित्रलाईसमेत बेग्लै र विशेष किसिमले प्रस्तुत गरीएको छ । साथै द्रोपदीलाई पनि नारी हृदयशून्य भएकी स्त्रीका रूपमा चित्रण गरिएको छ ।

माथि वर्गीकरण गरिएका पात्रहरूलाई पुरुष र स्त्रीका रूपमा पनि विभाजन गर्न सकिन्छ । त्यसरी वर्गीकरण गर्दा उपन्यासमा मोदिआइन, मछुवारिन, नारी र द्रोपदी गरी चारजना स्त्री पात्रहरू तथा अन्य पुरुष पात्रहरू रहेका देखिन्छन् । ती मध्ये पनि मोदिआइन र ॅम' पात्र नै यस्ता प्रमुख पात्र हुन् जसले गर्दा उपन्यासले आफ्नो स्वरूप प्राप्त गर्न सकेको छ । यस उपन्यासकी मोदिआइनको आकर्षक व्यक्तित्व र असल व्यवहारले सबैलाई उसप्रति आकर्षित गरेको छ । ॅम' पात्रले पनि उपन्यासमा महत्त्वपूर्ण स्थान ओगटेर उपन्यासलाई सुन्दर एवम् आकर्षक बनाउने कार्य गरेको छ । त्यसैले ॅम' पात्र पनि सशक्त पात्रअन्तर्गत पर्ने कुरालाई नकार्न सकिन्न । त्यस्तै कृष्ण र अर्जुनलाई गीता-दर्शनलाई मानवताविरोधी कार्यका लागी प्रयोग गर्ने व्यक्तिका रूपमा चित्रण गरिएको छ । सानो घटना लिएर धेरै विषयवस्तु समेटिएको प्रस्तुत उपन्यासमा सशक्त पात्रहरू थोरै रूपमा मात्र चित्रित भए पनि उपस्थित पात्रहरूका सजीवताले उपन्यासको चरित्रचित्रण निकै प्रभावकारी बन्न गएको छ ।

## ४.५ मोदिआइन उपन्यासमा कथोपकथन

मोदिआइन उपन्यासमा उपन्यासकार कोइरालाले पात्रअनुकूलको संवाद प्रयोग गरेका छन् । यस उपन्यासमा ॅम' पात्र र मोदिआइन बीचको वार्तालापबाट नै उपन्यासकार अतीतको घटनालाई कोट्याउन सफल भएको पाइन्छ र उक्त अतितको घटना नै

'मोदिआइन'मा वर्तमानको कथावस्तुका रूपमा प्रयोग भएको छ । यसबाट पनि उपन्यासमा कथोपकथन वा संवादको महत्त्वपूर्ण भूमिका रहेको कुरा स्पष्ट हुन्छ ।

प्रस्तुत **मोदिआइन** उपन्यासको कथोपकथनलाई हेर्दा सुरुमा सामान्य किसिमकै संवाद देखिन्छ । भने उपन्यास अघि बढ्ने क्रममा संवाद पनि कौतुहलतातार्फ उन्मुख भएको पाउन सकिन्छ । उदाहरणार्थ : 'मिसिरजी', 'म' र **मोदिआइन** बीचको संवादलाई लिन सकिन्छ । 'म' पात्रको मिसिरजीसँगै दरभङ्गा घुम्न जाने हठयुक्त वार्तालाप, दरभङ्गा पुगेपछि मोदिआइनसँगको भेटमा भएको वार्तालाप र राति मोदिआइने कथा सुनाउने क्रममा भएका संवादहरूलाई यस सन्दर्भमा लिन सकिन्छ । यस उपन्यासमा मोदिआइन र 'म' पात्रका बीचको कुराकानीमा बालसुलभ तथा ममताले भरिएको संवाद पाउन सकिन्छ, जस्तै :

> ल बसेर खाऊ मिसिरजीलाई पर्खिनु पर्दैन, ...केटाकेटीले पर्खिनु पर्दैन । ... बबुआ तिमी के गर्छौ ? पढ्छौ कि पढ्दैनौ ?..... के पढ्छौ नानी ?
>
> (**मोदिआइन**, पृ. १३)

मोदिआइनका यस्ता प्रश्नमा 'म' पात्रले यसरी जवाफ दिन्छ-पढ्छु । ए, बी, सी, डी ..... । (**मोदिआइन**, पृ. १३)

मोदिआइन र 'म' पात्रबीचका यस किसिमका संवादमा बालसुलभ र ममत्वले भरिएको भाव पाउन सकिन्छ । 'म' पात्रको पशनमा बालसुलभ जिज्ञासा पनि देखिन्छ, जस्तै :

> मोदिआइन के त्यहाँ देउता बास गर्छन् ? घमण्ड गर्नेलाई सहदैनन् के ?
>
> कति मानिस डुबेका छन् हँ ? (**मोदिआइन**, पृ. १३)

यस किसिमका संवादले उपन्यासलाई अगाडि बढाउन सघाउ पुऱ्याएको देखिन्छ । 'म' पात्र र मोदिआइनबीचको संवाद अन्यत्र पनि त्यत्तिकै कौतुहलपूर्ण रहेको पाइन्छ ।

**मोदिआइन** उपन्यासमा तान्त्रिक र मछुवारिनका बीचको संवादले हडाहा पोखरीको रहस्योद्घाटन गर्न सफल भएको देखिन्छ जुन रहस्यले मिथकीय रूपमा तत्कालीन कौरब-पाण्डव बीचको युद्ध र त्यसको युगीन प्रभावलाई अभिव्यक्त गरेको छ । त्यस्तै 'नारी' र उसको सैनिक पतिबीचको संवादले नारी र पुरुषबीच हुने प्रेम तथा आकर्षणलाई उजागर गरेको देखिन्छ । साथै त्यस्ता संवादले प्रेमीको व्याकुलतामा रहेका नारीहरूको मानसिकता तथा उनीहरूको नियतिलाइ प्रस्ट्याउन खोजेको देखिन्छ । यसरी नै कृष्ण र अर्जुनबीचको कथोपकथन वा संवादमा दैवी शक्तिका अगाडि मानवीय शक्तिलाई कमजोर देखाउने प्रयास रहेको स्पष्ट हुन्छ । तसर्थ मोदिआइन उपन्यासभित्रको कथोपकथन वा संवाद पात्रानुकूल र

परिवेशअनुसार रहेको देखिन्छ र यसले उपन्यासको विधातात्विक निर्माणमा महत्त्वपूर्ण रूपले सघाउ पुऱ्याएको छ ।

## ४.६ मोदिआइन उपन्यासको परिवेश

सफल र सचेत उपन्यासकारले आफ्नो उपन्यासको रचना गर्दा कार्यपीठिकामाथि विशेष ध्यान दिएको देखिन्छ । उपन्यासकार कोइरालाले पनि मोदिआइन उपन्यासको कार्यपीठिका वा परिवेशमाथि विशेष सचेतता देखाएका छन् ।

प्रस्तुत **मोदिआइन** उपन्यासमा भएका तथा घटना घटेका मुख्य स्थानका रूपमा दरभङ्गाको रेलवे स्टेशननजिकैको हडाहा पोखरीको किनारको छेउछाउको भाग भारतीय कुरुक्षेत्र आदिलाई उपन्यासको स्थानिक परिवेश मान्न सकिन्छ । यस उपन्यासको तत्कालीन परिवेश समयसापेक्ष नै देखिन्छ । उपन्यासको सुरुमा भारतको प्राचीन सहर दरभङ्गाको रेलवे स्टेशन र त्यहाँको प्लेटफार्ममा भएको भीडभाड तथा चहलपहल र दौडादौडीले त्यहाँको नगर-परिवेशलाई यथार्थ रूपमा देखाउने कार्य गरेको छ । अर्कातर्फ दिउँसोको समयमा सहरको चहलपहल शुन्य भएको वर्णन पनि पाइन्छ । यस किसिमको चर्चामा त्यहाँको स्थानीय परिस्थितिलार्य जोगाउन खोजिएको छ । त्यस्तै हडाहा तलाउको वर्णनमा पनि वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

यस **मोदिआइन** उपन्यासको मुख्य पात्र मोदिआइन युवती अवस्थामा हिँड्दा त्यहाँको वातावरणलाई मनमोहक ढङ्गले प्रंस्तुत गर्ने प्रयास उपन्यासकाले गरेका छन्, जस्तै :

> सुगन्धीले भरिएको वायुमा जङ्गलका पात लहराहरू बराबर
> सिहरदै काँप्तथे । रुखहरूमा बसेर चराचरुङ्गी चिरिविरी
> गरिरहेका थिए । ....... कोयलीको तीखो कुजनले वन
> घन्किन्थ्यो । (**मोदिआइन**, पृ. ३५)

यसरी यस उपन्यासमा जङ्गलको परिवेश पनि वर्णित छ । ग्रामीण परिवेशको चित्रण पनि यस उपन्यासमा पाइन्छ । सूर्योदय युद्धोदयमा परिवर्तित भएको परिवेश पनि वर्णित छ :

> सूर्यको प्रथम किरण कुरुक्षेत्रमा पर्ने बित्तिकै त्यो विशाल मैदान
> धप्प गरेर प्रज्ज्वलित भयो । रथका शिखर योद्धाहरूको कवच,
> हात-हतियार, तरवार, तरकुश, वाण, खुँडा, भाला, सेनापतिका
> मुकुट, घोडा, हात्तीका साज शृङ्गार सबै एकैचोटि विस्फोटित

भएजस्तै सूर्यको किरणले धप्प भए । (**मोदिआइन**, पृ. ४६)

यस किसिमको वर्णनले उपन्यासमा युद्धक्षेत्रको परिवेश वा वातावरणलाई सजीव रूपले प्रस्तुत गरेको देखिन्छ । समग्रमा **मोदिआइन** उपन्यासको परिवेश तथा वातावरण यसको कथासापेक्ष एवम् घटना अनुरूपको रहेको छ र यस परिवेशले उपन्यासलाई यथार्थभैँ प्रस्तुत गरेको छ ।

## ४.७ मोदिआइन उपन्यासमा द्वन्द्वविधान

उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा द्वन्द्वविधानको आयोजना गीता-दर्शनको असहमतिमा र मानवतावादी दर्शनको स्थापना गर्ने क्रममा प्रस्तुत गरेका छन् । साथै यस उपन्यासमा बालसुलभ कौतुहलता र नारीको अतृप्त प्रेमलाई पनि द्वन्द्वको आधारभूत विषय बनाइएको छ । यिनै तीन किसिमका विषयलाई प्रस्तुत गर्ने क्रममा नै द्वन्द्वले फस्टाउने मौका पाएको छ ।

उपन्यासको सुरुमा नै ‘म’ पात्र र मिसिरजीकाबीच सकारात्मक तथा आन्तरिक द्वन्द्व देखिन्छ । ‘म’ पात्रको दरभङ्गा घुम्न जाने ढिपी र मिसिरजीको सकेसम्म उसलाई नलाने मनस्थितिमा द्वन्द्वको सिर्जना भएको छ । ‘म’ पात्रले दरभङ्गा नगई नछाड्ने जिद्दी गरेपछि मिसिरजी उसलाई भन्छन् :

> कहाँ जान्छौ बाबु ? मलाई एउटा काम छ । भोलि
>
> लगत्तै फर्केर आउँछु । किन दुःख पाउन जान्छौ ?

‘म’ पात्रले पनि आफ्नो जिद्दी दोहोऱ्याउँछ :

> मैले दरभङ्गा देखेको छैन ।
>
> मिसिरजीले सोध्छन्-के छ र त्यहाँ हेर्ने कुरा बाबु ? (**मोदिआइन**, पृ. २)

यसरी ‘म’ पात्र र मिसिरजीको सामान्य वार्तालापमा पनि द्वन्द्वको आभाष पाइन्छ । उनीहरू दरभङ्गा पुगेपछि मोदिआइन र ‘म’ पात्रकाबीच आन्तरिक तथा बाह्य दुबै द्वन्द्व देखिन्छ किनभने मोदिआइनले हडाहा-तलाउका बारेमा रहस्यमय कुरा गरेपछि बालक ‘म’ पात्रका मनामा अज्ञात जिज्ञासा पैदा भएको छ र उसको सोचाइ भययुक्त तर कौतुहलमय पनि भएको देखिन्छ :

> मोदिआइन महाभारतकालका मानिसहरू त्यति पछिसम्म
>
> बाँच्छन् र ? ‘मधुवारिन’ थी र साँच्चै ? .......... ऐले

पनि होली त्यो स्वास्नी मानिस ? (**मोदिआइन**, पृ. २२-२३)

‘म’ पात्रका यस किसिमका प्रश्नमा बालसुलभ कौतुहलता लुकेको छ । सोही कौतुहलताले गर्दा मनोद्वन्द्वको सिर्जना गरेको छ । यसबाट उपन्यासमा मनोद्वन्द्वको पनि प्रयोग भएको छ भन्ने बुझिन्छ ।

त्यस्तै यस **मोदिआइन** उपन्यासमा स्वैरकल्पित पात्रहरू तान्त्रिक र मछुवारिनकाबीचमा पनि उपन्यासकारले द्वन्द्वको सिर्जना गरेका छन् । तान्त्रिक र मछुवारिनमा केहीबेरको कुराकनीपछि द्वन्द्वको सिर्जना हुन्छ किनभने तान्त्रिक मछुवारिनकाबारेमा जान्न चाहन्छ तर मछुवारिन बताउन चाहन्न :

म को हुँ तिमीलाई के चासो? हाँसेको किनभने कलियुगमा

मानिस मात्र खिइएनन् कि पशुपंछी पनि खिइसके । .......

महाभारतको पालामा कुरुक्षेत्रबाट एउटा योद्धाको शरीरलाई

टिपेर उडेको चीलले त्यहीँ वापीमा आएर त्यही शवलाई

फ्याँकेको थियो । (**मोदिआइन**, पृ. २०)

मछुवारिनका यस किसिमका कुराले तान्त्रिकको मनमा शङ्का उब्जन्छ र द्वन्द्व मच्चिन्छ अनि उः फेरि सोध्छ :

तिमी को हौ बताउः, यो कुरा तिमीले कसरी थाहा पायौ

मछुवारिनको मुखबाट मुस्कान हठात् उडेर गयो र विषादले

त्यो भरियो । (**मोदिआइन**, पृ. २०)

**मोदिआइन** उपन्यासमा पात्रहरूकाबीच यस किसिमको कुराकानीबाट द्वन्द्वको सिर्जना भएको छ ।

मोदिआइनले ‘म’ पात्रलाई कथा सुनाउने क्रममा कथा सन्दर्भ महाभारतीय कथामा पुगेपछि ‘नारी’ र उसको लोग्नेबीचमा भएका कुराकानीमा सुरुमा सामान्य द्वन्द्व पाउन सकिन्छ । यस किसिमको द्वन्द्व प्रायः सबै स्त्री-पुरुषका बीच हुने गर्दछ तर ‘नारी’ को पतिवियोगमा भने उसलाई मानसिक द्वन्द्वले पीडित बनाएको छ । कौरव र पाण्डवबीच युद्ध हुने वा नहुने भन्ने द्विविधा मनमा खेलिरहको हुन्छ ।

**मोदिआइन** उपन्यासका पौराणिक पात्रहरू कृष्ण र अर्जुनकाबीचको द्वन्द्व सकारात्मक हुँदै नकारात्मकतर्फ गएको छ । ६० किनभने अर्जुनले कृष्णसमक्ष आफ्ना स्वजनलाई हत्या नगर्ने विचार प्रकट गरेको देखिएकाले एवम् कृष्णसमक्ष गरेको सो तर्कले सकारात्मक द्वन्द्वलाई सिर्जना गरेको पाइन्छ तर कृष्णले धर्मका नाममा युद्ध गर्नका लागि गीता-दर्शनको प्रयोग गर्नुले द्वन्द्व नकारात्मकतर्फ उन्मुख भएको देखिएको छ । उपन्यासकारका विचारमा यस किसिमको युद्ध मानवताको विरुद्धमा देखिएको छ । अर्जुनले कृष्णलाई आफू स्वजनको हत्याक्रियाबाट मुक्त हुने कुरा गरिरहँदा तिनीहरूबीचको द्वन्द्वलाई सकारात्मक मान्न सकिन्छ भने त्यसपछि कृष्णले अर्जुनलाई युद्धतर्फ होम्ने तर्क अघि सारेपछि त्यसको परिणतिस्वरूप पाण्डव र कौरव पक्षबीचको द्वन्द्व नकारात्मक एवम् मानवताविरोधी मोडमा पुगेको छ ।

यसरी **मोदिआइन** उपन्यासमा घटना र पात्रअनुकूल द्वन्द्वविधानको प्रस्तुति देखिन्छ तर पनि यसमा विशेष गरी ‘नारी’ प्रति सहानुभूति पोखिएकाले उसकै आन्तरिक र वाह्य दुवै द्वन्द्वको चिरफार गर्ने काम उपन्यासकारले ज्यादा गरेका छन् ।

## ४.८ मोदिआइन उपन्यासको भाषा-शैली

**मोदिआइन** मुख्यतः विचारप्रधान उपन्यास भए पनि यसले पौराणिक तथा ऐतिहासिक घटनाप्रधान औपन्यासिक स्वरूपसमेत प्राप्त गरेको छ । यो उपन्यास बालक ‘म’ पात्रका दरभङ्गा-यात्राका क्रममा मोदिआइनले सुनाएको कथाको घटनालाई लिएर लेखिएको छ । यसमा उपन्यासकारले वर्णनात्मक शैलीलाई अवलम्बन गरेका छन् र यसको भाषा सरल, सहज छ । सामान्य बोलीचालीको भाषा पनि यस उपन्यासमा प्रशस्त मात्रामा पाइन्छ । यस उपन्यासको विषय पुराणवर्णित महाभारतमा आधारित भएको हुँदा यसमा प्रयुक्त भाषा पनि त्यहीअनुरूपको छ । कुरुक्षेत्रको युद्धवर्णन यस उपन्यासमा भएकाले उपन्यासकार कोइरालाले वर्णनात्मक शैलीलाई अँगालेका छन् । प्रयुक्त वर्णनात्मक भाषाशैलीको एउटा अंश :

> एकै छिनमा अचानक भयङ्कर घोषकासाथमा एकैचोटि
>
> शङ्ख निनाद भयो, भेरीहरू गजराजको स्वरमा गम्भीर
>
> घोष गर्दै बजे, नगडा गड्क्यो र लाखौं जनकण्ठबाट
>
> पृथ्वीलाई फाड्ने गरी जय ध्वनि गर्ज्यो-त्यो कत्रो आवाज
>
> हुन गयो भन्ने हामीलाई लाग्यो, सहस्र बज्र एकैचोटि
>
> गड्केर प्रचण्ड विस्फोटका साथ पृथ्वीमा खस्न पुगिरहेछन् ।

(**मोदिआइन**, पृ. ४५)

यस किसिमले वर्णित माथिका उद्गारहरूबाट उपन्यासकारले आलङ्कारिक भाषाको प्रयोग गरेका छन् भन्न पनि सकिन्छ । यस उपन्यासमा थोरैमा धेरै कुरा अटाउने कार्य उपन्यासकारले गरेका छन् । यस क्रममा केही भाषिक त्रुटिहरू देखिए पनि पाठकको ध्यान त्यतातिर जाँदैन । संस्कृत र हिन्दी भाषाका शब्दहरूको प्रयोग पनि यस उपन्यासमा देखिन्छ, जस्तै:

संस्कृत भाषाका: अस्तवल, वृद्ध, वाणी, गाण्डीव, जल, नर, कण्ठ, रणभूमि, कूजन, नरमुण्ड, शोणित आदि ।

हिन्दी भाषाका फिटिन, वरछा आदि ।

यस उपन्यासको भाषा कतै-कतै कवितात्मक रहेको छ । जस्तै :

> नरमुण्डमाथि नरमुण्ड चढाऊ उनलाई, मानिसका लाशको हिमालय उनका सम्मुख खडा गर, बगाऊ शोणितको रक्तिम गङ्गा उनको प्यास मेटाउन ।

(**मोदिआइन**, पृ. ५७)

यसरी **मोदिआइन** उपन्यासमा कवितात्मक तथा लयात्मक शैलीको भाषाप्रयोग गरिएको छ भने कतै आलङ्कारिक भाषा-शैली पनि पाउन सकिन्छ , जस्तै:

> निर्जन निकुञ्जमा प्रवाहित भइरहने कुनै निर्झरिणीको अजस्र ध्वनिजस्तो मोदिआइनको बोली नथामिएर, मानौँ बगिरहेको थियो ।

(**मोदिआइन**, पृ. ३२)

समग्रमा **मोदिआइन** उपन्यासको भाषा सरल एवम् सहज प्रकारको पाउन सकिन्छ । भाषिक प्रस्तुतिमा कहीँ-कहीँ वर्णविन्याससम्बन्धी त्रुटिहरू देखिए पनि उपन्यासको भाषा सुन्दर र कलात्मक देखिन्छ ।

## ४.९ मोदिआइन उपन्यासको उद्देश्य

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला मानवतावादि उपन्यासकार हुन् भन्ने कुरा उनको यस **मोदिआइन** उपन्यासको समष्टिगत अध्ययनबाट पुष्टि हुन्छ किनभने यस उपन्यासमा उनको मानवतावादी विचार तथा दृष्टिकोण अभिव्यक्त भएको छ ।

उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यास लेख्नुको मूल अभिप्राय गीता-दर्शनबाट एकोहोरो किसिमको धर्मान्धता प्रचारित भएकाले त्यसको धर्मसापेक्ष सन्देशलाई मात्र मनन् नगरी त्यसको अर्को नकारात्मक वा अमानवीय पाटोलाई पनि बुझाउनु रहेको छ । गीता-दर्शनले मानवीय जीवनसत्यको परिभाषा गर्न नसकेको कुरालाई नै उपन्यासकारले प्रस्तुत उपन्यासमा व्यक्त गरेका छन् । यस उपन्यासमा मान्छे ठूलो तथा वीर हुनुभन्दा असल हुनु वेस हो भन्ने सन्देश पाउन सकिन्छ । उपन्यासकार कोइरालाको जीवनदर्शन पनि व्यक्ति ठूलो हुनुको सट्टा असल हुनुपर्छ भन्ने रहेकै बुझिन्छ । उनले यस उन्यासका माध्यमबाट पनि त्यही जीवनदर्शनलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् ।

**मोदिआइन** उपन्यासको मूलभूत उद्देश्य समाजका हरेक मान्छे ठूलो बन्न नखोजी असल हुनपट्टि प्रेरित हुनुपर्छ भन्ने देखिन्छ । यो सन्देश उनले **मोदिआइन** उपन्यासकी मोदिआइनबाट देखाउन खोजेका छन् । मान्छे-मान्छेकै रूपमा बाँच्न पाउनुपर्छ किनभने मानवीय मूल्यहरू अनुसरण नगरी मानवजीवन सार्थक हुँदैन । कुनै कारणले गर्दा मानवीय मूल्यलाई नै मान्छेले भुल्यो भने त्यसको नराम्रो असर समाजमा पर्दछ र त्यसले लामो युगसम्म मानव विषाद्मुक्त हुन सक्दैन भन्ने मान्यता यस उपन्यासले प्रस्तुत गर्न खोजेको छ । यस उपन्यासमा गीता-दर्शनप्रतिको असहमति प्रकट गरिएको छ । गीता-दर्शनले मान्छेलाई एकोहोरो बनाई आफ्नो कर्त्तव्य पालनका नाममा कर्त्तव्यच्यूत बनाउँछ भन्ने धारणालाई उपन्यासकारले यस उपन्यासका माध्यमबाट स्थापित गर्न खोजेका छन् । त्यसैले उपन्यासभित्र उनी भन्छन् :

> अठार अध्याय गीता श्रवण गरिसकेपछि मानव-मानव रहँदैन त्यो ईश्वरारूढ व्यक्ति हुन्छ ।...मानव यसरी नै अन्तमा ईश्वरशक्तिका अगाडि घुँडा टेकिदिन्छ उन्मादित भएर एक लक्ष्यपट्टि धावित भएर ।
>
> (**मोदिआइन**, पृ. ५६)

गीता-दर्शनप्रति उपन्यासकारको यस किसिमको नकारात्मक धारणाले कृष्णलाई मानवताको विरोधीका रूपमा खडा गरेको छ । यसबाट के बुझ्न सकिन्छ भने उपन्यासकारले महाभारतको गीता-दर्शनलाई **मोदिआइन** उपन्यासमा मानव समुदायका लागि अभिशापका रूपमा प्रस्ट्याउने जमर्को गरेका छन् ।

**मोदिआइन** उपन्यास मूलतः युद्ध विरोधी र मानवताको समर्थनका लागि लेखिएको उपन्यास हो । यस उपन्यासकी ‘नारी’ को समस्यालाई संवेदनशील बनाएर प्रस्तुत उपनयासमा मानवतालाई स्थापना गर्न खोजिएको छ ।

यस उपन्यासमा मान्छेले क्षणिक सुखको लालचामा परेर आफ्नो कर्तव्यलाई कहिल्यै बिर्सनु हुँदैन भन्ने विचार प्रकट भएको छ । त्यसैले मान्छेले आफ्नोबारेमा मात्र नसोँची

समस्त समुदाय र देशका हितमा मात्र विचार पुऱ्याउनुपर्छ भन्ने सन्देश पनि यस उपन्यासबाट पाउन सकिन्छ । फेरि यहाँ नारी भनेको कोमल हृदयकी प्रतिमूर्ति भएकाले उनीहरूमा कठोरताले बास गर्नु हुँदैन भन्ने विचार एकतर्फ पाइन्छ भने अर्कोतर्फ द्रौपदीको चीरहरण जस्तो ठूलो अपमानले गर्दा नै महाभारतकालीन जनताले सङ्कटको माना गर्नु परेको पनि स्पष्ट देखिन्छ । यदि नारीलाई बिनादोष अपमान गरियो भने ऊ एकदिन रणचण्डी बन्छे र सबको संहार गर्छे भन्ने साङ्केतिक विचार पनि यस उपन्यासमा पाउन सकिन्छ । यहाँनेर यी दुवै किसिमका नारी (नारी र द्रौपदी) हरूप्रति कोइरालाको सहानुभूति रहेको छ भन्न सकिन्छ । हुन त एकातर्फ कोइरालाले द्रौपदीलाई गीता-दर्शनकै सन्दर्भमा रहेका छन् भने अर्कोतर्फ उनलाई अन्यायलाई सहन नगर्ने तथा शत्रुलाई पाठ सिकाउने नारीका रूपमा पनि देखाउन खोजेको बुझिन्छ । यसबाट पनि द्रौपदीको स्वाभिमानलाई डगमगाउन नदिएर आफूलाई नारी-समस्यामा केन्द्रित उपन्यासकार भएको प्रमाणित गर्न खोजेका छन् । तसर्थ यस उपन्यासमा पनि नारी भनेकी जननी हुन् र उनको रक्षा सबै पक्षबाट हुनुपर्छ भन्ने कोइरालाको सन्देश रहेको छ ।

**मोदिआइन** उपन्यास कोइरालाको मानवतावादी विचारलाई प्रकट गर्नेतर्फ अग्रसर छ । यस उपन्यासमा विविध किसिमका सन्देश पाइन्छन् । ती सदेशहरू मानव समुदायको सुखमय भविष्यका लागि स्वअस्तित्वको दृष्टिचेतसहित निन्तरतातिर अभिमुख रहेका देखिन्छन् । यस कुराको पुष्टि स्वयम् उपन्यासकारले मोदिआइनका माध्यमबाट ध्वनित गराएको निम्न अभव्यक्तिले गर्दछ :

"नानी ठूलो नहुनू, वीर नहुनू । असल हुनु, असल ...।"

(**मोदिआइन**, पृ. ५९)

विश्वेश्वरप्रसाद कोइरालाको असल बन्नु ठूलो बन्नुभन्दा धेरै वेस हो भन्ने जुन जीवनदर्शन थियो, त्यही नै यस उपन्यासमा सन्देशको रूपमा देखिएको छ । उनको यो सन्देश कुनै निश्चित क्षेत्रमा सीमित नभई विश्वव्यापी छ र साना ठूला सबैका लागि ग्रहणीय छ । यो उपन्यास मानवीय समस्या तथा संवेदनशीलतामा केन्द्रित छ । यस उपन्यासमा मानवताले हार खानुपरेको समस्यालाई संवेदनशील बनाएर प्रस्तुत गरिएको छ । मान्छे मान्छेकै रूपमा रहनुपर्छ । मान्छेभन्दा माथि देवत्वमा जानु हुँदैन र तल पनि झर्नु हुँदैन । यदि मान्छे भूल मात्रले पनि आफ्नो औकात बिर्सेर आफूलाई ठूलो तथा वीर साबित गर्न खोज्यो भने महाभारत युद्धको दुष्परिणाम जस्तै भयङ्करताको सामना गर्नु पर्दछ भन्ने धारणा व्यक्त गर्दै त्यसबाट मुक्ति पाउनु पर्छ भन्ने सारभूत सन्देश नै उपन्यासकारले मोदिआइनमा प्रक्षेपति गरेका छन् (शर्मा, २०५१:१४२)। यस अभिव्यक्तिबाट पनि उनको मान्छेलाई मान्छेकै अस्तित्वमा रहनु पर्छ भन्ने मान्यता प्रस्ट भएको छ । कोइरालाले यस उपन्यासमा आफ्नो त्यही मानवतावादी विचारलाई प्रक्षेपित गरेका छन् । उनले दिन चाहेको सन्देश पनि

मानतावादी विचार हो । आयामका दृष्टिले सानो भए पनि उद्देश्य एवम् विचार प्रतिपादनका दृष्टिले मोदिआइन ठूलो उपन्यास हो । सुरुदेखि उपसंहारसम्म आइपुग्दा प्रस्तुत उपन्यासले विविध सन्देश दिन खोजेको स्पष्ट हुन्छ । यस उपन्यासको सुरुमा मिसिरजी दरभङ्गाको यात्रामा निस्कन लागेको देखिन्छ । ‘म’ मात्र पनि उनीसँगै घुम्न जाने ढिपी गर्दछ र मिसिरजी उसलाई लान चाहँदैनन् । मिसिरजीको यस किसिमको प्रश्नमा ‘म पात्रले पनि आफ्नो घुम्ने इच्छा प्रकट गर्दै भन्छ :

> दरभङ्गा महाराजको दरबार छ रे, हात्तीसार छ रे, ठूलो अस्तबल छ रे, कचहरी छ रे, ठूला-ठूला घर छन् रे ... नाई, म पनि जान्छु, मिसिरजी, ।
>
> (**मोदिआइन**, पृ. २)

उपर्युक्त वार्तालापबाट उपन्यासकारले यस उपन्यासमा सामाजिक सन्देश पनि दिन खोजेको स्पष्ट हुन्छ किनभने केटाकेटीलाई आत्मनिर्भर बनाउन सानैदेखि लगाउनुपर्छ र उनीहरूको इच्छानुसार कहिलेकाँही घुम्न पनि पठाउनुपर्छ भन्ने सन्देश पाउन सकिन्छ । अर्कोतर्फ बाल्यकालमा नै बिरानो ठाउँमा घुलमिल हुन सकेमा पछि जस्तोसुकै परिस्थितिमा पनि उनीहरूले आफूलाई सम्हाल्न सक्छन् भन्ने तथ्य यस उपन्यासमा देखाउन खोजिएको छ । तसर्थ बालबालिकालाई सानैदेखि आत्मनिर्भर बन्न सिकाउन पर्ने सन्देश यस उपन्यासको सुरुमा नै पाइन्छ ।

दरभङ्गा यात्रामा निश्केको बाल ‘म’ पात्रले मोदिआइनबाट धेरै कुरा सिक्नुका साथै अनुभव बटुलेको छ । मोदिआइनले ‘म’ पात्रलाई ‘ठूला मानिस थरिथरिका हुन्छन् । असल मानिस भने एक थरिका मात्र हुन्छन् । ठूलो हुनपट्टि नलाग्नु असल हुनपट्टि लाग्नु नानी’ ( **मोदिआइन**, पृ. १४) भन्ने अर्ति बालक घर फर्केपछि उसले सन्देशका रूपमा ग्रहण गरेको छ । बालक (‘म’ पात्र) घर पुग्दा दरभङ्गामा के देख्यौ ? भनी सोध्दा ‘म’ पात्र भन्छ, मोदिआइन ! उसका कुराले घरमा सबै खिल्ल हाँस्छन् तर ‘म’ पात्र भने मोदिआइनले दिएको उपदेशलाई नै स्मरण गर्दछ । मोदिआइनले उसलाई किन त्यस्तो उपदेश दिइहोला भन्नेतर्फ विचार गर्दा मोदिआइन उपन्यासको उद्देश्य युद्धविरोधी एवम् मानवतावादी चिन्तनको औपन्यासिक प्रस्तुति गर्नु र तत्सम्बन्धी सन्देश पाठकसामु पुऱ्याउनु रहेको देखिन्छ ।

## ४.१० मोदिआइन उपन्यासको दृष्टिविन्दु

उपन्यासमा कथावाचकले कार्यव्यापारको वर्णन गर्दा कथा वाचक जुन स्थानमा रहन्छ त्यसलाई दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दु दुई प्रकारका हुन्छन् । ती आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु वाह्य वा तृतीय पुरुष दृष्टिविन्दु हुन् । उपन्यासमा घटना र कार्यको वर्णन

आत्मकथामा जस्तो कथावाचकले ॅम’ का रूपमा प्रस्तुत गर्दा आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु हुन्छ । ॅम’ पात्र बाहेक अन्य पात्रले अरुका बारेमा सम्पूर्ण घटना र कार्यको वर्णन गर्ने पद्धति वाह्य वा तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । उपन्यासमा ॅम’ पात्र ४० वर्ष अगाडिको घटना सम्झेको आधारमा कथानक अगाडि वढेको छ । कथावस्तु सस्मरणका रूपमा आएको छ । यसरी उपन्यासमा ॅम’ पात्रको माध्यमबाट कथावस्तुको उठान गरिए तापनि कथावस्तुको प्रस्तुति ॅम’ पात्रबाहेक अन्य पात्र (मोदिआइन) ले अरुका बारेमा अर्थात् महाभारतकालीन घटनालाई प्रस्तुत गरेको हुँदा ॅम’ पात्र परिधीय पात्रको रूपमा आएको छ भने **मोदिआइन** केन्द्रीय पात्रको रूपमा आएकी छन् । तसर्थ उपन्यासमा मोदिआइन पात्रको भूमिका केन्द्रिय रूपमा रहेकोले उपन्यास वाह्य वा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित रहेको छ ।

## ४.११ निष्कर्ष

औपन्यासिक तत्त्वका दृष्टिले मोदिआइन उपन्यासलाई हेर्दा यो उपन्यास सुगठित देखिन्छ । एउटा सि·ो उपन्यास निर्माणका लागि आवश्यक सामग्रीका रूपमा मूलतः कथानक, पात्र वा चरित्रचित्रण, संवाद, परिवेश, द्वन्द्व, भाषाशैली, उद्देश्य तथा भाव आदिको संयोजन आवश्यक हुन्छ । मोदिआन उपन्यासमा कोइरालाले महाभारतकालीन युद्धलाई मुख्य विषयवस्तु बनाएका छन् । यसमा एक विशाल युद्धको घटना र त्यसले सिर्जना गरेका जटिल समस्याहरूलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा प्रमुख पात्रको रूपमा पसल्नी ( मोदिआइन) र ॅम’ पात्र रहेका छन् । यसमा उपन्यासकारले मानवीय पात्रको रूपमा मोदिआइन, म, मिसिरजी र मोदी आदिको प्रयोग पात्रको प्रयोग गरिएको छ । त्यस्तै स्वैरकल्पित पात्र नारी, मछुवारिन, तान्त्रिक जस्ता पात्रको प्रयोग गरी उपन्यासलाई गतिशील बनाइएको छ । मोदिआइन उपन्यासमा कोइरालाले पात्र अनुकुलको संवाद देखिए पनि मध्यभागमा कौरवको कपट पूर्ण व्यवहारबाट पाण्डवमा पुगेको क्षेतिको कारण मानवीय कारूणिकता पैदा हुन्छ भने अन्त्य भागको संवादमा दैवी शक्तिका अगाडि मानवीय शक्तिलाई कमजोर देखाउने प्रयास रहेको देखिन्छ । मोदिआइन उपन्यासको मुख्य स्थानका रूपमा दरभ·ाको रेलवे स्टेशन नजिकैको हडाहा पोखरीको किनारको छेउछाउको भाग भारतीय कुरुक्षेत्र आदिलाई उपन्यासको परिवेश बनाइएको छ । जुन परिवेश समयसापेक्ष देखिन्छ । उपन्यासमा युद्धक्षेत्रको वातावरणीय परिवेशलाई सजीव रूपले प्रस्तुत गर्न सक्नु उपन्यासकारको सफलता हो । मोदिआइन उपन्यासमा कोइरालाले द्वन्द्वविधानको आयोजना गीता-दर्शनको असहमति, मानवतावादी दर्शनको स्थापना र बालसुलभ तथा नारीको अतृप्त प्रेमलाई द्वन्द्वको आधारभूत विषय बनाएका छन् । यसका मुख्य पात्र मोदिआइन र म पात्रका बीच आन्तरिक तथा बाह्य दुवै द्वन्द्व देख्न सकिन्छ । वर्णनात्मक शैलीको अवलम्बन गरी लेखिएको मोदिआइन उपन्यासको भाषा सरल एवम् सहज छ । पुराणमा वर्णित आख्यान भएकोले भाषा त्यही अनुरूप हुनु स्वभाविकै हो । यस उपन्यासमा कवितात्मक तथा

लयात्मक शैलीको भाषा पनि प्रयोग गरिएको छ । उपन्यासको उद्देश्य युद्ध विरोधी एवम् मानवतावादी चिन्तनको औपन्यासिक प्रस्तुति गर्नु रहेको छ । दृष्टिविन्दुको आधारमा उपन्यास बाह्य तृतीय पुरुष दृष्टिविन्दुमा संरचित रहेको छ । सुन्दर संमयोजन भएकाले उपन्यास सुगठित हुन पुगेको देखिन्छ ।

परिच्छेद पाँच

# मोदिआइन उपन्यासमा परिलक्षियत युगीन सन्दर्भ

## ५.१ विषयप्रवेश

उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा युद्धविरोधी विचार प्रकट गरेका छन् । उपन्यासकार मानवतावादी स्रष्टा भएकाले धर्म र ईश्वरीय सत्तालाई परम्परागत रूपमा नलिएर प्राकृतिक सत्य र मानव नियतिका रूपमा लिएका छन् । उपन्यासकार कोइरालाका विचारमा महाभारतकालीन सभ्यता संस्कृति र तिनकै परिप्रेक्ष्यमा परिभाषित मानवीय मूल्य, मान्यता र आस्थाको नै पुनर्व्याख्या हुनुपर्छ । प्रस्तुत परिच्छेदमा **मोदिआइन** उपन्यासमा परिलक्षियत यही युद्धविरोधी र मानवतावादी युगीन सन्दर्भ वा विचार पहिल्याउने प्रयत्न गरिएको छ ।

## ५.२ मोदिआइन उपन्यासको युगीन सन्दर्भ र औचित्य

कोइरालाले कविताबाट साहित्यिक यात्रा सुरु गरे पनि नेपाली साहित्यमा मनोवैज्ञानिक कथाबाट प्रवेशारम्भ गरेका हुन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा देखिएका कोइरालाको मूर्धन्य व्यक्तित्व कथाकार र उपन्यासकारका रूपमा रहेको छ । कथा क्षेत्रमा मनोवैज्ञानिक तथा यौन मनोवैज्ञानिक प्रवृत्ति र शैलीलाई प्रमुखता दिएका छन् भने सोही प्रवृत्ति उपन्यासमा पनि देख्न सकिन्छ ।

कोइरालाको औपन्यासिक यात्रा २०१३/१४ सालबाट सुरु भई २०२५ सालसम्म देखिन्छ भने प्रकाशनका आधारमा २०२५ देखि २०४५ सम्म पुगेको पाइन्छ (ढकाल, २०५६:६३) । कोइरालाको उपन्यास लेखन **हिटलर र यहूदी**बाट भएको देखिए पनि प्रकाशनका आधारमा उनको पहिलो उपन्यास **तीन घुम्ती** (२०२५) बाट सुरु भएको देखिन्छ (ढकाल, २०५६:६४) । प्रकाशनका आधारमा **मोदिआइन** उपन्यास चौथो उपन्यास हो ।

विश्वेश्वरप्रसाद कोइराला साहित्यकार मात्र नभएर एक कुशल राजनैतिक नेता पनि हुन् । उनका औपन्यासिक कृतिहरू प्राय राजनैतिक परिस्थितिको कारण जेलमा रहँदा लेखिएका छन् । जेलको बसाइमा आफ्ना भोगाइ र अनुभव, यात्रा र वर्णन, अनि धार्मिक र सामाजिक विषयवस्तुमा आधारित उपन्यासहरू जन्मेका छन् ।

कोइराला राजनीति र साहित्यलाई समानान्तर रूपमा अगाडि बढाउन सक्ने व्यक्तित्व हुनाले उनका साहित्यिक कृतिमा राजनैतिक गन्ध पाइँदैन तर उनको **मोदिआइन** उपन्यासमा राजनैतिक वातावरण अर्थात् सत्ता प्राप्ति र अस्तित्व निरन्तरताको कारण जन्मेको विषयवस्तुमा आधारित हुनाले उपन्यासको केन्द्रविन्दुको विषयवस्तु नै महाभारतकालीन पाण्डव र कौरवको सत्ता प्राप्तिको लडाईंलाई बनाइएको छ ।

देशमा विकसित भएको राजनैतिक घटनाक्रमले गर्दा २०१७ साल पुस २२ गते जेल परेका कोइरालाका केही वर्षहरू सुन्दरीजल बन्दीगृहमा बितेका थिए । जेलको कठोर तथा एक्लो जीवन निस्पट्ट अन्धकार हुने कुरा स्पष्टै छ । त्यतिबेला कोइरालाको जीवन पनि उजाड तथा अन्धकारमय भएको स्वयम् कोइरालाको स्वीकारोक्ति रहेको छ । जिन्दगीको त्यो क्षणमा कतैबाट केही पनि उज्यालोपन नदेखिँदा उनले विभिन्न धर्मग्रन्थहरूको अध्ययन गर्न थाले । उनले अध्ययन गरेका धर्मग्रन्थका सहाराले पनि उनलाई खासै सन्तोष प्राप्त भएन र त्यही असन्तोषका पृष्ठभूमिमा उनले **मोदिआइन** उपन्यासको रचना गरे । उक्त तथ्यलाई स्वयम् उपन्यासकारले व्यक्त गरेका निम्न धारणाहरूले अझै प्रस्ट पार्दछन् :

मोदिआइन एउटा लामो कथा वा उपन्यास हो । मैले कठोर सैनिक कारागारमा लामो अवधिसम्म नितान्त एकाकी जीवन बिताउनुपर्दा आफूलाई अड्याउन केही आश्रय खोज्दै रहेँ र यसै सिलसिलामा धार्मिक, आध्यात्मिक ग्रन्थहरूको अध्ययन, मनन र अनुशीलन गर्न थालेँ । चार, पाँच ठेलीमा विभाजित महाभारतका पुस्तक मैले पढेको थिएँ र श्रीमद्भागवत् गीताका पनि शाङ्करभाष्यदेखि लिएर अद्यावधिक जेजति भाष्य र टीकाहरू निस्केका छन् प्रायः ती सबैको पनि अध्ययन, मनन गरें तर यी कुनैले पनि मलाई आधार दिन सकेनन् । मोदिआइन मेरो यसैबेलाको चार-पाँच बसाइको सृजना हो ।

उपन्यासकारले बिताउनुपरेको यस किसिमको एकाकी जीवन र धार्मिक ग्रन्थका अध्ययनबाट उनमा जे-जस्तो प्रभाव पर्‍यो त्यसैको फलस्वरूप **मोदिआइन** उपन्यासको जन्म हुन गएको देखिन्छ । **मोदिआइन** उपन्यासको रचनासन्दर्भ हेर्दा गीता र महाभारत जस्ता कृतिहरूले कोइरालालाई सकारात्मक प्रभाव पार्न नसकेको कुरा बुझिन्छ । वस्तुतः गीताको अध्ययनबाट उनमा बेग्लै प्रभाव पर्न गयो । गीता-दर्शनप्रति उनमा असहमतिको भाव विकसित भयो । यही असहमतिको आख्यानात्मक प्रस्तुति मोदिआइन बन्न गएको देखिन्छ । यस कुराको पुष्टि गर्न उपन्यासकारकै अर्को अभिव्यक्तिलाई लिन सकिन्छ । उनी भन्छन् :

गीताको पूर्ण अध्ययन गर्दा मलाई जुन निस्सारता वा गीता कुनै निश्चित उद्देश्यमा नपुगी खोक्दैमा टुङ्गिएको अनुभव भयो, त्यही कुरा मोदिआइनमा व्यक्त गरेको छु ।

उपन्यासकार स्वयम्को यस किसिमको अभिव्यक्तिबाट पनि **मोदिआइन** उपन्यास लेख्ने प्रेरणा उपन्यासकारलाई गीता-दर्शनबाट र तत्कालीन समयको वातावरणीय परिवेशबाट प्राप्त भएको देखिन्छ । गीता अध्ययन धार्मिक तथा आत्मिक सान्त्वनाका लागि

नै गरिने परम्परा पूर्वीय जगत्मा रहेको र यस दर्शनबाट मान्छेलाई स्वकर्तव्यको बोध हुन्छ भन्ने मान्यता हिन्दू धर्मका अनुयायीहरूमा रहेको स्पष्टै छ, तर उपन्यासकार कोइरालाको दुःखी आत्मालाई गीता-दर्शनको पूर्ण अध्ययनले पनि कुनै किसिमको सान्त्वना दिन नसकेको कुरा उनकै स्वीकारोक्तिबाट स्पष्ट हुन्छ । कोइरालाको कारावासको कठोर जीवनले उनलाई मात्र दुःखी बनाएको थिएन, त्यस दुःखका सहभागी उनका परिवार पनि भएका थिए किनभने उनको राजनैतिक आदर्श र अड्डीका कारण भने परिवारले समेत दुःख भोल्नु परेको थियो । त्यही दुःखका कारण आत्मिक शान्तिका लागि गीताको अध्ययन गर्दा महाभारतको कुरुक्षेत्रमा भएको लडाईंमा मानवीय मर्मले हार खाएको अनुभव उपन्यासकारलाई भएको हुन सक्छ । तसर्थ त्यही कटु अनुभूतिको मर्मोद्घाटनका लागि कोइरालाले यो उपन्यास लेखेको बुझ्न सकिन्छ ।

"मेरा **मोदिआइन** र **हिटलर र यहूदी** उपन्यास मूलतः गीता-दर्शनमा आधारित छन्" भन्ने उपन्यासकारकै स्पष्टोक्तिले र उपन्यासकै विषय प्रतिपादनलाई हेर्दा **मोदिआइन** उपन्यासको विषयवस्तु प्राचीन हो भन्ने कुरामा थप सामग्रीहरूको आवश्यकता छैन । प्राचीन विषयवस्तुलाई आधुनिक प्रस्तुतिमा समायोजन गर्दा उपन्यासकारले फ्रायडको स्वप्न सिद्धान्तको प्रयोग गरेर पौराणिक कथामा वर्णित कुरुक्षेत्र युद्धको प्रसङ्गसहितका सबै विषयहरू हडाहा पोखरी तथा मोदिआइनसम्म ल्याउने सम्पूर्ण घटनाक्रमका विषय प्रतिपादनलाई प्रासङ्गिक र विश्वसनीय बनाउनका लागि निद्र-सपना-तन्द्रा आदिको सहयोगमा कथाको अविरल गतिमा मोदिआइनको एकोहोरो ध्वनि मात्र 'म' पात्रलाई ग्रहण गराएर उसले बर्षौंपछि प्रौढ उमेरमा अतीतलाई वर्तमानसँग संयोजन गर्ने सम्झनाको तोरणको अत्यन्तै दुर्बल गोरेटोमा कहीँकतै दुर्घटित नबनाई गतिशील बनाउन उपन्यासकार निकै सचेत देखिएका छन् । तसर्थ उपन्यासकारले **मोदिआइन**मा मोदिआइन, मछुवारिन, नारी ती तीन युग र तीन प्रसङ्गका नारीहरूका समान पीडामय व्याथाका कथाहरूलाई एकाकार गरी देखाएका छन्, जहाँ मानवता युगौँयुग देखि छटपटिँदै बारम्बार घाइते भएको मर्मस्पर्शी विचारहरू यस उपन्यासमा व्यक्त भएको पाइन्छ ।

मोदिआइनले हडाहा एउटा विशेष किसिमको पोखरी हो (**मोदिआइन**, पृ.१३) भन्दै महाभारत कालमा घना जङ्गलका बीचमा सानो पोखरी भएको कुरा व्यक्त गर्नुका साथै पछि जङ्गल मासिँदै गएर बस्ती बसेको भनेको, मछुवारिन र तान्त्रिकको प्रसङ्ग, तान्त्रिकको सल्लाहमा रातदिन पाँचहजार ज्यामीहरूले छ महिनामा खनेर सानो पोखरीलाई ठूलो पोखरी बनाएको र महाभारतको योद्धाको हाड पाइन्छ कि भनेर खनिएको त्यस पोखरीमा धेरै हाडखोरहरू पाइएकाले पोखरीको नाम हडाहा भएको उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

मछुवारिनको कथाले उत्तेजित भएको र हडाहा पोखरीसहितका अरु दिनभरि हेरेका कुराहरूले राती सुत्दा डराएको 'म' पात्रलाई महाभारतको मुख्य भागको जुन कथावस्तु छ, त्यो इन्द्रप्रस्थकी नारीका प्रणय प्रसङ्गका पीडामय व्यथा, कथाहरू मोदिआइनले आफ्नै प्रणय

प्रसङ्गका पीडामय व्यथाका कथाहरू, आफ्नै जीवनको वृतान्त जस्तै पारेर अर्धचेतनामा पुगेको ‘म’ पात्रलाई भनेको प्रसङ्ग अति नै स्वाभिविक रूपमा व्यक्त गराइएको छ ।

प्रस्तुत सन्दर्भमा महाभारतको मुख्य भाग अर्थात् पाण्डुको निधन पछि अन्धा धृतराष्ट्र राजा भएको र राजा हुनका लागि आफ्ना छोराहरू कौरव र पाण्डवहरूबीच कलह, कुरु राज्यको भागवन्डा, कौरवलाई हस्तिनापुर राजधानी र खाण्डव वन डढाएर र बस्तीहरू उठाएर नयाँ इन्द्रप्रस्थ राजधानी बनाएर पाण्डवहरूलाई दिएको कथावस्तुको संयोजन उपन्यासमा भएको छ ।

हस्तिनापुर र इन्द्रप्रस्थका बीच एक किसिमको शीतयुद्धको वातावरण बन्न पुग्छ । शकुनीको रणनीति अनुरूप हस्तिनापुरमा जुवाको आयोजना गरेर युधिष्ठिरलाई निम्ता पठाइन्छ । युधिष्ठिर आउँछन् । कपटी जुवाको माध्यमबाट युधिष्ठिरले सम्पूर्ण श्रीसम्पत्ति र द्रौपदी पनि हार्छन् । जसलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

“... जुवा रन्किँदै जाँदा राजपाट राख्दै हार्दै गए । अन्तमा पागल भएर आफ्नी पत्नी द्रोपदीलाइ पनि दाउमा राखे । ‘मारा’ भन्ने तुमुल स्वरले द्युतस्थल कम्पित गर्दै कौरवहरूले द्रौपदीलाई जितेर लिए ।” (**मोदिआइन**, पृ.३१)

रजस्वला अवस्थाकी द्रौपदीलाई हस्तिनापुरको राजसभामा निर्वस्त्र पारेको, इन्द्रप्रस्थ दुर्योधनको कब्जामा भएपछि पाण्डवपक्षीय मानिसहरूको बिचल्ली भएको, उपन्यासकी स्वैरकल्पित पात्र ‘नारी’ पाण्डवपक्षीय रक्षक दलको तल्लो तहको पदाधिकारीकी छोरी भए पनि कालान्तरमा कौरव पक्षीय एउटा अश्वारोही सैनिकसँग वनमा नै गान्धर्व रीतिले विवाह भएको, ‘नारी’का आमाबाबुले खुसीसँग छोरीलाई बिदाई गरेको त्यस अश्वारोही योद्धाले त्यसै दिनको मध्यरातमा आफ्नो घरमा नयाँ दुलहीलाई लगेको, आमाले लक्ष्मी जस्ती बुहारी पाएँ भनेर खुसी व्यक्त गरेको र तिनीहरूका दिनहरू राम्रोसँग बितेको देखाइएको छ :

“... म मायाले गद्‌गद् भएर ऊसँग टाँस्सिँदै गएँ । सासूले ढोका उघार्नु भयो र दियो उचालेर मेरो मुखलाई गौरसँग हेर्नुभयो । अनि बडो स्नेहको स्वरमा भन्नुभयो-“बहु, आऊ आफ्नो घरभित्र ।”(**मोदिआइन**, पृ.३७)

उपन्यासमा दुर्योधनका प्रतापले देशभर अमनचयन भएको देखाइएको छ । पाण्डवहरू बाह्र बर्ष वनवास र एक वर्षको गुप्तवास समाप्त गरी विराट राजाको दरबारमा प्रकट भएको, पूर्व सर्तअनुरूप पाण्डवहरूले राज्य फिर्ता नपाएपछि नरसंहारकारी सम्पूर्ण कथावस्तु महाभारतमा अन्धा धृतराष्ट्रलाई सञ्जयले हेरेर भनि रहेका छन्, भने यस उपन्यसमा ‘नारी’ सहितका कुरुक्षेत्रका युद्धरत योद्धाहरूका श्रीमतिहरूले विवशतापूर्वक हेरिरहेका छन् । आफ्ना-आफ्ना श्रीमान्‌सँगको अन्तिम बिदाइको कारुणिक अभिव्यक्ति यसरी पोखिएको छ :

मृत्युको त्यत्रो व्यापक आयोजना देख्दादेख्दै पनि जबसम्मन् सास छ तबसम्म आस छ भनेको जस्तो साना-साना कुरामा हामीलाई आशा लाग्न थाल्यो ... तर, हाम्रो आशा परालको आगो जस्तो एकछिन बलेर निभेर गयो । ... मेरो हृदयले बुझ्यो यो हाम्रो शायद अन्तिम रात हो । मैले केही बोल्ने साहस गरिनँ । ... भोलिपल्ट जाने बखतमा मात्र उनले बोले- प्यारी विदा । (**मोदिआइन**, पृ.४५)

कुरुक्षेत्रमा मानवसंहार प्रलय मच्चिनुभन्दा ठिक्क अघि युद्धस्थलको बीचमा कौटुम्ब भीरु अर्जुनले मानवताका पक्षमा बन्धुबान्धवको हत्या गरेर यो राज्य त के त्रिलोककै राज्य पाए पनि युद्ध गर्दिनँ भनी आत्मग्लानिका साथ कृष्णसमक्ष आफ्नो विचारलाई यसरी प्रकट गर्दछन् :

मधुसूदन सामुन्ने उपस्थित भएका युद्धका लागि आएका यी मेरा स्वजन समुदायलाई मारेर न विजय नै चाहन्छु, न राज्य न कुनै प्रकारको सुख । ... हे जनार्दन, यिनीहरूले मलाई मार्ने भए पनि मारुन्, म यिनीहरूका विरुद्ध गाण्डीव उठाउँदिन, तीनै लोकका राज्यका लागि त मबाट यिनिहरूको हत्या हुन सक्दैन भने यो जाबो हस्तिनापुरको राज्यका लागि के म नरहत्या गर्छु ? (**मोदिआइन**, पृ.५४)

गाण्डीव धनु फ्याँकेका अर्जुनलाई श्रीकृष्णले कुरुक्षेत्रमा अट्ठार अध्याय गीता यसरी सुनाउँछन् :

... उतिखेरै कृष्णको ईश्वरीय वाणी टाढाको समुद्रको गर्जन सुनियो जस्तै गम्भीर स्वरमा शान्तिलाई भङ्ग गर्दै निस्कियो । उनले भने-हे पार्थ , तिमीलाई मोहले आक्रान्त गरेको छ । उठाऊ गाण्डीव र प्रविष्ट होऊ युद्धमा । यसमा विजयी भयौ भने पृथ्वीको भोग गरौला र कथंकदाचित् मारियौ भने स्वर्गको भोग गर्न पुगौला । (**मोदिआइन**, पृ.५२)

यस किसिमले झुटो प्रपञ्चबाट कृष्णले अर्जुनलाई युद्धका लागि फकाउन खोजेको कुरालाई माथिको अभिव्यक्तिले स्पष्ट पार्दछ । अर्जुनको मानव-हृदयले युद्धलाई स्वीकार गर्न नसकेको कुरा मोदिआइनले यहाँ ‘म’ पात्रलाई सुनाएकी छे । ऊ भन्छे- “अर्जुनले शिर हल्लाएर कृष्णको उपदेशलाई अमान्य गरे तापनि कृष्णले नाना किसिमको तर्क दिँदै लामो व्याख्या गरेर आफ्नो दर्शनका जादुले अर्जुनलाई शिथिल बनाउँदै लगे ।” यस कुरालाई ‘नारी’का माध्यमबाट उपन्यासकारले उपन्यासमा अझ राम्ररी प्रस्ट्याएका छन् :

“अर्जुन मानवहृदयको व्यथाले व्यथित थिए, करुणाद्र भएर बारबार उनी शिथिल हुन्थे । मनुष्यको जुन नग्न रूप छ करुणाको, सहृदयताको, स्नेहको, प्रेमको, स्वजातीयताको कौटुम्बिकताको, मैत्रीको, दयाको, त्यसैको साकार रूप थिए अर्जुन त्यस दिन ।”

(**मोदिआइन**, पृ. ५२-५३)

उपर्युक्त अभिव्यक्तिबाट अर्जुनको अवस्था दयनीय र विशुद्ध मानवीय देखिन्छ, तर कृष्णले अर्जुनको त्यस किसिमको दयनीय अवस्थामा पनि उपदेशमाथि उपदेश दिँदै गएका छन् । अर्जुनको मन कृष्णको साधारण सम्झाइबाट परिवर्तन हुन केही कठिनाइ देखेपछि कृष्ण आफू ॅपरब्रम्ह परमेश्वर हुँ' भन्ने विश्वास अर्जुनलाई दिलाउन चाहन्छन् । कृष्णलाई परमेश्वर र गीतालाई उनको दर्शन मानिएको पाइन्छ । त्यसैले कृष्ण अर्जुनलाई सम्झाउन गीता उपदेश अर्थात् आफ्नो दर्शनलाई प्रयोग गर्छन् । उनको यो दर्शन मानवतावादको विरोधमा छ भन्ने पुष्टि गर्न नै कोइरालाले **मोदिआइन** उपन्यासको सहायता लिएका हुन् । उनले अर्जुन मानवहृदयका व्यक्ति थिए, तर कृष्णले उनलाई आफ्नो वशमा राख्न विभिन्न उपदेश दिए र अन्तमा आफ्नो जादुको पनि प्रयोग गरे भन्ने कुरालाई यस उपन्यासमा व्यक्त गरेका छन् । ॅनारी'का माध्यमबाट कोइराला कृष्ण र उनको गीता-दर्शनलाई उपन्यासमा प्रस्तुत गरेका छन् । जस्तै :

हे कौन्तेय, तिमीले आफ्नो कर्तव्य गर्नुपर्छ निस्पृह भएर, अनाशक्त भएर, निष्काम कर्मले पाप लाग्दैन । स्थितप्रज्ञ भएर मार सबै वैरीलाई । (**मोदिआइन**, पृ.५३)

हे परतप्त अर्जुन,तिमी अहिले अज्ञानको अन्धकारमा छौ । ज्ञानको चक्षु उघारेर हेर, यहाँ कसले कसलाई मारिरहेको छ र ? यो तिम्रो शरीर त एउटा थोत्रो टालो हो, जसलाई मरे भन्दा तिमी त्याग्छौ मात्र । न तिमी मर्छौ न मार्छौ कसैलाई । यो तिमीले कुरा सबै मिथ्या हुन् ...। (**मोदिआइन**, पृ.५४)

कृष्णले भन्दै गए-म परमब्रम्ह परमेश्वर हुँ । ममाथि पूर्ण विश्वास र आस्था राख । म जे भन्छु गर । म आदर्श हुँ तिम्रो, म तिम्रो प्रार्थनाको हेतु हुँ, म तिम्रो लक्ष्य हुँ । (**मोदिआइन**, पृ.५५)

कृष्णका उपर्युक्त भनाइबाट पनि अर्जुनको मन नबदलिएपछि अन्त्यमा कृष्णले आफ्नो जादु प्रयोग गरी अर्जुनको मनलाई युद्धाभिमुख बनाउँछन् भन्ने कुरा कोइरालाले ॅनारी'का माध्यमबाट यसरी व्यक्त गरेका छन् :

"अन्तमा कृष्णले मुख बाएर अर्जुनलाई आफ्नो ईश्वरीय प्रमाण प्रदर्शित गरे, आफ्नो विराटरूप देखाएर ।" (**मोदिआइन**, पृ.५५)

यसरी जादुको प्रयोग गरेर अर्जुनलाई युद्धका लागि तयार पार्न कृष्ण सफल भए भन्ने विचार यस उपन्यासकी ॅनारी'को छ । ॅनारी'का विचारमा यदि कृष्ण नभएका भए तथा उनले अर्जुनको मानसिकतालाई त्यसरी परिवर्तन नगरेका भए सायद महाभारतको युद्ध हुँदैन्थ्यो र ऊ जस्तै लाखौं नारीहरू वैधव्यका सिकार हुँदैनथे । कृष्णले आफ्नो दर्शनको प्रयोग गरेर नै अर्जुनलाई युद्धाभिमुख बनाए भन्ने धारणा ॅनारी' यसरी प्रकट गर्दछे :

"अनि अर्जुन मानव रहेनन् । एकदम ईश्वरारुढयन्त्र भए उनी । देउता चढ्यो उनमा । उनको वलिष्ट भुजा काँप्यो, फ्याँकेको गाण्डीव उनले टिपेर त्यसमा प्रत्यञ्चा चढाए । अठार अध्यायको गीता श्रवण गरे पछि मानव रहँदैन, त्यो ईश्वरारूढ व्यक्ति हुन्छ ।" (**मोदिआइन**, पृ.५५-५६)

यस्ता अभिव्यक्तिबाट गीता-दर्शनले धार्मिक कवच पहिऱ्याएर धर्मयुद्ध तथा न्यायपूर्ण सिद्ध गरेको तत्कालीन युद्धलाई उपन्यासकारले अन्यायपूर्ण तथा मानवताविरोधी युद्ध भनी प्रमाणित गर्न खोजेको स्पष्ट हुन्छ । कृष्णको दर्शनबाट नै अर्जुनको हृदय कठोर बन्यो र भयङ्कर युद्ध हुन गयो । उक्त युद्धको भयङ्करतालाई उपन्यासकारले 'नारी'का माध्यमबाट यसरी व्यक्त गरेका छन् :

"युद्ध जुध्यो, अठार दिनसम्म अनवरत मृत्युयन्त्र चालित भइरह्यो, कच कच कच, काटिँदै गए । तुमुल युद्ध घोषका साथ प्रतिदिन सहस्रौँ सहस्र योद्धा काटिन्थे । ईश्वरारूढ भएका सहस्रौ कण्ठको रणहुङ्कार ज्वालामुखी जस्तो विस्फोटित हुन्थ्यो ... ।" (**मोदिआइन**, पृ.५६)

प्रस्तुत उपन्यासको उपसंहारमा पनि यही सन्देश दोहोऱ्याएर मान्छेलाई ठूलो बन्नेतर्फ नलागी असल बन्नेतर्फ लाग्नुपर्ने वैचारिक प्रेरणा उपन्यासकारले दिन खोजेको बुझिन्छ । युद्धको वीभत्स दृश्यलाई उपन्यासकारले त्यही 'नारी'का आँखाबाट देखाएका छन्, जसले कुरुक्षेत्रको युद्धलाई नजिकबाट देखेकी छे र जो त्यसको पीडादायी परिणामलाई भोग्न बाध्य भएकी छे । यस उपन्यासमा 'नारी' यस्तै पीडा भोग्न विवश विधवा नारीहरूकै प्रतिनिधि पात्र हो । त्यसैले 'नारी' कृष्णको त्यस्तो उपदेशलाई घृणा गर्छे र युद्धको कुनै आवश्यकता नभएको कुरा व्यक्त गर्छे । साथै ईश्वरलाई निष्ठुरीको संज्ञा दिन पुग्छे :

"स्वर्गको कुन थलामा भोकाएका ईश्वर बसिरहेका थिए, उनको क्षुधा अझै निवारण भएको छैन । नरमुण्डमाथि नरमुण्ड चढाऊ उसलाई, मानिसका लासको हिमालय उनका सम्मुख खडा गर, बगाऊ शोणितको रक्तिम गङ्गा उनको प्यास मेटाउन ।" (**मोदिआइन**, पृ.५६-५७)

'नारी'द्वारा प्रकट गरिएका यस्ता अभिव्यक्तिमा दैवी शक्तिप्रति घृणा तथा रोष प्रकट गरिएको बुझिन्छ । यसबाट पनि उपन्यासकार कोइरालाको गीता-दर्शनप्रति असहमति रहेको स्पष्ट हुन्छ किनभने उपन्यासकारले गीता श्रवणपछि हुन गएको युद्ध र युद्धपछिको भयङ्कर तथा दुःखद परिणामलाई उपन्यासमा यसरी प्रस्तुत गरेका छन् :

"लाखौँ पुरुष मारिए । पृथ्वी पुरुषबाट शून्य भयो । केवल विधवा नारी आफ्ना असहाय बाल सन्तानलाई आफ्नो पागल छातीमा टाँसेर बाँचिरहे यस लोकमा ।" ( **मोदिआइन**, पृ.५७)

यसरी **मोदिआइन** उपन्यासमा कोइरालाले युद्धविरोधी विचार प्रकट गरेको स्पष्ट हुन्छ । उपन्यासकार मानवतावादी स्रष्टा भएकाले धर्म र ईश्वरीय सत्तालाई परम्परागत रूपमा नलिएर प्राकृतिक सत्य र मानव नियतिका रूपमा लिएका छन् । यसमा प्रक्षेपित गीता-दर्शनको सन्दर्भ परम्पराअनुरूपको नभएर अत्यन्त नवीन किसिमको छ । उनको यस उपन्यासले गीता-दर्शनको धर्मसापेक्षतालाई मात्र अध्ययन नगरी त्यसका अन्य पक्षहरूलाई समेत गहिरिएर मनन गर्नुपर्ने आवश्यकतालाई प्रकट गरेको छ ।

## ५.३ निष्कर्ष

उपन्यासकार कोइरालाका विचारमा महाभारतकालीन सभ्यता संस्कृति र तिनकै परिप्रेक्ष्यमा परिभाषित मानवीय मूल्य, मान्यता र आस्थाको नै पुनर्व्याख्या हुनुपर्ने आशय व्यक्त गरेका छन् किनभने त्यस समयमा भएका अमानवीय कृत्यलाई आधुनिक मानवीय दृष्टिले स्वीकार गर्न नसकिने वस्तुतथ्यलाई उपन्यासमा अभिव्यक्त गरिएको छ । कोइरालाले यस उपन्यासमा गीताले जेजति उपदेश र मार्गदर्शनहरू प्रस्तुत गरेको छ, ती सबै एकपक्षीय र एकाङ्गी भएको ठहर गरेका छन् । तसर्थ कोइरालाले यहाँ वर्तमानको मानवतावादी दृष्टिले गीतामा अभिव्यक्त उपदेश र मार्गदर्शनहरू आत्मसात् गर्न नसकिने मूलभूत कारण प्रस्ट पारेका छन् भन्न सकिन्छ ।

# परिच्छेद छ

# शोधनिष्कर्ष

## ६.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासको कृतिपरक अध्ययनको परिच्छेदगत सारसङ्क्षेप तथा शोधनिष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ सारसङ्क्षेप

प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा यहाँ शोध-परिचयअन्तर्गत शोधशीर्षक, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोध-विधि र सैद्धान्तिक आधार र शोधको रूपरेखाको उल्लेख गरिएको छ ।

परिच्छेद दुईमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अभिरेखाङ्कन प्रस्तुत गर्दै कोइरालाको औपन्यासिक यात्राको अध्ययन गरिएको छ । यस क्रममा यहाँ कोइरालाको लेखनको प्रारम्भ विन्दुदेखि विभिन्न विधामा पुऱ्याएको योगदानको चर्चा गर्दै **तीन घुम्ती** (२०४५) प्रकाशित भएदेखि **बाबु, आमा र छोरा** (२०४५) प्रकाशनसम्ममा प्रकाशित जम्मा छओटा औपन्यासिक कृतिहरूको चर्चा गरिएको छ ।

परिच्छेद तीनमा उपन्यासको सैद्धान्तिक स्वरूपको अध्ययन गरिएको छ  । यस क्रममा यहाँ पूर्वीय र पश्चिमी साहित्यमा उपन्यासको व्युत्पत्ति, उपन्यासको परिभाषा दिँदै उपन्यासका प्रमुख संरचक घटक वा तत्त्वहरूका बारेमा अध्ययन गरिएको छ ।

परिच्छेद चारमा **मोदिआइन** उपन्यासको विधातात्त्विक अध्ययन गरिएको छ । यस क्रममा यहाँ शीर्षक विधान, कथावस्तु, पात्र वा चरित्र, कथोपकथन वा संवाद, परिवेश वा वातावरण, द्वन्द्वविधान, भाषा-शैली, उद्देश्य, दृष्टिविन्दु आदिका कोणबाट **मोदिआइन** उपन्यासको विश्लेषण गरिएको छ ।

परिच्छेद पाँचमा **मोदिआइन** उपन्यासमा प्रक्षेपित युगीन सन्दर्भको अनुशीलन गरिएको छ । यो उपन्यास मानवतावादका पक्षमा सिर्जना गरिएको उत्कृष्ट मानवतावादी उपन्यास हो । उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा युद्धविरोधी विचार प्रकट गरेका छन् । उपन्यासकार मानवतावादी स्रष्टा भएकाले धर्म र ईश्वरीय सत्तालाई परम्परागत रूपमा नलिएर प्राकृतिक सत्य र मानव नियतिका रूपमा लिएका छन् । उपन्यासकार कोइरालाका विचारमा महाभारतकालीन सभ्यता संस्कृति र तिनकै परिप्रेक्ष्यमा परिभाषित मानवीय मूल्य, मान्यता र आस्थाको नै पुनर्व्याख्या हुनुपर्छ । अतः प्रस्तुत परिच्छेदमा **मोदिआइन** उपन्यासमा परिलक्षियत यही युद्धविरोधी र मानवतावादी युगीन सन्दर्भ वा विचार पहिल्याउने प्रयत्न गरिएको छ ।

## ६.३ शोधनिष्कर्ष

उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा युद्धविरोधी विचार प्रकट गरेको पाइन्छ । कोइरालाका छओटा उपन्यासहरूमध्ये **तीन घुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन** र **बाबु, आमा र छोरा**को रचना जेलजीवनमा भएको र **हिटलर र यहूदी** उपन्यासको रचना भने उपन्यासकार प्रधानमन्त्री हुनुपूर्व नै थालिएको जानकारी प्राप्त भएको छ । समग्रमा कोइरालाको औपन्यासिक यात्रा २०१७ सालदेखि २०२५ सालसम्म विस्तारित रहेको मान्न सकिन्छ । साथै उपर्युक्त छओटै उपन्यासहरूको अध्ययन गर्दा कोइरालाका विविध औपन्यासिक विशेषता एवम् शैलीगत प्रवृत्तिहरू देखिएका छन् ।

साहित्यमा अरू हिँडेको बाटोभन्दा भिन्न बाटोबाट हिँड्न रुचाउने कोइरालाको नेपाली आख्यान-साहित्यका क्षेत्रमा नवीन योगदान दिन सफल भएको मानिन्छ । कोइरालाले प्रायः सबै उपन्यासहरू जेलजीवन बिताउनुपर्दाको अवस्थामा रचेका हुन् । जेलजीवनले नै कोइरालामा सिर्जना गर्ने उत्प्रेरणा जागृत भएको र राजनैतिक वातावरणमा भिजेकाले पनि उनी वैचारिक चिन्तनलाई आफ्ना कृतिमा संयोजन गर्न प्रवृत्त रहेको हुन्छ । उनका छवटै उपन्यासको अध्ययनबाट उनलाई मानवतावादी, विस·तिवादी, अस्तित्ववादी उपन्यासकार मान्न सकिने देखिन्छ । कोइराला कलात्मक उपन्यासकार पनि हुन् र उनले आफ्ना उपन्यासमा मानव मन र मानवसमाजलाई केलाएर त्यसमा सन्तुलित, संयमित विचार प्रकट गरेका छन् ।

कोइराला मनोवैज्ञानिक स्रष्टा भएकाले उनले उपन्यासका पात्रहरूका चरित्रलाई मनोवैज्ञानिक ढ·बाट प्रस्तुत गरेका छन् । मानिसका मनोद्वन्द्व तथा सामाजिक द्वन्द्वलाई कुशलताका साथ अभिव्यक्त गर्न समर्थ रहेका उपन्यासकार कोइरालालाई मनोवैज्ञानिक रचनाकार पनि मानिन्छ । उनले उपनयासमा व्यक्त गर्न खोजेको विचारलाई पनि मानिन्छ । उनले उपन्यासमा व्यक्त गर्न खोजेको विचारलाई पात्रको मानसिक र सामाजिक परिवेशसित समन्वय गराई कलात्मक तरिकाले प्रस्तुत गर्ने कुशलता देखाएका छन् ।

कोइराला चरित्रप्रधान उपन्यास लेख्न ज्यादा अभिरुचि राख्ने प्रवृत्तिका उपन्यासकार पनि देखिएका छन् । उनका उपन्यासमा घटनाले भन्दा पनि चरित्रको मार्मिक आरोह-अवरोहले नै बढी प्रभावकारी भूमिका निर्वाह गरेको पाइन्छ । यसबाट चरित्रचित्रणलाई पनि उनको अर्को औपन्यासिक प्रवृत्ति मान्न सकिने देखिन्छ । उनले मनोवैज्ञानिक यथार्थलाई सामाजिक यथार्थसित सान्दर्भिक बनाएर उपन्यास रचना गरेका छन् । आफ्नो त्यही शिल्पका कारण कोइराला मनोवैज्ञानिक यथार्थवादी उपन्यासकारका रूपमा चिनिएका छन् । अर्कोतर्फ उपन्यासलाई मनोविश्लेषणात्मक स्वरूपमा कलात्मक बनाएर प्रस्तुत गर्नु कोइरालाको प्रमुख औपन्यासकि प्रवृत्ति हो ।

कोइरालाको **मोदिआइन** उपन्यास जस्तै आख्यानात्मक रचना हो । यो एउटा कलात्मक औपन्यासिक संरचना भएको उपन्यास हो । उपन्यासमा जीवनको बृहत् खण्डको संयोजन गरिने मान्यताअनुरूप यसमा जीवन-जगत्लाई अभिव्यक्त गर्ने क्रममा विभिन्न व्यक्तिका जीवनलाई समाजसापेक्ष रूपमा र सांस्कृतिक सन्दर्भमा चित्रित गरिएको छ भने मिथकीय ढङ्ले पनि मानजीवनको औपन्यासिक प्रस्तुति गरिएको छ । साथै यस उपन्यासले चरित्र चित्रण, परिवेश तथा देश, काल, वातावरण, संवाद वा कथोपकथन, द्वन्द्व, विचार वा भाव, भाषाशैली जस्ता औपन्यासिक तत्त्वहरूलाई सफल किसिमले संयोजन गरेको छ । साथै तत्त्वगत विवेचनाबाट **मोदिआइन**लाई सफल औपन्यासिक कृति मान्न सकिने देखिन्छ ।

**मोदिआइन** उपन्यासमा प्रक्षेपित युगीन सन्दर्भ पाइन्छ । यस उपन्यास मानवतावादका पक्षमा सिर्जना गरिएको उत्कृष्ट मानवतावादी उपन्यास हो । गीतादर्शनले अरुलाई समाप्त पारी आफूसमेत समाप्त हुने विघटनकारी प्रवृत्तिलाई प्रोत्साहन दिएको भन्ने उपन्यासकारको अभिमत छ । उल्लिखित सबै कारणहरूले गर्दा या एकै वाक्यमा भन्नुपर्दा **मोदिआइन**को विषय पौराणिक र आधुनिक दुवै हो, अझ स्पष्ट शब्दमा भन्दा पौराणिकताको प्रकाशनमा आधुनिकताको प्रस्तुति हो । **मोदिआइन**मा कसैले पनि आफ्नो अधिकारको सीमा पार गर्नु हुँदैन भन्ने अभिमत प्रक्षेपित गरिएको छ । ईश्वरीय सत्ताले मानवीय सत्तालाई कुनै हस्तक्षेप गर्नुहुन्न भन्ने भावलाई यस उपन्यासले व्यक्त गरेको छ । कोइरालाले **मोदिआइन** उपन्यासलाई मानवताको पाठका रूपमा प्रस्तुत गरेका छन् । धार्मिक रूढता र अन्धविश्वासयुक्त मान्यताले जर्जर मानसिकतालाई दार्शनिक चुनौति दिँदै वैचारिक प्रतिवादका निम्ति मोदिआइनलाई विचारप्रधान स्वरूप प्रदान गरिएको छ । यसमा मानवता कसरी लुप्त हुन्छ र त्यसको परिणाम कति भयानक खालको हुन्छ भन्ने तथ्यलाई महाभारतको तत्कालीन युद्धलाई दृष्टान्त बनाई औपन्यासिक कलाद्वारा प्रकट गरिएको छ । कुनै पनि युद्ध मानवताविरोधी हुन्छ नै, त्यसमाथि झन् गाण्डीव बिसाइसकेका अर्जुनले श्रीकृष्ण भगवान्को सल्लाहमा पुनः युद्धकारी हतियार चलाउनुपर्दा प्रत्युत्पन्न प्रलयकारी अवस्थाले उब्जाएका युगान्तकारी समस्यालाई मोदिआइनमा अभिव्यक्त गरिएको छ । मानवीय शक्ति युद्धविमुख हुन खोज्दा पनि दैवीशक्तिले युद्धको बाध्यकारी परिस्थिति खडा गरेको तथ्यलाई उद्घाटन गरिएको यस कृतिमा तत्कालीन महाभारत युद्धको वैचारिक

मान्यतामाथि प्रतिवादात्मक शैलीमा प्रश्नचिह्न उठाउनु नै **मोदिआइन** उपन्यासको मुखय विशेषता हो । उपन्यासकारका अनुसार श्रीकृष्णले गीता-दर्शनलाई नरसंहारका अर्थमा रूपान्तरण गरेर असङ्ख्य मान्छेलाई मार्ने उद्योग रचेको घटना नै महाभारतको कथित धर्मयुद्ध हो । यसमा परमेश्वरले सीमा पार गरी मान्छेलाई मानवीय धरातलबाट टाढा तथा दैवीय धरातलमा पुऱ्याएको आरोप लगाइएको पाइन्छ । **मोदिआइन** उपन्यासमा नायिका **मोदिआइन** 'म' पात्रलाई महाभारतको कथा सुनाउने क्रममा आएका हडाहा पोखरी, मछुवारिन् र नारी आदि युद्धले सिर्जना गरेका विध्वंसका बिम्बात्मक सिर्जनाहरू हुन् । यस उपन्यासको सारवस्तु नै मनवतावाद हो । साथै यो विचारप्रधान उपन्यास भएकाले यसमा वैचारिक घटनाक्रमलाई नै औपन्यासिक स्वरूपमा ढालेर प्रस्तुत गरिएको छ । हिन्दुहरूले गीता-दर्शनलाई आदर्शका रूपमा मानि आएको स्थितिमाथि यस उपनयासमा निकै गहिरो प्रहार गरिएको देखिन्छ । इश्वरका निम्ति मार्नु-मर्नु केही नहोला किनभने उनीहरू स्वर्गको अट्टालिकामा मृत्युमुक्त भएर बस्दछन् । तिनलाई संवेदनाको अनुभूति पनि छैन । त्यसैले तिनीहरू दुःख-सुखको अनुभवमा संलग्न पनि हुँदैनन् तर मान्छे पारिवारिक, सामाजिक दुःख-सुख, संवेदना आदि परिवेशसित संलग्न रहेकाले मृत्युको चोटबाट आक्रान्त रहन्छ र आफन्तको मृत्युमा विक्षिप्त हुन्छ भन्ने जस्ता यथार्थ मानवीय चिन्तनलाई यसमा समावेश गरिएको छ । **मोदिआइन** यस उपन्यासकी नायिका हो, तर उसमा युगीन पीडाको पीतबिम्बबाहेक केही पनि छैन । ऊ जस्तै यस उपन्यासका अधिकांश पात्रहरू युगीन पीडाको चपेटामा परेर पिल्सिइरहेका देखिन्छन् । त्यसैले यसमा निष्काम कर्मका नाममा देवताले मानवलाई युद्धतिर होमेर नरसंहाररूपी प्रलय रचेकाले ततलीन महाभारतको युद्ध अत्यन्त अनावश्यक, निरर्थक, अमानवीय एवम् ऐतिहासिक कलङ्क हो भन्ने विचार नै **मोदिआइन**मा प्रक्षेपण गरिएको छ ।

**मोदिआइन** उपन्यास विचारको पनि प्रतिरोधमूलक विचार नै भएकाले यसमा प्रत्येक पात्रलाई एक न एक विचारको उद्घाटन गर्ने प्रस•सँग जोड्न उपन्यासकार कोइराला सफल भएको भन्न सकिन्छ । अकालमा अनगिन्ती मान्छेले मृत्युवरण गर्न विवश भएको, आफन्तहरू गुमाएर शोकमग्न भई बाँच्न विवश भएको र यो परिस्थिति सिर्जना गर्न मुख्यभूमिका निर्वाह गर्ने दैवीशक्तिको छुद्रता जस्ता सन्दर्भले नै यस उपन्यासलाई विचारप्रधान उपन्यासका रूपमा प्रस्तुत गरेको छ । यसमा वैचारिक द्वन्द्वको आभास पाइन्छ तर मानवताका विरोधी कृष्णको दैवीय षड्यन्त्रलाई विजय भएको देखाएर यसैबाट मानव नियतिको सन्दर्भ प्रकट हुन गएको समेत प्रस्ट पारिएको छ । मान्छेलाई मान्छे भएर बाँच्नमा भाँजो हाल्ने दैवी शक्तिरूपी तत्त्वको विरोधी दृष्टिकोणलाई प्रस्तुत गरिएकाले यस उपन्यासलाई वैचारिक चुनौतिको विशिष्ट रचना मान्न सकिन्छ । हिन्दू-परम्पराको शृङ्खलामा हुर्केको परम्परित मान्यता अत्यन्त निरूद्देश्यमूलक, अर्थहीन तर्कशक्तिहीन, फलविहीन, रूढ एवम् अन्धभक्तियुक्त भएको कुरालाई समेत उपन्यासकारले यसमा व्यङ्ग्यात्मक किसिमले उद्घाटित गरेका छन् । यस उपन्यासको कथावस्तुअनुसार अर्जुनले

युद्धका मैदानमा खडा भएकाहरूको अनुहारमा आफन्तको परिचय देखिपछि हतियारलाई बिसाउने निर्णय गर्नासाथ कृष्णले त्यो निर्णय उल्टाएकाले युद्ध भएरै छाडेको र त्यसबाट लाखौंको ज्यान गएको र कैयौं मानिस विधवा तथा टुहुरा हुनुपरेको सन्दर्भलाई कोइरालाले मार्मिक किसिमले प्रस्तुत गरेका छन् । कृष्ण अर्जुनका आदर्श उपदेशक बनेका कारण नै इतिहासमै ठूलो मानवसंहार हुनपुगेको विषयलाई दार्शनिक द्वन्द्वका रूपमा उपन्यासकारले अभिव्यक्त गरेका छन् ।

कोइरालाको **मोदिआइन** उपन्यास युगीन व्यङ्ग्यका रूपमा समेत प्रकट भएको छ । मान्छे ठूलो बन्ने होडमा आफ्नै अस्तित्व गुमिसकेको कुराको ख्याल गर्न पनि बिर्सन्छ भन्ने मान्यतालाई यसमा राम्ररी उद्घाटित गरिएको छ । शान्तिको अभिलाषामाथि कृष्णको गीतामय तर्कले धोका दिएका कारण लाखौंलाख मान्छे एउटै चिहानमा पुरिन बाध्य भएको कारुणिक अहम्ले गर्दा अर्जुन धर्मसङ्कटमा पर्दै त्यसबाट उम्कनै नसक्नै परिस्थिति सिर्जना भएको ऐतिहासिक पौराणिक सन्दर्भको विश्लेषण यस उपन्यासमा देखिन्छ । यसका साथै मानवपीडाको मुक्ति केवल मानवद्वारा बाहेक अन्य कतैबाट पनि छैन तथा हुन सक्तैन भन्ने रहस्यको विषयलाई **मोदिआइन**मा प्रस्तुत गरिएको छ । करुक्षेत्रको तत्कालीन युद्ध मान्छेको चाहना थिएन र त्यो समयको बाध्यता वा नियतिले जन्माएको परिस्थिति थियो । मानव र दैवी अस्तित्व दुवै सङ्कटमा परेपछि अनावश्यक दण्ड समेत खेप्न बाध्य भएका पात्रहरूलाई प्रतिनिधि बनाई यसमा मानवीय दुर्नियतिको कलात्मक उद्घाटन भएको देखिन्छ । मानवता समाप्त भएको दैवी शक्तिले नरसंहार रचाएका कारण मान्छेको महत्त्वाकाङ्क्षाले सीमा नाघिसकेपछि अकल्पनीय अवस्था सिर्जना भएको यथार्थ यसमा पाइन्छ । कोइराला प्राचीन विचारको खण्डनका निम्ति नवीन तर्कशक्तिलाई आधार बनाउने उपन्यासकार मानिन्छन् । उनले अध्यात्मवादी दर्शनको निरर्थक अहम्का विरुद्ध **मोदिआइन** उपन्यासमा यस्तो तर्कलाई प्रस्ट पार्दै अध्यात्मवादी दर्शनको सदुपयोगभन्दा पनि दुरूपयोगका कारण मान्छे निष्प्राण हुँदै गएको देखाएका छन् । कोइराला गीतादर्शनको मूल उद्देश्य नै सारा मान्छेलाई ईश्वरप्रति आँखा चिम्लेर पूजा गर्न लगाउने हो, तर मान्छेले यो काम ईश्वरीय शक्तिबारे विश्लेषण गरेर मात्र गर्नुपर्ने मान्यता राख्दछन् । त्यसैले **मोदिआइन**मा उनले गीता दर्शनको आडम्बरलाई आलोच्य ढ·ले ना·ो स्वरूपमा प्रकट गर्ने कममा महाभारतको युद्धलाई मुख्य कथ्य वा वर्ण्य सन्दर्भ बनाएका हुन् । गीताले मानव-अस्तित्वलाई अस्तित्वहीन बनाउने तर्फ प्रेरित गरेकाले त्यस विचारलाई मानव-तर्कले पराजित गर्नुपर्छ भन्ने अवधारणा यस उपन्यासमा व्यक्त गरिएको छ । यसरी गीता-दर्शनप्रतिको आस्थालाई नै यस उपन्यासले गम्भीर चुनौती दिन पुगेको पाइन्छ । यसमा वर्णित कथाले युगौं पीडाबाट छट्पटिएका विधवाहरूले कुरुक्षेत्रको लडाइँलाई निम्ति कृष्णले गीताको मन्त्रलाई आफ्नो तर्क बनाएर अर्जुनलाई विश्वासमा लिएको सन्दर्भसमेत यसमा छर्ल· पारिएको छ । मानव कर्तव्यशील प्राणी हो । आफ्नो कर्तव्यबोध मानव संसर्गबाटै प्राप्त गर्नु राम्रो हुन्छ, तर गीताले मान्छेलाई एकोहोरो विचारद्वारा लट्ठ पारेको छ भन्ने सोचाइलाई नै यस उपन्यासमा महाभारतयुद्धलाई

गीतामन्त्रद्वारा मानव कर्तव्यलाई अहंकारी स्वरूपमा परिवर्तित गरिएपछिको वैचारिक दुर्घटना ठानिएको छ । उपन्यासकारले वैचारिक खण्डनका लागि महाभारतीय युद्धको परिवेशलाई पृष्ठभूमि बनाउँदै त्यस युद्धलाई हेर्ने दृष्टिकोण मानवतावादी हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । उनले यस उपन्यासमा मानवतावादी दृष्टिकोणद्वारा तत्कालीन कुरुक्षेत्रको युद्धलाई अध्ययन गरेकाले यो कृति सबै मानिसलाई मानवतावादप्रति अभिप्रेरित बनाउन रचिएको प्रस्ट देखिन्छ । **मोदिआइन**मा यति गहन विचारको प्रस्तुति भएर पनि यसका नारी पात्रहरूलाई सङ्घर्षहीन तथा एकोहोरो ढ·ले आफ्नो चाहनाका लागि प्रलापमात्र गरिरहने कमजोर चरित्रका रूपमा देखाउनुचाहिँ कोइरालाको औपन्यासिक कमजोरीसमेत देखिन्छ ।

**मोदिआइन** उपन्यास मानवतावादको पक्षपोषण गर्ने क्रममा देवीशक्तिविरुद्ध चुनौती खडा गर्ने वैचारिक रचना हो । यसमा गीताको मूल अभिष्ट र मानवको मूल अभीष्टबीच नै गम्भीर वैचारिक भिन्नता रहेकाले मानवलाई देवी-शक्तिप्रति वैचारिक रूपमा सचेत रहन कलात्मक निर्देशन समेत गरिएको देखिन्छ । कोइरालाले मानव-जीवनप्रतिको आफ्नो समर्थन र दैवीशक्तिको अनावश्यक हस्तक्षेपलाई **मोदिआइन**मा अभिव्यक्त गर्दै मानव-मानव नै हुनुपर्छ र असल मानव झन् उत्तम हुन्छ भन्ने तर्क कौरव-पाण्डवबीचको युद्धमा भगवान् कृष्णले निर्वाह गरेको भूमिकालाई सन्दर्भ बनाएर प्रस्तुत गरेका छन् । मान्छे आस्थावान् प्राणी हो र आस्थाका अनेक स्वरूपहरू मान्छेले प्राचीनकालदेखि सँगालेर आएको हुन्छ, तर उपन्यासकार यहाँनिर नवीन तर्क पेस गर्दै मान्छेले सर्वप्रथम आफ्नो आस्थाको केन्द्रविन्दु मान्छेलाई नै बनाउनु पर्छ, ईश्वरलाई होइन भन्ने विचार व्यक्त गर्दछन् । कुनै पनि युद्ध अमानवीय हुन्छ नै, त्यसमाथि कर्मयोगका नाममा लाखौं मानव स्वाहा पार्नु र तिनका आफन्तहरू विधवा तथा टुहुरा भएर बाँच्न विवश हुनु घोर अमानवीय कार्य हो भन्ने विचारलाई यहाँ समेटिएको छ । उपन्यासकारका अनुसार मानवले मानवलाई आस्थाको केन्द्रविन्दु बनाएको खण्डमा ईश्वरीय भ्रमको पर्दा स्वतः हटेर मानव-अस्तित्वको संरक्षण हुन्छ । गीताको एकोहोरो तर्कले मान्छेलाई पनि एकोहोरो र वैचारिक रूपमा कमजोर बनायो । त्यसैले यसमा आलोचनात्मक विवेचनाको खाँचो छ र यही विवेचनाबाट नै मान्छे सबलतातिर लम्कन्छ भन्ने धारणालाई उपन्यासकार कोइरालाले यस उपन्यासमा अभिव्यक्त गरेका छन् । उनले हिन्दू-धर्मको लामो परम्परित मान्यतालाई पुनर्विचार गर्नुपर्ने वैचारिक आलोचनाद्वारा यस उपन्यासलाई उनले विचारप्रधान बनाएका छन् । यथार्थमा यो उपन्यास कोइरालाको अध्यात्मवादप्रतिको तीखो आलोचना हो । यस आलोचनामा मानवलाई स्वतन्त्र बनाउन दैवीस्वरूपका कृष्णले अभिव्यक्त गरेको तर्कको नयाँ विश्लेषण व्याख्या र खण्डन जरुरी छ भन्ने धारणा यसमा प्रकट भएको छ । यस उपन्यासमा कृष्णले अर्जुनप्रति गरेको व्यवहारबाट मानवइच्छा खण्डित भएको देखाई कृष्णको गीतामन्त्र मानवताविरुद्ध लक्षित छ भन्ने अवधारणालाई प्रस्तुत गरिएको छ । अर्जुनलाई उक्साएर गराइएको महाभारतको तत्कालीन कुरुक्षेत्रको नरसंहारबाट न कुनै धर्म स्थापित भयो न कसैले विजय नै प्राप्त

गऱ्यो, त्यसका सट्टा बरु कृष्णप्रतिको आस्थामा नै गम्भीर शङ्का उत्पन्न हुन पुग्यो भन्ने वैचारिक चुरोलाई पनि **मोदिआइन**मा प्रस्ट पारिएको छ ।

## ६.४ सम्भावित शोधशीर्षकहरू

(क) **मोदिआइन** उपन्यास र कोइरालाका अन्य उपन्यासका बीच तुलनात्मक अध्ययन

(ख) मानवतावादी दृष्टिकोणका सन्दर्भमा **मोदिआइन** उपन्यासको विश्लेषण

(ग) युगीन सापेक्षताको आधारमा **मोदिआइन** उपन्यास

(घ) गीता-दर्शनका सापेक्षतामा **मोदिआइन** उपन्यासको अध्ययन तथा मूल्याङ्कन

# सन्दर्भसूची


अधिकारी, इन्दिरा, २०५६, “नरेन्द्रदाइ उपन्यासमा औपन्यासिक पात्रविधान” त्रि.वि., पद्‌मकन्या

बहुमुखी क्याम्पस, काठमाडौँ नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र, अप्र.।

आचार्य, कुमार, २०३७, “विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व, परिचय र उनका कथा एवम् कथाकारिताको विश्लेषण र मूल्याङ्कन” त्रि.वि. नेपाली विभाग, कीर्तिपुरमा प्रस्तुत

स्नातकोत्तर शोधपत्र (अप्र.) ।

आचार्य, जयराज, २०५३, ‘श्री विश्वेश्वरप्रसाद कोइरालासँग लिइएको मौखिक अन्तवार्ता’ **अरुणोदय**, वर्ष १६, अङ्क १५, पृ.८५ ।

आचार्य दीक्षित, केशवमणि, २०५६, **वी.पी.का तीन उपन्यास, एक विहङ्गम दृष्टि**, काठमाडौ“ : शान्ति निकेतन पुस्तकालय ।

उपाध्याय, केशवप्रसाद, २०५९, **साहित्य प्रकाश**, छैठौँ संस्क., काठमाडौ“ : साझा प्रकाशन ।

एटम नेत्र, र कृष्णहरि बराल, २०५६, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौ“ : साझा प्रकाशन ।

कोइराला, कुलप्रसाद, २०५३, ‘नियतिको अन्तर्द्वन्द्वमा बाबु, आमा र छोरा’ **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा**, सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौँ : वी.पी. अनुसन्धान तथा सेवा केन्द्र, पृष्ठ ३०१-३०६ ।

कोइराला, जीवनचन्द्र, २०५३, ‘सम्पादकीय’ **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** काठमाडौँ : वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

कोइराला, विश्वेश्वरप्रसाद, २०५०, **आफ्नो कथा**, काठमाडौँ : साझा प्रकाशन ।

..., ..., २०३०, **मेरो जीवन कथा,** काठमाडौँ : साझा प्रकाशन ।

..., ..., २०५०, **मोदिआइन**, तेस्रो संस्क., ललिपुर : साझा प्रकाशन ।

..., ..., २०५१, **सुम्निमा**, चौथो संस्क., ललितपुर साझा प्रकाशन ।

..., ..., २०५५, **तीन घुम्ती**, छैठौ संस्क., ललितपुर : साझा प्रकाशन ।

..., ..., २०५६, **नरेन्द्रदाइ**, पाँचौ संस्क., ललितपुर : साझा प्रकाशन ।

..., ..., २०५७, **हिटलर र यहुदी,** पाँचौ संस्क., ललितपुर : साझा प्रकाशन ।

..., ..., २०५७, **बाबु, आमा र छोरा**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवराज, २०५६, "विश्वेश्वरप्रसाद कोइरालाका कथामा समाजबोध" त्रि.वि., त्रिचन्द्र क्याम्पस, नेपाली विभाग, काठमाडौंमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

घिमिरे, प्रेमराज, २०६२, "हिटलर र यहूदी उपन्यासको कृतिपरक अध्ययन" त्रि.वि., केन्द्रीय नेपाली विभाग, काठमाडौँमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

ढकाल, भूपति, २०५६, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष**, पोखरा : जयनेपाल प्रकाशन ।

दाहाल, कृष्णप्रसाद, २०५७, "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा द्वन्द्वविधान", त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुरमा प्रस्तुत नेपाली विषयको विद्यावारिधि शोधप्रबन्ध (अप्र.) ।

धरावासी, कृष्ण, २०४८, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू,** झापा : जीविका इन्टरप्राइजेज ।

पाण्डे, ज्ञानु, **२०६२, विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, काठमाडौ" :

प्रधान, कृणचन्द्रसिंह, २०४०, **नेपाली उपन्यास र उपन्यासकार,** काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, २०५२, **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो संस्क., काठमाडौ" : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर, २०५०, **नेपाली उपन्यसाका आधारहरू,** दोस्रो संस्क., काठमाडौ" : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद, २०५७, **आधुनिक नेपाली समालोचना**, काठमाडौ" : ने.रा.प्र.प्र. ।

वर्मा, धीरेन्द (सम्पा.), २०२०, **हिन्दी साहित्य कोश, भाग १,** वाराणसी : ज्ञानमण्डल प्रकाशन ।

शर्मा, तारानाथ, २०२९, **नेपाली साहित्यको ऐतिहासिक परिचय**, काठमाडौं : सहयोगी प्रकाशन ।

शर्मा, तारानाथ, २०३९, **नेपाली साहित्यको इतिहास,** दोस्रो संस्क., काठमाडौ" : संकल्प प्रकाशन ।

शर्मा, शारदा, २०५३, **विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र**, काठमाडौँ : रुमु प्रकाशन ।

शर्मा, हरिप्रसाद (पराजुली), २०५४, **विश्वेश्वर प्रसाद कोइरालाका कथा,** काठमाडौँ : साझा प्रकाशन ।

..., ..., २०५५, ‘वर्तमान राजनीति र वी.पी.को राष्ट्रिय मेलमिलाप’, **गोरखापत्र**, पुस १७, पृ.८ ।

..., ..., २०५१, ‘साहित्यकार विश्वेश्वरप्रसाद कोइराला : अराजक कि राजक ?’, **मधुपर्क,** वर्ष २७, अङ्क ११, पूर्णाङ्क ३१०, चैत, पृ. २३-२७ ।

..., ..., २०५५, ‘वर्तमान राजनीति र वी.पी.को राष्ट्रिय मेलमिलाप’ **गोरखापत्र,** पुस १७, पृ.८ ।

..., ..., २०५१, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानव नियति र अस्तित्वको द्वन्द्व, गरिमा,** वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, पृ. १४२ ।

शान्तिप्रिय, २०५१, ‘स्व. कोइरालाको कृतिहरूमाथि छोटो विवेचना’ **मिर्मिरे,** वर्ष २३, अङ्क ६, पूर्णाङ्क १११, मङ्सिर, पृ. ६७-७२ ।

श्रेष्ठ, दयाराम, २०५९, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, काठमाडौं“ : त्रिकोण प्रकाशन ।

सिलवाल, हरिप्रसाद, २०५८, “रमेश विकलका कथामा वैचारिक पक्ष” त्रि.वि. नेपाली विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

सुवेदी, अभि २०५३, **नेपाली लिटरेचर : ब्याक ग्राउण्ड एण्ड हिस्ट्री**, काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, दधिराम, २०५०, ‘विश्वेश्वरप्रसाद कोइरालाको एक अन्तर्वार्ता, टिपोट र विश्लेषण’, **गरिमा**, भाद्र, पृ.३५ ।

सुवेदी, राजेन्द्र, २०५३, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।